कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

● वर्ष २४ ● FRIDAY, 10 AUGUST 2018 ● काठमाडौं शुक्रबार, साउन २५, २०७५ ● पृष्ठ ३२ ● मूल्य रु. १५/-



तस्विरहरु : नवराज बार्ले

# साउदी जेलमा ९ सय दिन

पृष्ठ ५ मा

मध्यपृष्ठमा

## सुष्मा गुरुङ





## YouTube ट्रेन्डिङ

| | | | |
|---|---|---|---|
| १ | कथा-मिटेन | च्यानल | मिटेन अफिसियल |
| २ | बुगीबुगी फाइनल | च्यानल | सीसीआरट्युब |
| ३ | जालैमा फुलुँ | च्यानल | युवामन नेपाल |
| ४ | इन्काउन्टरमा मारिएका | च्यानल | दीप क्रिएसन |
| ५ | भागमथी | च्यानल | एड-वाइज |
| ६ | लो नम्बरमा | च्यानल | हाइलाइट्स नेपाल |
| ७ | अशोक दर्जी र टंक | च्यानल | हिमालय टिभी |
| ८ | हिमालय रोडिज-२ | च्यानल | हिमालय रोडिज |
| ९ | कविता नेपाली रुँदै आफूले | च्यानल | इनसाइटर मिडिया |
| १० | डबल डिलिङ-२ | च्यानल | पपुलर डिजिनेट |

## साइबर फिडब्याक

ट्विटरको मेरो 'क्रस' लाई साथीहरू ठाउँ-ठाउँमा अकस्मात् भेटें भन्छन् । खै म चैं किन भेटि्दनँ के ! झन् क्या राम्रो रै'छ, ह्यान्डसम रै'छन् भन्दा त राँको बल्ने के यो मनमा ।

**मोनालिसा**

म संघर्षको पुस्तक लेख्न जन्मिएको हुँ, सुसाइड नोट लेख्न होइन ।

**प्रेम पोखरेल**

कन्डम होइन सरकार, सेक्स टोय फ्रीमा बाँड । यहाँ मान्छे एड्स लागेर होइन बलात्कार भएर धेरै मरे । नारीलाई अधिकार होइन, सुरक्षा देऊ ।

**अस्मु सापकोटा**

प्रेम गर्न तिमीलाई पनि आउँछ, मलाई पनि आउँछ, तर फरक यत्ति हो, तिमी सयौंलाई गर्छौं । म मात्र तिमीलाई ।

**चस्मिस**

जीवनमा केही बन्नु छ, थाहा छ, तर के बन्नु छ थाहा छैन । त्यसैले जीवनलाई प्रगतितर्फ लान मुस्किल परिरहेको छ ।

**बुडारे गके**

यति धेरै ज्ञान त शास्त्रमा पनि लेखिएको हुँदैन होला, जति केटाहरू ट्वाइलेटको भित्ता तथा फेसबुक र ट्विटरको वालमा लेख्छन् ।

**पण्डितनी बजै सविता बन्जाडे जी**

धीत मरुन्जेल आँसु खसाल्न पनि नपाइने– थुइक्क जिन्दगी ।

**इन्दु**

वर्षभरि पढ्नुपर्ने पुस्तक किनेर पढ्न नसक्ने तर प्रत्येक दिन मोबाइलमा रिचार्ज गर्न सक्ने विद्यार्थीहरूबाट शिक्षित समाजको आशा गर्नु बेकार छ ।

**रामेश्वर नेपाल**

दुब्लो मान्छेलाई नहेप्नुस्, किनभने बिजुलीको तार पनि दुब्लो अर्थात् मसिनो हुन्छ तर झड्का मज्जासँग लाग्छ ।

**निशान गौतम**

बिहान-बिहानै खरानी भेटियो मेरो सिरानीमुनि । सायद फेरि कुनै सपना टुटेर जलेछ ।

**मनोज मनु**

उताबाट म्यासेज आयो : ओई रातभरि फेसबुक मात्र चलाउँछौ, कति बेला निदाउँछौ ?

रिप्लाई गरें : तिमी निदाएपछि

फेरि प्रश्न आयो : आखिर किन ?

जवाफ दिएँ : किनभने तिमी निदाएपछि, म ब्युँझनुको कुनै कारण बाँकी रहँदैन ।

**प्रमिला प्रमिला**

एकदम सस्तो र गुणस्तरीय लभ गर्न कुन सिम प्रयोग गर्नु उपयुक्त हुन्छ ? कसैले बताइदिनुपर्‍यो सरकार !

**आई एम नट् भेरी ब्याड**

सम्बन्ध त दुई आँखाजस्तो होस् ताकि आँसु झर्दा दुवैबाट एकसाथ झरोस् ।

**स्मिता थापा**

हेर केटा हो ! ब्रत बस्ने बूढीभन्दा कच्कच् नगरी बस्ने बूढी खोज, उमेर अलिकति भए पनि बढ्नेछ ।

**डियर मगर्नी**

जन्म र मृत्यु त इश्वरको हातमा छ । मानिसको हातमा त केवल मोबाइल छ । नपत्याए हेर्नुस् त आफ्नै हातमा ।

**सबु (तिते करेली)**

बिनाकारण मुस्कुराउँछु यति धेरै कि, एक दिन थाक्नेछ यो जिन्दगी पनि मलाई दुःख दिँदादिँदै ।

**लम्जुङकी चेली**

ब्वाइफ्रेन्ड त कमजोरहरूलाई मात्र चाहिने हो ।
हिम्मतवालीहरूले त भ्याप्प लार पन्चेबाजा बजाउँदै बिहे गर्छन् ।

**सवी**

आगराको ताजमहलभन्दा ठूलो महल बनाउन मन छ उनको झोकमा, तर के गर्ने पैसा छैन ।

**पृथक दाहाल**

सुगन्धित गुलाब बन्नुभन्दा मेहेन्दी बन्नु ठीक । किनभने गुलाब त फुल्छ अनि झर्छ तर मेहेन्दीले आफू पिसिएर अरूको जीवनमा रङ्ग भर्छ ।

**अंशु आचार्य**

एउटा सपना टुटेर चकनाचुर भए पनि अर्को सपना देख्ने हौसला राख्नुलाई नै जिन्दगी भनिन्छ ।

**लक्षु**

तिम्रो मायामा म बर्बाद भएँ रे । कत्ति न मचाहिं उसको मायामा इन्जिनियर भा'जस्तो ।

**जमुना पोखरेल**

जिन्दगी आफैले कोरेर बनाउने तस्बिर रहेछ । मेहनत गरे चित्र, अल्छी गरे विचित्र ।

**ठकुरी मिरा**

जिन्दगानीमा पहिलो पटक कत्रो हिम्मत गरेर एउटालाई आँखा झिम्क्या'को, कालो चस्मा त खोल्नै बिर्सेछु गाँठे । त्यो पनि सपनामा ।

**अप्सरा भट्टराई**


मिसन कोरिया स्पेसल Class पनि
होस्टल सहित नयाँ Class मा भर्ना खुल्यो ।
EPS र Student Visa दुवै मा जानसकिने
Note:- यदि EPS Fail भएमा Free मा Student Visa को Processing गरिनेछ ।
Ox- Bridge Nepal
Educational Consultancy Pvt.Ltd
Chabahil,Kathmandu, Nepal
9851109932,9826703832



## फोटो अफ दि विक



■ **बर्थडे गर्ल** : मोडल तथा अभिनेत्री सृष्टि खड्का दरबारमार्गस्थित किङ्स लाउञ्जमा बर्थडे मनाउने क्रममा ।




■ **शंखमूलमा ब्युटी केयर** : ब्युटिसियन सुष्मिता आचार्यले शंखमूलमा सञ्चालन गरेको स्टाइलिस इन्स्टिच्युट एन्ड कस्मेटिक ब्युटी केयर उद्घाटन गर्दै अभिनेत्री अनु शाह तथा ब्युटिसियन कमला श्रेष्ठ ।



■ **नम्रताको नयाँ अवतार** : अभिनेत्री नम्रता श्रेष्ठ नयाँ चलचित्रको भूमिकाका लागि हेयरस्टाइल परिवर्तन गर्दै ।




■ **जम्काभेट** : हास्य अभिनेतात्रय किरण केसी, विल्सन विक्रम राई तथा हरिवंश आचार्यको जम्काभेट ।



पेसागत रूपमा कहिल्यै कसैप्रति दूराभाव राखेर काम गरिएन । व्यक्तिगत फाइदाका लागि अरूको भाग पनि खोजिएन । व्यावसायिक प्रतिष्ठा नै धुमिल हुने गरी कहिल्यै अनधिकृत लेनेदनको बार्गेनिङ पनि गरेको छैन । पत्रकारिताको मूल मर्म, इमान्दारिता र नैतिकताकै वैशाखी टेकेर यहाँसम्म आएको हो । पेसामा रहुञ्जेल र ब्रम्हले अराउञ्जेल यही गर्ने हो ।

**कुमार लुइँटेल रोहित**



■ **आधुनिक शिव-पार्वती** : साउन महिनामा आयोजित पुराणमा शिव-पार्वती पूजा गर्ने क्रममा खिचिएको तस्बिर ।

मंगल होस्

# अन द स्पोट दण्ड : ठीक कि बेठीक !



मनोज गजुरेल

बेला-बेला इन्काउन्टर भन्ने शब्द चर्चामा आउँछ । यो शब्दसँग जोडिएर प्रहरी पनि आउँछ । आखिर के हो त इन्काउन्टर ? आउनुहोस्, आज यही विषयमा कुराकानी गरौं ।

इन्काउन्टर भनेको मुठभेड हो । मुठभेडमा जे पनि हुन सक्छ । जो पनि जान सक्छ । बल्ल-बल्ल पाएको जिन्दगीलाई जे पनि गर्नु हुँदैन । कोही पनि मुठभेडमा पर्नु हुँदैन । अहिलेलाई यति भनौं, कानुनी राज्यमा कानुनी कारबाही हुनुपर्छ, तर कारबाही गर्नुपर्ने कानुन नै निरीह बन्छ भने कानुनलाई राम-राम भन्न सकिन्छ, काँध हाल्न सकिँदैन ।

पछिल्लो इन्काउन्टर काण्डपछि समाज दुई खेमामा बाँडिएको छ । एउटा तप्का जस्तालाई तस्तै गर्नुपर्छ भन्दैछ । अर्को तप्का त्यस्तालाई उस्तै गर्नु हुँदैन, कानुनअनुसार चल्नुपर्छ भन्दैछ । कानुनी राज्यमा कानुन नै सर्वोपरि हुनुपर्ने कुरा जति जायज छ, लातोंका भूत बातों ले नमानेपछि हातों चलाउनुपर्ने तर्क पनि नाजायज छैन ।

जहाँसम्म यो स्तम्भकारको व्यक्तिगत धारणा छ, नियमभन्दा माथि बन्दुक र बन्दुकभन्दा माथि कुनै पनि व्यक्ति हुन सक्दैन । अहिले इन्काउन्टरलाई ठीक मान्ने मानिसहरू पनि यसलाई अस्वीकार गर्दैनन् । बलात्कारीलाई मृत्युदण्ड दिनुपर्ने माग गर्नेहरू पनि हत्याको बदला हत्या नै हो भन्ने मान्दैनन् ।

तर किन उनीहरू यस्तो माग गरिरहेका छन् त ? किनभने कानुनले समातेको अपराधी कुनै पनि बेला छुट्न सक्छ । नेताको फोनका आधारमा बलत्कारी चोखिने खतरा छ । कार्यकर्ताको दबाबका आधारमा हत्यारा साधु भएर निस्कने डर छ । कानुन बलियो भए पनि कानुनभन्दा माथि राजनीति भएकाले जस्तोसुकै अपराधी पनि जोगिने अवस्था छ । त्यसैले जनता इन्काउन्टरलाई जायज मानिरहेका छन् ।

> खुनको बदला खुन नाजायज हो । हत्याको बदला हत्या गलत हो । बलात्कारको विरुद्ध मृत्युदण्ड हाम्रो संस्कार होइन, तर यो कुरा स्वीकार गर्न जनतालाई ठाउँ दिनुपर्‍यो नि त । अपराधीलाई पार्टीले चोख्याउँदैन भन्ने विश्वास हुनुपर्‍यो नि ! हत्याराले उन्मुक्ति पाउँदैन भन्ने कुरा व्यवहारमा देखिनुपर्‍यो । बलात्कारीलाई पद र पैसाले छुटाउन सकिँदैन भन्ने कुरा जनताले देख्नुपर्‍यो ।

खुनको बदला खुन नाजायज हो । हत्याको बदला हत्या गलत हो । बलात्कारको विरुद्ध मृत्युदण्ड हाम्रो संस्कार होइन, तर यो कुरा स्वीकार गर्न जनतालाई ठाउँ दिनुपर्‍यो नि त । अपराधीलाई पार्टीले चोख्याउँदैन भन्ने विश्वास हुनुपर्‍यो नि ! हत्याराले उन्मुक्ति पाउँदैन भन्ने कुरा व्यवहारमा देखिनुपर्‍यो । बलात्कारीलाई पद र पैसाले छुटाउन सकिँदैन भन्ने कुरा जनताले देख्नुपर्‍यो । त्यसो भयो भने मात्र जनताले कानुनी राज्यको सिद्धान्त पालना गर्छ ।

हामीले देखेका छौं, ठूल्ठूला अपहरणकारीहरू पार्टीको झण्डामुनि सुरक्षित छन् । खतरनाक ज्यानमाराहरू समाजसेवीको खोलमा हिंडेका छन् । बलात्कारीहरू पैसाका बलमा खुलेआम हिंडिरहेका छन् । पैसा र पहुँच भए पनि जत्रासुकै अपराधी पनि चोखिने जनताले प्रत्यक्ष देख्दै आएका छन् । यस्तो देखेपछि जनताले भनिहाल्छन् नि, इन्काउन्टर ठीक भनेर ।

हो, कसैले कानुन हातमा लिनु हुँदैन । जत्रोसुकै ठूलो अपराधीलाई पनि कानुनले मात्र दण्ड दिनुपर्छ, यो सिद्धान्त हो तर व्यवहारमा अपराधी जति ठूलो छ, उसको सम्मान र सुरक्षा त्यति नै बलियो देखिन्छ । बिचरा कानुन निरीह र कमजोर हुन्छ । कागजमा बलियो भएको कानुन व्यवहारमा अपराधीमैत्री भएपछि नै इन्काउन्टरलाई जनताले सही मान्ने हुन् ।

त्यसैले कानुनी राज्यको चाहना राख्नेले सबैभन्दा पहिले अपराधीले दण्ड पाएको देख्नुपर्छ । राजनैतिक रंगमा छाडा छोडिएका अपहरणकारीहरू जेलमा भएको देख्नुपर्छ । जुनसुकै अपराधी कानुनको आँखाबाट उम्कन सक्दैन भन्ने व्यवहारिक उदाहरण आउनुपर्छ ।

यसो भयो भने मात्र जनता हत्याको बदलामा हुने हत्यामा खुसी हुँदैनन् । इन्काउन्टरमा अपहरणकारी मारिँदा दंग पर्दैनन् । बलात्कारीलाई जनताले हराम धुलाइ गर्दा ताली पड्काउँदैनन् । नाम कानुनको राज्य अनि कामचाहिँ अपराधीलाई जोगाउने र छुटाउने भयो भने जनता पनि 'अन द स्पोट दण्ड'लाई नै जायज मान्न बाध्य हुन्छन् ।

## बेलायतमा हाइक फर नेपाल











नेपाल भ्रमण वर्ष- २०२० को प्रवर्द्धन गर्ने उद्देश्यले शनिबार बेलायतको वेल्सस्थित ब्ल्याक माउन्टेनमा हाइकिङ (लामो दूरीको पैदलयात्रा) सम्पन्न भएको छ । 'हाइक फर नेपाल' शीर्षकको उक्त कार्यक्रमले संयुक्त अधिराज्यको उक्त सहरलाई करिब चारघण्टा नेपालमय बनाएको थियो । करिब १२ किलोमिटर लामो पैदलयात्राको मुख्य नारा 'नेपालका लागि सँगसँगै पाइला चालौं' भन्ने थियो । वि विल राइज फाउन्डेसनले यस्तै पैदलयात्रा हङकङमा पनि आयोजना गर्दै आएको छ । करिब १ सय ५० नेपाली एवं विदेशी सहभागी पैदलयात्रामा स्थानीय बेलायतीहरूले नेपालका सम्बन्धमा उत्सुकतापूर्वक जिज्ञासा राखेका थिए ।




यात्रा सन्दर्भ

# आशान्तको अशान्त मन



किशोर नेपाल

आशान्त- जसरी हामी बोल्छौं त्यस्तो अशान्त होइन । शब्दको अर्थ न त एकता बुक्सको नेपाली-अंग्रेजी शब्दकोशले दिन सकेको छ, न त नेपाल एकेडेमीको बृहत् नेपाली शब्दकोशले । कलाकारहरू यस्तै हुन्छन् । यतिखेर, कुनै सिनेमा हलमा कलाकार सुनिल पोखरेल र कलाकार अनुप बरालले शब्द ज्योतिषको फेला परेर उनीहरूसँग आफ्नो नाममा उपस्थित भएका अक्षरहरूमा एक-दुई मिल्ने अक्षरलाई ब्याजजस्तै एडिसनल शुभ-अक्षरका रूपमा थप्ने सल्लाह ती ज्योतिषले दिए भने ती कलाकारले के गर्लान् ? सुनिलले 'एन' पछि 'इ, इ र इ' थप्लान् । अनूपले 'एएन' पछि चारवटा 'ओ' र अनि मात्र पी जोडलान् । जे होस्, यो साता यहाँ प्रस्तुत भएका आशान्तले आफ्नो नाममा अतिरिक्त अक्षरको ब्याज थप्ने प्रयास गर्ने छैनन् ।

आशान्त सुनिल पोखरेल र अनुप बरालका गुड ब्वाय हुन । आशान्त यी दुई भाइलाई समकालीन नेपाली नाटकको आधारस्तम्भ मान्छन् । उनी आफैं यी दुवै गुरुका गुड ब्वाय हुन् । एकपटक असल बन्ने बानी लागेपछि मानिस ब्याड हुनै सक्दैन । 'आशाको अन्त्यसम्म' उनले बोल्दाबोल्दै मैले रोकें- आशाको अन्त्य भएपछि त सक्किइहाल्यो नि । आशाको अन्त्यसम्म नपर्खी आशान्तले जवाफ दिए, 'रंगमञ्चप्रति त्याग, समर्पण र शिल्पी भएका कलाकार पाउनै गाह्रो छ । नाटकको सानो स्टेज र सिनेमाको ठूलो पर्दामा ठूलो अन्तर छ । मानवीय संवेदनाका हिसाबले हेर्ने हो भने स्टेजका कलाकारहरूको प्रत्यक्ष सम्पर्क रहन्छ दर्शकसँग । मानवीय संवेदना भएका दर्शकले नाटकका कलाकारलाई मायाले जिस्क्याउन, परिचालित गर्न र कुममा कुम जोडेर तस्बिर खिचाउन सक्छन् । सिनेमाका कलाकार र नाटकका कलाकार, यी दुवैथरीको 'इगो' को संसार ठूलो हुन्छ अनि जटिल पनि । नेपाली नाटक वा सिनेमामा यो इगोको खेल बडो रमाइलोसँग देख्न पाइन्छ । जे कुरा अस्तित्वमा आइसकेको हुन्छ त्यसलाई रिपिट गर्नुको औचित्य हुँदैन । यद्यपि त्यही एउटा कुरा सबैले चाहेका हुन्छन् । आशान्त आफैंले निर्माण गरेका 'तीन एकान्त' मा अनुप थिए । वर्तोल्त ब्रेख्तको नाटक थियो त्यो । पूरा अनुवाद होइन, एडप्सन । पूरा त गाह्रो छ अनि यी आशान्त भाइले सआदत हसन मन्टोका कथाहरू पढेका छन् । विजय तेन्दुलकर र गिरीश कर्नाड नाटकमा अभिनय गर्ने अथवा नाटकमा रुचिराख्ने सबैले पढ्नैपर्छ । मन्टोका कथा पढ्नेहरू भयमुक्त र स्वावलम्बी हुन्छन् । मानिस त एउटा जीवित ढिस्को हो माटोको । जब त्यसमा नयाँ विचार र दृष्टिकोण भरिन थाल्छ, त्यसपछि मात्र मानिस समग्र हुन्छ । कला, साहित्य र सिर्जनाले विद्रोहको हाँक दिन्छ । शून्य चेतनाको मानिसलाई म सचेत हुँ भन्न सिकाउनु र बोल्न लगाउनु हामी कलाकार आफैंले सुरु गरेको काम हो । हामीले हामीभन्दा अघिका कलाकारहरूलाई पछ्यायौं । त्यो बाध्यता पनि थियो । कति थिए र नाटककार त्यतिबेला । हामीले विवरण लेख्न सिक्यौं, 'गाइ एउटा चारखुट्टे जनावर हो । यसका चार खुट्टा हुन्छन् । हामीले गाइ भन्ने शब्दैपिच्छे चारखुट्टे लेखिरहनु पर्दैन भन्ने धेरै ढिलो थाह पायौं ।'



तस्बिर : नवराज बाग्ले

आशान्तलाई राज्यले व्यावसायिक 'सोच' प्रशस्त दिए पनि 'स्रोत' दिने कुरा सोचेको छ जस्तो लाग्दैन । प्रज्ञा-प्रतिष्ठान, कला प्रतिष्ठान, संगीत-नाटक प्रतिष्ठान, अरू पनि होलान् तर यी सरकारका संस्थाहरू एक त लोकतान्त्रिक छैनन् । दोस्रो स्वेच्छाचारी छन् । त्यसमाथि पनि कला, संगीत, नाटक र प्राज्ञको समाजमा पनि अचाक्ली दलाली छ । कलाकार, निर्देशक सबले यस्ता दलालहरूबाट आफैं जोगिनुपर्छ । अहिलेको पद्धतिमा राज्यले स्रोतको खर्च राम्रोसँग गरिँदैन । जहाँ अपुग छ, जहाँ विकास छैन : सरकारका आँखा त्यहाँ पो पुग्नुपर्छ । अब दलालहरू प्रज्ञा-प्रतिष्ठानहरूमा हाबी छन् भने गर्ने के ?

## प्रतिक्रिया




कलाकार सुदर्शनले जे गरे त्यो एकदमै गलत हो (कहिल्यै नपुगिने अमेरिका : फिल्मी शैलीको दुर्दान्त घटना) । यो घटना अन्य कलाकाहरूका लागि ठूलो पाठ हो । आखिर आफ्नो गल्ती कुनै न कुनै बेला बाहिर आइ नै हाल्छ ।

**कृष्ण पोखरेल**

यो विषयमा सरकार एकदमै संवेदनशील बन्नुपर्छ (मंगल होस् : स्वदेश एजुकेसनल कन्सल्टेन्सी) । नेपाल हिमालका लागि धनी छ, तर हिमालका बारेमा पढ्न विदेश जानुपर्छ । यो विषयमा नेपालमै पढाइ हुनुपर्छ । नेपालमै सम्भावनाहरू खोजिनुपर्छ ।

**तेज लम्साल**

नयाँपन दिन सकिएन भने यस्तो अवस्था आउँछ (न हिट, न फ्लप !) समयअनुसार फरक प्रस्तुति एवं स्वाद दिन सक्नुपर्छ ।

**पुजन राई**

बधाई छ प्रथम मिस नेपाल युनिभर्स नम्मा श्रेष्ठलाई (मिस नेपाल अर्थ अमेरिकामा नम्मा) । यो उनका लागि ठूलो उपलब्धि हो भने उनीप्रतिको सम्मानसमेत हो ।

**रबि श्रेष्ठ**

सामाजिक परिवर्तन, जनचेतनाभन्दा पैसा कमाउने दाउ बढी देखियो (यात्रा सन्दर्भ : दीपकको दाउमा छक्कापन्जा) । चलचित्र बनाउँदा सामाजिक उत्तरदायित्वको भावनालाई पनि आत्मसात् गर्नुपर्छ ।

**रोशन मिश्र**

नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो बलियो उपस्थिति देखाओस् (विश्वकप फुटबलपछि अब एसियाड) । सरकारले खेलाडीहरूलाई सहयोग गर्न कुनै कसर बाँकी नराखोस् ।

**सुनिल कडायत**

वास्तविक कथाले मानिसको मन छुँदो रहेछ (अन्तरवार्ता : आफ्नै जीवनलाई दोहोऱ्याउँदा धेरै पटक भक्कानियौं) । यसको ज्वलन्त उदाहरण बोबी चलचित्रले देखाएको छ । उमेश थापा र कविता गुरुङको जोडी उदाहरणीय छ । उनीहरूको संघर्ष प्रशंसनीय छ । हिम्मत हारेकाहरूका लागि यो जोडीले आत्मबल थपेको छ ।

**मन्दा गुरुङ**

यो सामग्री उपयोगी छ (एसईईपछि : ओभरसियर बन्ने कि ?) । नेपालभन्दा बाहिर कहाँ-कहाँ यो विषयको अध्यापन हुन्छ, कति खर्च लाग्छ ? भन्ने विषयमा पनि जानकारी समेटिए अझ रोचक हुने थियो ।

**कृष्ण बडुवाल**

यो याहु म्यासेन्जर प्रयोगकर्ताहरूका लागि दुःखको कुरा हो (बन्द भयो याहु म्यासेन्जर) । कुनै समय याहु म्यासेन्जरले धेरैको सम्बन्ध जोडेको थियो । यति लोकप्रिय याहु म्यासेन्जरलाई बन्द गर्नुको साटो नयाँ ढंगमा चलाएको भए हुन्थ्यो ।

**बिपना धिमाल**

दीपशिखा मिश्रको कुराकानी रोचक लाग्यो (कुराकानी : नेपाली भाषा स्विट लाग्छ) । भारतमा जन्मिएकी, वीरगन्जलाई कर्मथलो बनाएकी दीपशिखाको लगनशीलता प्रशंसनीय छ ।

**बासु कार्की**

गत अंकमा प्रकाशित फेसबुक फन्डा रमाइलो लाग्यो ।

**मनोज भण्डारी**

नेपालीहरूको आमप्रवृत्तिलाई अविरल थापाले टपक्कै टिप्नुभएको छ (मुक्त आकाश : मिटिङमा छु है) । फुर्सदमा भएका मानिसहरू पनि काम गर्नुपर्दा मिटिङमा छु भनेर टार्छन् । यो प्रवृत्ति सुधार्नुपर्ने देखिन्छ ।

**टिएन जोशी**

यस्तो प्रतियोगितामा नेपालको सहभागिता हुनु सकारात्मक कुरा हो (डेफ इन्टरनेसनलमा नेपाल) । स्वदेशमै पनि थुप्रै क्षमतावान् प्रतिभा छन्, तर अवसरको अभावले ओझेलमा परेका छन् । यति राम्रो कार्यक्रमका लागि आयोजकहरूलाई धन्यवाद ।

**यज्ञ जोशी**

इन्डोनेसियामा हुने १८ औं एसियाली खेलकुदमा सहभागी हुन लागेका पर्शुराम बास्तोलालाई अग्रिम शुभकामना (पाँच प्रश्न) । यो प्रतियोगितामा बास्तोलाले आफ्नो क्षमता प्रदर्शन गर्नेछन् भन्ने विश्वास छ । नेपालको नाम राख्नुहोला ।

**सन्तोष श्रेष्ठ**

बधाई म्याराडोनालाई (म्याराडोनाले गरे इन्गेजमेन्ट) । ओलिभासँग उनको भावी जीवन सुखद होस् ।

**सुजन थापा**

सीमा भुर्तेललाई बधाई (मिसेज नेपाल आइकन-२०१८) । आगामि दिनमा आयोजना हुने अन्य प्रतियोगिताहरूमा पनि भाग लिन नछुटाउनुहोला ।

**अमोद राई**

त्यो माला लिम्बूको स्वभाव हो (म घमन्डी छैन) । हरेक मानिसको आ-आफ्नै स्वभाव हुन्छ । आफ्ना कुरा प्रस्ट रूपमा अभिव्यक्त गर्ने उनको बानीलाई नराम्रो भन्न मिल्दैन ।


**प्रकाश सिंह**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik

# साउदी जेलमा ९ सय दिन





■ प्रेमबहादुर राई

इलाम जिल्लास्थित माई नगरपालिका-४ को सामान्य किसान परिवारमा जन्मिएका हुन्- प्रेमबहादुर राई । ३२ वर्षीय राई स्वदेशमै बसेर घर गर्जोटार्न समस्या भएपछि बूढा बुबा-आमा, युवा श्रीमती तथा छोरीलाई छाडेर सन् २०१३ मा गाडी चालकको काम गर्न साउदी अरेबिया गएका थिए । सुरुमा तीन वर्ष उनले सल्वावी इन्टरनेशनल होल्डिङ कम्पनीमा काम गरे, समय राम्रै बित्यो । तीन वर्षपछि बिदामा घर फर्किए । केही महिना नेपाल बसेपछि राई गर्भवती श्रीमती तथा सानी छोरी बूढा बुवाआमाको जिम्मामा छाडेर पुनः साउदी अरेबियाको काममा फर्किए । नेपालबाट फर्किएको केही महिनामै उनले पार्किङ गरेको लरी चोरी भयो, लरीमा केबुलको करोडौं मूल्यको तार थियो । साउदी अदालतले उनलाई २ महिना जेल तथा ५० कोर्राको सजाय सुनाएको थियो । ३१ मार्च २०१६ मा जेल परेका उनी उक्त सजाय भोगे पनि उनी जेलमुक्त भएनन्, मालिकले उनलाई छुटाउन कुनै पहल गरेनन्, बरु उनको पासपोर्ट आफैँसँग राखे फिर्ता दिएनन् । त्यसपछि राई कार्यरत कम्पनीले निजी कानुनअनुसार क्षतिपूर्ति दाबी गर्दै मुद्दा हाल्यो जसमा अदालतले उनले ३ लाख १० हजार साउदी रियाल अर्थात् झन्डै ९५ लाख रुपैयाँबिगो बुझाउनुपर्ने फैसला सुनायो । सामान्य आर्थिक हैसियतका प्रेमका लागि यति ठूलो रकम जुटाउन सम्भव थिएन । उनले साउदी अरेबियास्थित नेपाली दूतावास गुहारे, दूतावासले पनि त्यसमा कुनै ठोस कदम चाल्न सकेन । त्यसपछि प्रेमको रिहाईका लागि उक्त बिगो रकम जुटाउन कुलुङ संघले "प्रेम राई बचाउ" अभियान चलायो । विदेशी जेलमा कष्टपूर्ण जीवन बिताइरहेका राईलाई जेलमुक्त गर्न हजारौं नेपाली उक्त अभियानसँग जोडिए । पाँच महिनामै ९२ लाख रुपैयाँ जुटेपछि उनलाई नेपाल ल्याउने प्रयास प्रारम्भ भयो । १ लाख ५० हजार रियाल नेपाली राजदूतावासमार्फत मालिक मोहम्मद सल्वाईलाई बुझाएपछि प्रेम झण्डैं ३० महिना लामो साउदी अरेबियाको जेलजीवनबाट मुक्त भए । जेलबाट छुटेर गत आइतबार मात्र काठमाडौं आइपुगेका प्रेमसँग साउदी अरेबियामा जेल पर्नुको कारण, जेल जीवन जस्ता विषयमा केन्द्रित रहेर गरिएको कुराकानी :

**साउदी अरेबिया जानुपूर्व के गर्नुहुन्थ्यो ?**

साउदी जानुपूर्व कतारमा वैदेशिक रोजगारीमै थिए । सन् २००६ मा कतार गए, ४ वर्ष कतार बसेर फर्किएपछि नेपालमै केही गर्ने प्रयास गरे । सफल हुन नसकेपछि पुनः विदेश जान बाध्य भए ।

**कतारबाट कति पैसा ल्याउनुभएको थियो ?**

म श्रमिकका रूपमा कतार गएको हुँ, त्यति धेरै पैसा ल्याउन सकिन । त्यतिबेला तलब पनि उति राम्रो थिएन । अलिअलि घर खर्च लिएर स्वदेश फर्किएको थिएँ ।

**नेपालमै केही गर्नुको साटो फेरि किन विदेश जान बाध्य हुनुभयो ?**

वैदेशिक रोजगारीमा रहँदा कतारमा पाएको दुःखकै कारण विदेश नजाने मन बनाएर आएको थिएँ । दुई वर्ष नेपालमै विभिन्न प्रयास गरे । गाडी चलाए, त्यसमा जम्न सकिएन । कुखुरा पालें, त्यसमा पनि सफल हुन सकिनँ अनि फेरि वैदेशिक रोजगारी जानुपर्ने अवस्था आइलाग्यो । त्यस क्रममा एउटा म्यानपावरमार्फत साउदी अरेबियामा ड्राइभिङको अवसर आएको खबर मैले पाएँ । काठमाडौंमा कम्पनीको अन्तर्वार्ता थियो, त्यसमा पास भएर साउदी अरेबिया गए ।

**कहिले जानुभएको थियो साउदी अरेबिया ?**

म सन् २०१२ को जुलाईमा साउदी अरेबिया पुगें । मैले साउदी जान ८५ हजार रुपैयाँ खर्च गरेको थिएँ । त्यहाँ गएर म लरी चलाउन थालें । मासिक कमाइ ५० देखि ७० हजारसम्म हुन्थ्यो । ट्रिप राम्रो पाइयो भने राम्रो पैसा आउने र ट्रिप पाइएन भने कम पैसा आउने हुन्थ्यो । तीन वर्षपछि अर्थात सन् २०१६ को जनवरीमा म बिदामा नेपाल आए अनि घरपरिवारसँग भेटघाट सकेर पुनः उतै फर्किएँ ।

**कहाँ-कहाँ चलाउनुपथ्र्यो लरी ?**

पूरै साउदी अरबभरि चलाउनुपथ्र्यो । कम्पनीले ट्रान्सपोर्टेसन र कन्ट्रक्सनको काम गर्ने भएकाले विभिन्न सामान ओसार-पसार गर्नुपथ्र्यो ।

**साउदी अरेबियामा काम गर्ने वातावरण कस्तो थियो ?**

सन् २०१६ मा बिदामा नेपाल आउनुपूर्व काम गर्ने राम्रो वातावरण थियो । दोस्रो पटक साउदी पुग्दा चाहिँ मलाई ठूलै दशा लागेको रहेछ, नमज्जाले फसे । सपनामा पनि यस्तो होला भनेर सोचेको थिइनँ, थुप्रै रंगीचंगी सपना एकै झमटमा चकनाचुर भए ।

**कसरी फस्नुभयो ?**

दशा बिग्रिएपछि केही लाग्दो रहेनछ । सन् २०१६ को जनवरीमा पुनः त्यहाँ पुगेपछि म नियमित काममा थिएँ । केही मिनेटको सानो लापरवाहीका कारण फसेको हुँ । त्यतिबेला म लरीमा सामान लिएर साउदीको जुबेलबाट जेद्दा पुगेंको थिएँ । त्यहाँ माल अनलोड गरेपछि कम्पनीका मानिसहरूले केबुलको तार लोड गर्न लगाए ।

फर्कंदा दुई दिन सडक खाली नहुने र जाम हुने भएकाले ठूलो गाडी बन्द गर्छ भन्दै मैले केबल तार लोड गर्न मानिनँ, तर जबरजस्ती लोड गराइयो ।

पृष्ठ ७ मा



शिक्षा

# प्लस टुपछिको अध्ययन









दस जोड दुईपछिको अध्ययन भनेको विद्यार्थीको भविष्यसँग प्रत्यक्ष जोडिएको अध्ययन हो । स्नातक तहमा रोजिने विषयले नै विद्यार्थीले भविष्यमा कुन व्यवसाय रोज्ने भन्ने कुरा निर्क्यौल गर्छ । स्नातक तहमा अध्ययन गर्ने संकाय तथा उक्त संकायअन्तर्गतका विषयअनुसार नै व्यापार, व्यवसाय वा पेसा निर्धारण हुन्छ । दस जोड दुईको अध्ययन पूरा भैसकेपछि कुन संकाय अध्ययन गर्ने भन्ने सन्दर्भमा धेरैलाई अलमल हुँदैन । किनभने सामान्यतः विषय छनौट दस जोड दुईबाटै भैसकेको हुन्छ । दस जोड दुईमा छानिएका विषय स्नातकसम्म संकायमा परिणत हुन्छन् भने ती संकायमा पनि फरक-फरक विषय अध्ययनको बाटो खुल्छ । विषय विशिष्टीकृत हुँदै जान्छ । प्लस टुमा अध्ययन गरेको विषयका आधारमा संकाय छुट्याउन सहज भए पनि ती विषय अध्ययन गरेकाहरूले स्नातक तहमा कुन-कुन विषय अध्ययन गर्न पाउँछन् भन्ने अन्यौल हुन सक्छ । अझ आफूले अध्ययन गर्न चाहेको विषय कुन विश्वविद्यालयको कार्यक्रमअन्तर्गत पर्छ वा पर्दैन भन्ने छुट्याउन पनि कतिपय विद्यार्थीलाइ गाह्रो पर्छ ।

**कुन विश्वविद्यालयमा कुन-कुन विषय अध्यापन हुन्छ ?**

## त्रिभुवन विश्वविद्यालय

**इन्जिनियरिङ**

एग्रीकल्चर इन्जिनियरिङ, आर्टिटेक्चर इन्जिनियरिङः, अटोमोबाइल इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रोनिक इन्जिनियरिङ, इलेक्ट्रोनिक एन्ड कम्युनिकेस, जियोमेटिक इन्जिनियरिङ, इन्डस्ट्रियल इन्जिनियरिङ, मेकानिकल इन्जिनियरिङ आदि ।

**चिकित्साशास्त्र**

मेडिकल अधिकृत (एमबीबीएस), ओप्टोमेस्ट्रिक, बीएसी नर्सिङ, व्याचल इन डेन्टल स्टडिज, बीएस्सी इन मेडिकल इमेजिङ टेक्नोलोजी, ब्याचलर इन स्पिच ल्याङवेज, प्याथोलोजी, ब्याचलर इन आयुर्वेद मेडिसिन एन्ड सर्जरी, जनस्वास्थ्य (बीपिएच), ल्याब्रोटोरी टेक्निलोजी (बीएमएलटी), ब्याचलर इन फार्मेसी, ब्याचलर इन नर्सिङ आदि ।

**शिक्षा**

शिक्षा संकायअन्तर्गत चारवर्षे कोर्स वा ८ वटा सेमेस्टर गरी दुई तरीकाले अध्ययन गर्न सकिन्छ । शिक्षा संकायअन्तर्गत, अंग्रेजी, गणित, विज्ञान, सामाजिक अध्ययन, राजनीति शास्त्र, इतिहास आदि विषय अध्ययन गर्न सकिन्छ ।

**मानविकी**

यो संकायअन्तर्गत त्रिभुवन विश्वविद्यालयमा मानवशास्त्र (एन्थ्रोपोलोजी), ब्याचलर अफ आर्टस इन कम्प्युटर एप्लिकेसन, सिम्याट, म्याथमेटिक्स, अंग्रेजी साहित्य, नेपाली साहित्य, राजनीतिशास्त्र, इतिहास, ग्रामीण विकास तथा समाजशास्त्र छनौटका विषय हुन सक्छन् ।

**कानुन**

त्रिभुवन विश्वविद्यालयअन्तर्गत कानुन संकायमा स्नातक तहका लागि एउटा मात्र कार्यक्रम छ । प्लस टुमा जुनसुकै विषय अध्ययन गरेका विद्यार्थीका लागि पनि पाँचवर्षे ब्याचलर अफ आर्ट्स, ब्याचलर अफ ल पढ्ने विकल्प उपलब्ध हुन्छ । यो विषय अध्ययनका लागि प्लस टु सकेका विद्यार्थीले इन्ट्रान्स उत्तीर्ण गर्नुपर्छ । प्रत्येक वर्ष यो विषय अध्ययनका लागि १ सय ७५ विद्यार्थीले नेपाल ल क्याम्पस, काठमाडौं तथा ७० विद्यार्थीले पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरामा भर्ना पाउँछन् ।

**कृषि तथा प्राणी विज्ञान**

भविष्यमा कृषि तथा प्राणीसम्बन्धी अध्ययन गर्न चाहने विद्यार्थीका लागि त्रिभुवन विश्वविद्यालयले स्नातक तहमा चारवर्षे एग्रिकल्चर साइन्स, पाँचवर्षे भेटेरिनरी विज्ञान तथा एनिमल हसवेन्ड्री तथा चारवर्षे हर्टिकल्चर अध्ययापन गराउँदै आएको छ ।

**विज्ञान संकाय**

विज्ञान संकायअन्तर्गत त्रिभुवन विश्वविद्यालयबाट स्नातक तहमा ९ वटा विषय अध्यापन हुन्छन् । ती विषयमा चारवर्षे बीएस्सी, बीटेक (फुड), बीएस्सी (न्युटेसन एन्ड डाइटिस), कम्प्युटर साइन्स एन्ड इन्फरमेसन टेक्नोलोजी, टी टेक्नोलोजी एन्ड म्यानेजमेन्ट, म्याथमेटिकल साइन्स, हर्टिकल्चर एन्ड फ्लोरीकल्चर म्यानेजमेन्ट तथा ब्याचलर इन इन्फरमेसन टेक्नोलोजी छन् ।

## काठमाडौं विश्वविद्यालय

**विज्ञान संकाय**

ब्याचलर अफ टेक्नोलोजी इन इन्भारोमेन्टल इन्जिनियरिङ, ब्याचलर अफ टेक्नोलोजी इन बायोटेक्नोलोजी, बीएस्सी इन कम्प्युटेसनल म्याथमेटिक्स, बीएस्सी इन इन्भारोमेन्टल साइन्स, इन्जिनियरिङ अफ सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक इन्जिनियरिङ (पावर एन्ड कन्ट्रोल), इलेक्ट्रिकल एन्ड इलेक्ट्रोनिक इन्जिनियरिङ (कम्युनिकसन), ज्योमेट्रिक इन्जिनियरिङ, केमिकल इन्जिनियरिङ, एग्रिकल्चर इन्जिनियरिङ आदि ।

**शिक्षा संकाय**

विद्यालय व्यवस्थापन, इन्भारोमेन्ट, एजुकेसन सोसल आदि ।

**व्यवस्थापन**

ब्याचलर अफ बिजनेस एडमिनिस्ट्रेसन, ब्याचलर अफ बिजनेस इन्फर्मेसन सिस्टम, ब्याचलर अफ हस्पिटालिटी एन्ड टुरिजम म्यानेजमेन्ट ।

**आर्टस**

म्युजिक, बुद्धिज्म स्टडिज, ब्याचलर अफ फाइन आर्ट्स (ग्राफिक्स कम्युनिकेसन स्टुडीयो आर्ट्स), ब्याचलर अफ मिडिया स्टडिज ।

**चिकित्सा शास्त्र संकाय**

एमबीबीएस, बीडीएस तथा बीएस्सी नर्सिङ ।

## पूर्वाञ्चल विश्वविद्यालय

यो विश्वविद्यालयले पनि साइन्स एन्ड टेक्नोलोजी, म्यानेजमेन्ट, आर्ट्स, एजुकेसन, कानुन, मेडिकल तथा साइन्स फ्याकल्टीमा स्नातक तहमा भर्ना लिन्छ ।

## पोखरा विश्वविद्यालय

**व्यवस्थापन**

बिजनेस एडमिनिस्ट्रेसन, हेल्थ केयर म्यानेजमेन्ट, होटल म्यानेजमेन्ट, कम्प्युटर इन्फरमेसन सिस्टम, बिजनेस एडमिनिस्ट्रेसन इन बैंकिङ एन्ड इन्स्युरेन्स, बिजनेस एडमिनिस्ट्रेसन इन ट्राभल एन्ड टुरिज्म आदि ।

**साइन्स एन्ड टेक्नोलोजी**

कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, सिभिल एन्ड रुरल इन्जिनियरिङ, इलेक्ट्रोनिक एन्ड इलेक्ट्रकल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, इन्फर्मेसन टेक्नोलोजी, सफ्टवेयर इन्जिनियरिङ आर्किटेक्चर इन्जिनियरिङ, साइन्स इन बायोमेटिक, साइन्स इन इन्भारोमेन्टल म्यानेजमेन्ट, कम्प्युटर एप्लिकेसन ।

**हेल्थ साइन्स**

साइन्स इन मेडिकल ल्याब्रोटरी टेक्नोलोजी, पब्लिक हेल्थ, बीएस्सी नर्सिङ, ब्याचलर अफ साइन्स इन बायोमेट्रिक, ब्याचलर अफ साइन्स इन मेडिकल माइक्रोबायलोजी तथा ब्याचलर अफ साइन्स इन मेडिकल बायोकेमेस्ट्री ।

**मानविकी**

ब्याचलर अफ डेभलप्मेन्ट स्टडिज, ब्याचलर अफ इङ्लिस एन्ड कम्युनिकेसन स्टडिज ।

## लुम्बिनी बुद्धिस्ट युनिभर्सिटी

बुद्धिज्म एन्ड ह्युमानिटिज

ब्याचलर इन स्वरो रिग्पा मेडिसिन (हिमालयन बुद्धिस्ट मेडिसिन) ।

## विषय छनौट

**चिकित्सा शास्त्र संकाय**

प्लस टुमा विज्ञान लिएर राम्रो ग्रेड (अंक) प्राप्त गरेका विद्यार्थीहरूका लागि यो संकायको अध्ययन उपयुक्त मानिन्छ । विश्वका अन्य मुलुकहरूमा पनि चिकित्सा शास्त्र अब्बल विद्यार्थीको रोजाइको विषय बन्ने गरेको छ ।

**इन्जिनियरिङ**

चिकित्सा विज्ञानजस्तै अब्बल तथा तिक्ष्ण विद्यार्थीहरूको रोजाइको अर्को विषय हो– इन्जिनियरिङ । यो दस जोड दुई परीक्षामा राम्रो नतिजा प्राप्त गर्ने विद्यार्थीको रोजाइको विषय हो । रोजगारीको सहज उपलब्धताले पनि यो विषय धेरै विद्यार्थीको रोजाइको विषय हुने गरेको छ ।

**मानविकी**

मानविकीलाई सबैभन्दा फराकिलो संकाय मानिन्छ । प्लस टुमा जुनसुकै विषय लिएर अध्ययन गरे पनि स्नातक तहमा यो विषय रोज्न सकिन्छ । विशेष गरी साहित्य, मानवीय व्यवहार, इतिहास आदि विषयलाई नजिकबाट अध्ययन गर्न चाहनेहरूका लागि यो संकाय उपयुक्त हुन्छ ।

**शिक्षा**

अध्यापनलाई पेसा बनाउन चाहने विद्यार्थीहरूका लागि शिक्षा संकाय रोजाइको संकाय हुने गरेको छ । दस जोड दुईमा शिक्षा विषय लिएर अध्ययन गर्ने विद्यार्थीले स्नातक तहमा यो संकायअन्तर्गतका विभिन्न विषय लिएर अध्ययन गर्न सक्छन् ।

**व्यवस्थापन**

व्यापार, व्यवसाय, उद्योगधन्दा, बैंकिङ, होटल म्यानेजमेन्ट, टुरिज्म, एकाउन्टिङजस्ता विषयमा रुचि हुने विद्यार्थीका लागि व्यवस्थापन संकायअन्तर्गतका विषय रुचिकर हुन्छन् । प्लस टुमा व्यवस्थापन लिएर अध्ययन गरेका विद्यार्थीहरूका लागि यो संकायअन्तर्गतका विषयहरू उपयुक्त मानिन्छन् ।



# साउदी जेलमा ...

पृष्ठ ५ बाट

रियादमा दुई दिन नो इन्ट्री थियो। नो इन्ट्रीका बेला लामै समय झन्डै २४ घण्टा बाटोमै बस्नुपर्ने हुन्छ। २४ घण्टामा जम्मा ५ घण्टा बाटो खुल्छ, त्यसैले म रियादमै बसें। बेलुका राति १२ बजेतिर बाटो खोलेर फेरि ५ बजेतिर बन्द गरिन्छ। त्यही बन्द भएका बेला गाडी पम्पमा पार्क गरेर दिनभर गाडीमै सुतें। साथीको कोठा त्यहाँबाट दुई-तीन मिनेट नजिक थियो। उसले आऊ केही मिनेट गफ गरौं भनेपछि म गाडी लक गरेर उसकहाँ गएँ। फर्केर आउँदा गाडी छैन। मैले साहूको घरकै छेउको पम्पबाट गाडी चोरी होला भनेर कल्पनै गरेको थिइनँ। दायाँतिरको सिसा फुटाएर गाडी चोरी भएको थियो। गाडीमा ८-९ टनका केबुलको तारका ठूला–ठूला बन्डल थिए, ती उतार्न सक्दैनन्, चोर्न सक्दैनन् भन्ने लागेको थियो, तर गाडी नै यसरी चोरी होला भन्ने त कल्पनासम्म थिएन।

### गाडी हराएपछि के गर्नुभयो ?

पार्किङ गरेर राखिएको ठाउँमा गाडी नदेखेपछि मेरो होसहवास उड्यो। तत्काल कम्पनीमा खबर गरे। कम्पनीमा गाडी कहाँ छ भनेर थाहा पाइने जीपीएसको लिंक हुन्छ। कम्पनीले तुरुन्तै जीपीएसमा हेऱ्यो, गाडी हिँडिरहेको थियो। ५ सय किलोमिटर टाढा रहेकाले कम्पनी तुरुन्तै आउन नसक्ने भएपछि मैले पुलिसलाई फोन गरें। पुलिसले मेरो कुराको खासै वास्ता गरेनन्। कम्पनीको वकिल वा साहू बोला भन्यो, कम्पनीका मानिसहरू १२ घण्टापछि रजिस्ट्रेसन गरेर इन्क्वारीका लागि आए। मलाई त्यही राखेर उनीहरू जीपीएसको सहायताले गाडी खोज्न निस्किए, गाडी फेला परे पनि सामान गायब थियो। सामान हराएपछि मलाई इन्क्वारीका लागि पुलिस अफिसमै राखियो।

### कसरी जेल पुग्नुभयो ?

मालिकले केस बढाउँदै गए, उनकै कारणले मैले जेल बस्नुपऱ्यो। मालिकले सपोर्ट गरेको भए म एक मिनेटमै छुट्ने थिएँ। पुलिस, वकिल सबैले मैले चोरेको होइन भन्ने कुरामा विश्वास गरेर सपोर्ट गरेका हुन्। मालिकले यो मेरो ड्राइभर हो, यसको जिम्मा म लिन्छु, मलाई यो चाहिन्छ भनेको भए मैले जेल र प्रहरी हिरासतमा बस्नुपर्ने थिएन। नेपाली रुपैयाँ ३/४ करोडजतिको सामान गाडीमा थियो होला। अदालतले पहिलो चरणमा मलाई मानवीय गल्ती भन्दै २ महिना जेल तथा ५० कोर्रा जरिवाना सुनाएको थियो, तर मालिक जमानत गरिदिन र साक्षी बसिदिन आएनन्। पुलिसले पनि २/३ हजार जमानत तिरेर कसैलाई जमानी राखी बाहिर निस्की तेरो मालिक आउँदैन भन्यो, तर मसँग त्यति पनि पैसा भएन। मलाई घर पठाउने कागजमा हस्ताक्षर समेत भैसकेको थियो। गल्ती गरेअनुसार ममाथि ५० कोर्रा हानिइसकिएको थियो। अन्तिममा पासपोर्टमा आएर कुरा अडकियो, पासपोर्ट माग्दा मालिकले दिएनन्। उनले पुलिस, वकिल सबै चिनेका थिए। ९ महिनापछि मेरो ठूलो क्षति भयो, क्षतिपूर्ति ड्राइभरले दिनुपर्छ भन्दै मालिकले दोस्रो पटक मुद्दा हाले। पक्राउ परेको १०/११ महिनापछि मलाई अदालतमा बोलाइयो, अदालतले मैले ३ लाख १० हजार रियाल क्षतिपूर्ति तिर्नुपर्ने फैसला सुनायो। मैले त्यति रकम तिर्न सक्ने अवस्था थिएन, जसका कारण मैले झण्डै ३० महिना नारकीय जीवन बिताउनुपऱ्यो।

### नेपाली राजदूतावासमा खबर गर्नुभएन ?

गाडी चोरी भएको पाँच दिनसम्म पनि मालिकले मलाई थानाबाट ननिकालेपछि मैले नेपाली राजदूतावास गुहारे। मलाई प्रहरी हिरासतमा राखिएको छ, सहयोग गर्नुहोस् भने। उनीहरूले हामी आइहाल्छौं भनेर आश्वासन दिए, तर आएनन्।

### जेलको वातावरण कस्तो थियो ?

जेलमा सुरुमा एक हप्ता मात्र बसें। विदेशीहरूका लागि त्यहाँको जेल नर्क नै हो। जेलमा साउदी अरेबियनहरूलाई मात्र बेड दिइन्छ। हामीले सिमेन्टको भुइमै सुत्नुपर्थ्यो। १ सय जना साउदी भएको कोठामा १ सय ९० जना विदेशीलाई खाँदेर राखिन्छ। खाना मात्र दिइन्छ, त्यो खाना थाप्न भाडाको व्यवस्था समेत आफैं गर्नुपर्छ। पानीसमेत आफैंले किन्नुपर्छ। तीन महिनापछि १ सय ५० रियाल दिन्छन्, त्यो पनि नियमित हुँदैन। जेलभित्रको पसल पनि निकै महँगो हुन्छ, हामीले किन्नै नसक्ने।

### प्रहरी हिरासतको अवस्था कस्तो थियो ?

त्यहाँको अवस्था अझ पीडादायक थियो। एउटा सानो कोठामा १५-२० जनाभन्दा बढी मानिस राखिन्थ्यो सुत्ने ठाउँ पनि नपाइने। सरकारले जेलमा दिने सुविधा प्रहरी हिरासतमा पाइँदैन्थ्यो। खाना दिन्थ्यो, पानी दिँदैनथ्यो। बाथरुमको पानी खाएर प्यास मेटाउनुपर्ने अवस्थामा थियो। फोन गर्न पनि नदिने, साउदी अरेबियन र हामी विदेशीबीच त्यहाँ पनि भेदभाव हुन्थ्यो।

### सबैभन्दा कठिन समय कतिबेला लाग्यो ?

नेपालमा पुलिस चौकीसम्म नपुगेको म सानो गल्तीले जेलमा लामो समय बिताउनुपरेपछि आफैले आफैलाई धिक्कार्थें। दुई जीउकी श्रीमतीलाई झल्झली सम्झन्थें, छिनछिनमा रुन्थें। तीन महिनाजतिमा फोन गर्न दिन्थ्यो, म फोनमै भक्कानिन्थें।

### कोही नभएको पराई ठाउँको जेलमा के सोचिँदो रहेछ ?

हे भगवान्, यहाँबाट छिटोभन्दा छिटो निकालिदेऊ भनेर म हरक्षण पशुपतिनाथलाई पुकार्थें। म मनमनै पशुपतिनाथको प्रार्थना गर्थें। मेरै सहारामा सबै परिवार चल्नुपर्ने, बुढा बुवाआमा, दुई जिउकी श्रीमती तथा सानी छोरीका कारण म निकै हैरान थिए।

### छुट्छु भन्नेमा कत्तिको आशावादी हुनुहुन्थ्यो ?

जब ९५ लाख रुपैयाँ तिनुपर्ने फैसला आयो, मलाई लाग्यो मेरो जीवन अब यही जेलमै सकिने भयो। त्यतिबेला ९५ लाख रुपैयाँको त के कुरा मसँग ९५ रुपैयाँ पनि थिएन। मैले आफू छुट्ने आशा नै मारिसकेको थिए।

### सहयोग अभियान कसरी सुरु भयो ?

नेपाली राजदूतावासबाट सहयोग नहुने देखेपछि मैले अरूलाई गुहारें। श्रीमती र कुवेतमा रहेका मेरा दाइले कुलुङ संघ गुहारे। कुलुङ संघले 'प्रेम राई बचाउ अभियान' सुरु गऱ्यो। त्यसमा मिडियाको पनि ठूलो सहयोग रह्यो। सबै नेपाली निःस्वार्थ भावनाका साथ मलाई जेलबाट मुक्त गराउन लागिपरे, जसका कारण ५ महिनामै मनकारी नेपालीहरूले ९२ लाख पैसा जुटाए अनि मलाई बन्द जेलबाट खुल्ला संसार दिए।

### त्यति ठूलो रकम क्षतिपूर्ति दाबी गरेका मालिक कसरी झन्डै ५० प्रतिशत मिनाह गर्न सहमत भए ?

जेलमै रहेका एक वृद्ध साउदी मार्फत मालिकसँग अनुनय-विनय गरें। उनले बारम्बार मालिकलाई मेरो पीडा सुनाए, आफ्ना भाइहरू मार्फत पनि भन्न लगाए। उनले आफ्नो धर्मको स्मरण गराउँदै मालिकलाई निकै सम्झाए। त्यसपछि मात्र मालिक ५० प्रतिशत रकम छुट दिन राजी भए।

### झण्डै ३० महिनापछि अँध्यारो जेलबाट खुला संसारमा आउँदा कस्तो अनुभूति भएको थियो ?

जेलबाट बाहिर निस्कँदा सुरुमा त आँखा नै देखिएनन्। आँखा तिरिमिरी भए, कमजोरी भएजस्तो भयो, बोल्न पनि सकिनँ। त्यति लामो जेल जीवनपछि आफैंलाई सुस्त मनस्थिति अथवा लाटोजस्तो महसुस हुँदोरहेछ।

### आफ्नो अनुभवका आधारमा वैदेशिक रोजगारीमा जानेहरूलाई के सल्लाह दिनुहुन्छ ?

विदेशमा सचेततापूर्वक काम गर्नुहोला, आफ्नो घरपरिवार तथा बालबच्चालाई सम्झनुहोला। मैले त आफ्नो सानो गल्तीले गर्दा अढाई वर्ष जेलमा बिताए।




# वर्षामा वाटरप्रुफ ग्याजेट



**वर्षातमा एक स्थानबाट अर्को स्थानमा जानुपर्ने बाध्यता हुन्छ । कतिपय अवस्थामा पानीमा भिज्ने सम्भावना पनि हुन्छ । त्यतिबेला आफूसँग भएका ग्याजेट सुरक्षित राख्नु पहिलो प्राथमिकता हुन्छ । पहिले स्मार्टफोन, क्यामेरा, इयरफोनजस्ता ग्याजेट वाटरप्रुफ थिएनन्, तर अहिले भने विभिन्न वाटरप्रुफ ग्याजेट बजारमा सरल ढंगमा उपलब्ध हुन थालेका छन् । कतिपय ग्याजेटका लागि वाटरप्रुफ एसेसरिजसमेत उपलब्ध हुन्छन् ।**

## स्मार्टवाच

हाल स्विम प्रुफ स्मार्टवाच समेत उपलब्ध हुन थालेको छ । यसका कारण बिहान हिंड्न वा दौडन समस्या हुँदैन । एप्पल वाचमा यस्तो वाटर रेजिस्टेन्ट हुन्छ । यसको सहयोगले स्विमिङ गतिविधि ट्र्याक गर्न सकिन्छ । फिटबिटको भर्सा, हुवावे फिट, सामसुङ गियर स्पोर्ट आदि पनि वर्षातमा बढी उपयोगी मानिन्छन् ।



## एसेसरिज

वर्षातमा कतै टाढा जानुपर्‍यो र स्मार्टफोन वा क्यामेराजस्ता डिभाइसको ब्याट्री सकियो भने समस्या हुन्छ । यस्तो अवस्थामा पावर बैंक प्रयोग गर्न सकिन्छ । त्यसैगरी वाटरप्रुफ तथा केसप्रुफ ब्याट्री प्याक पनि उपलब्ध हुन्छन् । डाटा सुरक्षित राख्न पनि सही एसेसरिज आवश्यक हुन्छ । वाटरप्रुफ ग्याजेट खरिद गर्न नचाहनेहरूले भने प्रोटेक्टिभ ब्याग तथा स्लिभ्स प्रयोग गर्न सक्छन् ।





## इयरफोन

अहिले इयरफोनसमेत वाटरप्रुफ आउन थालेका छन् । बोसको साउन्ड स्पोर्ट त्यसमध्येको एक हो ।



## स्मार्टफोन

वाटरप्रुफ स्मार्टफोनलाई आईपी ६८ प्रमाणपत्र प्रदान गरिएको हुन्छ । यस्ता स्मार्टफोन पानीमा राख्दा वा भिज्दा कुनै समस्या हुँदैन । बजारमा हाल धेरै किसिमका वाटरप्रुफ स्मार्टफोन उपलब्ध छन् । आइफोन-८ तथा आइफोन एक्स वाटरप्रुफ स्मार्टफोन हुन् । वानप्लस-६, एचटीसीका केही डिभाइस तथा साओमीका स्मार्टफोन पनि वाटर रेजिस्टेन्ट छन् । त्यसैगरी सोनी एक्सपेरिया जेड-२ तथा सामसुङ एस-८ पनि वाटर रेजिस्टेन्ट छन् । यी स्मार्टफोनलाई पानी परिरहेका बेला पनि सहज ढंगमा प्रयोग गर्न सकिन्छ ।

## क्यामेरा

हिजोआज धेरैले स्मार्टफोनलाई नै क्यामेराका रूपमा प्रयोग गर्न थालेका छन् । यद्यपि व्यवसायिक फोटोग्राफी गर्नेहरू भने गुणस्तरीय तथा महँगा क्यामेरा प्रयोग गर्छन् । पानी पर्ने मौसममा यस्ता महँगा क्यामेरा जोगाउन निकै गाह्रो हुन्छ । क्यामेरामा पानी परे त्यसमा खराबी आउने डर हुन्छ । क्यामेराका लागि वाटरप्रुफ हाउजिङलाई एउटा विकल्पका रूपमा प्रयोग गर्न सकिन्छ । यद्यपि त्योभन्दा वाटरप्रुफ क्यामेरा नै प्रयोग गर्नु बुद्धिमानी हुन्छ । ओलम्पस टीजी-५ यस्तै एउटा क्यामेरा हो ।

# एमएसदोसरी बने ई-वर्ल्ड कप विजेता




साउदी अरबका मोसाद अल्दोसरी अर्थात् एमएसदोसरीले फिफा ई-वर्ल्ड कप ट्रफी जितेका छन् । संसारभरका २ करोड खेलाडीले अनलाइन रूपमा भाग लिएर छनोट भएका ३२ खेलाडीमध्ये मोसाद अब्बल सावित भएका हुन् ।

गत शनिबार लण्डनको ओटु एरेनामा सम्पन्न उक्त खेलको फाइनलमा एमएसदोसरीले स्टेफानोपिन्नालाई हराएर ट्रफी जित्नुका साथै २ लाख ५० हजार डलर पुरस्कार प्राप्त गरे । एमएसदोसरीले फाइनलमा बेल्जियमका स्टेफानोपिन्नालाई ४-० ले हराएका थिए । अब फिफा ई-वर्ल्ड कपका चार च्याम्पियन एमएसदोसरी, स्टेफानोपिन्ना, मार्कुजो तथा कर्ट ०४११ भएका छन् । तेस्रो र चौथो स्थान हासिल गर्ने मार्कुजो तथा कर्ट ०४११ डेनमार्क र फ्रान्सका खेलाडी हुन् ।

रूसमा फिफा वर्ल्ड कप सम्पन्न भैसकेको छ, तर लन्डनमा गत साताको बिहीबार फिफाको अर्को खेल ई-वर्ल्ड कप प्रारम्भ भयो । यो भर्चुअल फुटबल हो । यसमा ३२ जना खेलाडीले भाग लिएका थिए । लन्डनको ओटु एरेनामा ग्रुप स्टेज, राउन्ड अफ १६ तथा क्वार्टर फाइनल खेल भएको थियो । सेमी फाइनल तथा फाइनल खेल गत शनिबार सम्पन्न भयो । ई-वर्ल्ड कपको फाइनलको टेलिकास्ट ट्विच, युट्युब, ट्विटर, फेसबुक तथा भिभोजस्ता सोसल मिडियाहरूबाट भएको थियो ।

ई-वर्ल्ड कप अनलाइन भिडियो गेम हो । माइक्रोसफ्ट एक्सबक्स, सोनी प्ले स्टेशन आदिको प्रयोग गरी यो गेम खेलिन्छ । अनलाइन खेलिने भएकाले यसलाई ई-स्पोर्ट्स भनिएको हो ।

फिफा ई-वर्ल्ड कपका लागि गत नोभेम्बर देखि नै क्वालिफिकेसन ग्लोबल सिरिज प्रारम्भ भएको थियो । उक्त सिरिजमा विश्वभरका २ करोड खेलाडीले अनलाइन रूपमा भाग लिएका थिए । ती सबै खेलाडीमध्ये ३२ जना खेलाडी क्वालिफाई भएका हुन् । यो फिफाकै खुला प्रतिस्पर्धा हो, यसमा जसले पनि अनलाइन भाग लिन सक्छन् । टुर्नामेन्टमा जर्मनीका सबैभन्दा बढी ८ जना खेलाडी सहभागी थिए ।

फिफा ई-वर्ल्ड कप सबैभन्दा पहिले सन् २००४ मा स्विट्जरल्यान्डको ज्युरिचमा भएको थियो । त्यसपछि सन् २००७ बाहेक प्रत्येक वर्ष यो खेल सञ्चालन हुँदै आएको छ । सन् २०१३ मा स्पेनको म्याड्रिडमा सम्पन्न खेलमा २ करोड ५० लाख व्यक्तिले क्वालिफिकेसन सिरिजमा भाग लिएर रेकर्ड कायम गरेका थिए ।

# टम्बो मोबाइल नेपाल भित्रियो

नेपाली बजारमा नयाँ मोबाइल ब्रान्डका रूपमा भारतीय मोबाइल टम्बोको प्रवेश भएको छ । टम्बो मोबाइलले सन् २०१८ को अप्रिलमा पहिलो पटक भारतमा विभिन्न फोन सार्वजनिक गरेको थियो । शंकराचार्य मोबाइलले नेपाली बजारमा यो फोनको आधिकारिक आयात तथा बिक्री गर्नेछ । अहिलेलाई टम्बोका ६ वटा मोडलका बार फोन तथा २ वटा मोडलका स्मार्टफोन नेपाली बजारमा उपलब्ध हुनेछन् । स्मार्टफोनमा टिए-२ तथा टिए-३ नामका दुई फोन पनि चाँडै सार्वजनिक हुनेछन्, जुन सस्तो मूल्यका फोन हुन् । टम्बो ब्रान्डका फिचर फोनको न्यूनतम मूल्य १ हजार रुपैयाँभन्दा केही बढी छ । टम्बो मोबाइलका सबै मोडलमा २ सय दिनसम्मको रिप्लेसमेन्ट वारेन्टी तथा ३ सय ६५ दिनको स्क्रिन रिप्लेसमेन्ट प्रदान गरिने बताइएको छ ।

टम्बो मोबाइलका नेपालमा उपलब्ध हुने सबै स्मार्टफोनमा फेस रिकोग्निसन, फिंगरप्रिन्ट सेन्सर आदि फिचर समावेश छन् । यी फोनमा फोरजी भिओएलटिई सपोर्ट छ भने वाईफाई, ब्लुटुथ, जीपीएस, हेडफोन ज्याक आदि समेत जडान गरिएको छ । टम्बो सन् २०१७ मा स्थापना भएको भारतीय कम्पनी अगस्टन मोबाइलले चिनियाँ ओईएम कम्पनीसँगको ज्वाइन्ट भेन्चरमा ल्याएको मोबाइल ब्रान्ड हो । कम्पनीले उत्तर प्रदेशको ग्रेटर नोयडास्थित फ्याक्ट्रीमा यो ब्रान्डका फोन उत्पादन गर्छ ।



केवल एक प्रश्न

# काठमाडौंका मेयरलाई के सुझाव छ ?



तपाईंले राजीनामा दिए हुन्छ, अब तपाईंको काम छैन । ठूला गफ गरेर मात्र हुँदैन ।

**नीता ढुङ्गाना, अभिनेत्री**

काठमाडौंमा पछिल्ला केही वर्षमा सुधारका प्रयासहरू भएका छन् तर ती काम व्यवस्थित रूपमा हुन नसकेका कारण सन्तोषप्रद भने हुन सकेका छैनन् । हामी तत्काल परिवर्तन हेर्न चाहन्छौं । हाम्रा योजना तथा रणनीति राम्रै हुन्छन् तर त्यसको कार्यान्वयन भने सधैं फितलो हुने गरेको छ ।

**लिना दवाडी, प्रधान सम्पादक, विटिफिड**

तपाईंले मेयरका रूपमा काम सम्हालेयता कुनै यस्तो काम छ, जुन अरूलाई सुनाउन लायक छ ? एक पटक आफ्नो कामको समीक्षा गर्नुहोस् त, कहाँबाट कहाँ पुगें जस्तो लाग्छ ? चुनावअघि तपाईंका आश्वासन सहित भएजस्तो लाग्दैन ?

**श्रद्धा अर्याल, सञ्चारकर्मी**

कम्तीमा एक दिन पैदल, एक दिन साइकल तथा एकदिन सार्वजनिक बसको यात्रा गर्नुहोस् अनि त्यहाँ तपाईंलाई जे-जे असहज लाग्छ त्यसमा सुधार ल्याउनुहोस् । संसारभर यस्तो महानगरपालिका हुनु हुँदैन भन्ने उदाहरण काठमाडौं महानगरपालिका नबनोस् ।

**हेमन्त शर्मा, गायक**

म ०६० सालयता काठमाडौंमा बसोबास गर्दै आएको छु । यो १५ वर्षको अवधिमा २०७४/०७५ साल सबैभन्दा कष्टकर सावित भएको छ । धूवाँ, धूलो, हिलो अनि खाल्डाखुल्डी तथा अव्यवस्थित सहरीकरणले मन साह्रै पोलेको छ । दिन बिताउन गाह्रो भएको छ । त्यसैले सबैभन्दा पहिले सडक बनाउनुपर्‍यो, बढ्दो सहरीकरणलाई व्यवस्थापन गर्नुपर्‍यो । हामी नेपालको राजधानीमा छौं है भन्ने महसुस हुने वातावरण सिर्जना गर्नुहोला ।

**याम क्षेत्री, गायक**

म त काठमाडौं महानगरपालिकाका मेयरलाई धन्यवाद दिन्छु । किनभने उहाँले यति सुन्दर काठमाडौंलाई धूलोमाण्डु र हिलोमाण्डु बनाइदिनुभएको छ ।

**पल शाह, अभिनेता**

काठमाडौं महानगरपालिकाका मेयरलाई मेरो सुझाव छ– अब आराम गरेर बस्नुस् ।

**ऋचा शर्मा, अभिनेत्री**

एक दिन अफिस समयमा चश्मा र मास्क नलगाई रिङ्ग रोडको १५-२० किलोमिटर बाटो आफैं मोटरसाइकल चलाएर हिंड्न सल्लाह दिन्छु । त्यसपछि चाहिँ उहाँको चेत खुल्छ कि ?

**प्रकाश सपूत, गायक**

काठमाडौंको धूवाँ धुलो तथा खाल्डाखुल्डीहरू हटाउन पहल गर्नुहोला ।

**अर्जुन तिवारी, छायांकार**

एउटा मेयरको हैसियतले पूर्ण रुपमा उत्तरदायी र जिम्मेवार भएर काम गर्ने सल्लाह सुझाव दिन्छु ।

**शिव परियार, गायक**

मेयरज्यू, सडक कहिले बनाउनुहुन्छ ? स्मार्ट सिटी र मेट्रो रेल बनाइसकेपछि ?

**सञ्जम रेग्मी, क्रिकेटर**

एकैपटक ठूलो सपना देख्नु भन्दा स-साना काम गरेर देखाउनु उपयुक्त हुन्छ । जस्तै,सडकका खाल्डाखुल्डी पुर्ने, धूवाँ-धूलो, फोहोरमैला र बढ्दो सहरीकरणलाई व्यवस्थापन गर्ने तर उहाँले गर्न सक्नुभएको छैन । ठूला-ठूला भाषण गर्ने तर माखो नमार्ने काठमाडौं महानगरपालिकाका मेयर ज्यू काठमाडौंका जनताले स्वच्छ सास फेर्ने वातावरण बनाइदिनुहोला ।

**सुनिता दुलाल, गायिका**

तपाईंको कार्यकालमा युवापुस्तालाई विदेश पलायन हुन बाध्य नबनाउनुहोस् भन्न चाहन्छु ।

**सरिता गिरी, रंगकर्मी**

जब तपाईं काठमाडौं महानगरपालिकाको मेयरमा निर्वाचित हुनुभयो । त्यतिबेला मैले आशा गरेकी थिएँ कि अब राजधानी काठमाडौंले मुहार फेर्छ । सम्भवतः प्राकृतिक स्रोतले सजिएको हाम्रो देशको राजधानी काठमाडौं विदेशी पर्यटकको समेत रोजाइको गन्तव्य हो । देशका ७७ जिल्ला नै पर्यटकीय सम्भावना बोकेको देशको राजधानीकै अवस्था दयनीय छ । हिउँदमा धूलो र वर्षामा हिलोले राजधानीका सडकमा हिंड्न गाह्रो छ । बाटोमा पहिले भन्दा अहिले बढी फोहोरको थुप्रो छ । समय सँगै राजधानीका हरेक व्यक्तिको सपना टुटेको छ । वास्तवमै भन्ने हो भने काठमाडौंका जनताको कुनै ठूलो अपेक्षा छैन केवल काठमाडौं सुन्दर, सफा र सहज बाटोको मात्र आशा छ ।

**सुप्रिया कटुवाल, मोडल**

काठमाडौंका सडक राम्रो बन्नुपर्‍यो, समयमै फोहोर उठाएर डम्पिङ गर्नुपर्‍यो र धारामा निरन्तर खानेपानी आउने व्यवस्था बनाउनुहोला ।

**शिल्पा पोखरेल, अभिनेत्री**

तपाईंमा जे हुनुपर्थ्यो त्यो क्षमता रहेनछ । क्षमतावान्लाई समयमै आफ्नो पद हस्तान्तरण गर्नुभयो भने सबैको भलो हुने थियो ।

**सुरेन्द्र केसी, हास्यकलाकार**

उहाँलाई हाम्रो महानगरपालिकाको अवस्था कस्तो छ भन्ने सबै थाहा छ । त्यसैले एकबारको जुनीमा काम गरेर देखाइदिनुहोस् । तपाईंलाई भगवानले मौका दिनुभएको छ । यो अवसर गुमाउनुभयो भने अर्को जुनीमा हामी जस्तै दुख पाउने सर्वसाधारण भएर जन्मिनु पर्दा निकै पीडा हुनेछ ।

**राजनराज शिवाकोटी, गायक तथा संगीतकार**

प्रस्तुति : महेश तिमल्सिना



संगीत

# पोखरामा तीजको चटारो

पोखराको डिजिटल स्टार रेकर्डिङ स्टुडियो पोखरामा मात्र यसपालिको तीजका लागि ६० वटा गीत रेकर्ड भैसकेको निर्देशक तारानाथ आचार्यले जनाए। यसरी रेकर्ड भएका गीत ८० प्रतिशत मौलिक भएको उनको दाबी छ। पोखराका अन्य स्टुडियो तथा काठमाडौं आदि ठाउँका स्टुडियो पुगेर गीत रेकर्ड गराइएका गीत पनि धमाधम युट्युबमार्फत सार्वजनिक भैरहेका छन्। यसपालिको तीजका लागि पोखरा तथा आसपासका कलाकारले १ सयभन्दा बढी गीत रेकर्ड गराइसकेको अनुमान गरिन्छ।

वि.सं. २०४५ सालदेखि हरेक वर्ष तीज गीत मार्फत दर्शक-श्रोतामाझ पुग्दै आएकी लोकगायिका हरिदेवी कोइरालाले यसपालि तीजमा दुईवटा गीत बजारमा ल्याएकी छिन्। गायिका कोइरालाले हालसम्म २ सयवटा तीज गीत बजारमा ल्याइसकेकी छन्। तीजका गीतलाई दुई भागमा बाड्नुपर्ने कोइरालाको तर्क छ। 'तीजको मौलीकतालाई ध्यान दिइएका गीतलाई तीज गीत र बाँकी गीतलाई तीजको सर्न्दभमा गाइएका गीत भन्नुपर्छ' उनले भनिन्। सबैलाई तीज गीतभन्दा गलत अर्थ लाग्ने उनले बताइन्।



जुना र प्राश्नाको तीज गीत : पप गायिकाद्वय जुना प्रसाईं तथा प्राश्ना शाक्यको यसै साता सार्वजनिक उनीहरूको नयाँ तीज गीत 'तीज आयो आफुलाई...' को म्युजिक भिडियो छायांकनको क्रममा।

कोइरालासँगै पोखरा अनि आसपासबाट तारा पौडेल श्रेष्ठको हाम्रा बाबाको तीनतले घर, तारा पौडेल र सन्तोष सुनारको गाउँ जाने जिप, सुनिता पौडेलको माइतीको झल्को, डिल्ली पौडेलको बोडी र तरुल, राधा भण्डारीको माइती देश, रतिमाया खड्का र आशा गुरुङको नाच संगी मादलु तालैमा, दिलु फगामी मगर र सुनिता गिरीको परदेशी दिदी, कृष्ण अखेली र लक्ष्मी नेपालीको आधिखोला, निशान क्षेत्री र कृष्ण अखेलीको जुरेली चरी, चोलेन्द्र पौडेल र ज्योति लोहनीको फूलबारीमा, राम्जी पौडेल र माया गुरुङको दिदी तिम्रो भाइ, टेक क्षेत्री र कल्पना आलेको नाचम बरिलै, इन्दिरा पौडेलको पछि परेको नपढेर हो, राम्जी पौडेल, गंगा त्रिपाठी र भीममाया त्रिपाठीको फर्की आउँ माइला, चन्द्र क्षेत्रीको डालीमाथि बसेको मैना, गंगा पौडेल र राम्जी पौडेलको झुम्का लगाइ देउ, रत्न रसाइलीको माइतीको सम्झना, सरस्वती परियार, माया गिरी र आदर्श महिला समुहको डेरा सरी सरी, नारायण भट्टराई र प्रिती गिरीको मेरी बुडी, किसान नेपाली र तारा गदालको बुटवल बजार, मीना अधिकारी र विष्णु बरालको झम्के, सुरेन्द्र गुरुङ र शर्मिला गुरुङको मनको धनी, तारापती सुवेदी र जीवन दाहालको भिनाजुको भाइ, माइतमा गएर, बहिनी लिन, श्रीमान्-श्रीमती छन् सिर, लौ बाबा आमा, भुइँको धुलो, सलल पानी गरी सात गीत यसपालिको तीजलाई केन्द्रित गरी बजारमा आएका छन्।

यसैगरी घनश्याम रिजाल र सुमित्रा काफ्लेको छुन हुनी भए त, केशव घिमिरेको चसम्कलो जुन छैन, दीपक कार्कीको नाच्न नजान्नी, अम्बिका भण्डारी र चन्द्रावती वाग्लेको हाम्रो माइती घर, अम्बिका भण्डारी र अम्बिका नेपालको फूल फुल्यो, राजन कार्की र माया गुरुङको टल्लक्कै टल्कियो साडी, पार्वती जिसी र तुलसा क्षेत्रीको माइतमै दिल बस्यो, प्रदीप त्रिपाठी र राधिका हमालको जन्मघर माइतैमा, कृष्ण सुवेदी र प्रेन्का पराजुलीका जान्छ भने पानीले धुम, कृष्ण सुवेदी, अनिता पन्त, तुलसी कुँवरको मेरो बूढीको बुद्धि, कृष्ण सुवेदी, माया गुरुङ, सबिना क्षेत्रीको पाउजु बजाउँदै, कृष्ण सुवेदी र मालती रानाको तिरिरी मुलली बज्यो गीत पनि बजारमा आएका छन्। श्री स्टार मिडियाले मात्र ८ वटा तीज गीत बजारमा ल्याएको छ।

वास्तविक तीज गीतको झझल्को दिने गीत तयार गर्न नसक्दा दर्शक-श्रोता भने निराश छन्। यस पटक कलाकारहरू दर्शक-श्रोताको मन जित्न सफल हुन्छन् कि हुँदैनन्, त्यसका लागि केही समय प्रतीक्षा गर्नैपर्ने हुन्छ। यद्यपि तडकभडक र तामझामका कारण तीज गीतमा हुने लगानी भने वर्षेपिच्छे बढ्दैछ। गलत शिर्षक राखेर दर्शकलाई झुक्याउँदै आम्दानी गर्न खोज्नेहरूको बिगबिगी पनि उत्तिकै हुन्छ। अधिकांश कलाकारको आफ्नै युट्युब च्यानल भएका कारण गीत कस्तो छ भन्दा पनि भ्यूअर कसरी बढाउने भन्ने चिन्ता कलाकारहरूलाई हुने गरेको छ। तीजको अवसरमा मात्र रहरले गीत तयार पार्ने र त्यसै क्रममा जस्ता पनि गीत बनाउने चलनका कारण समेत तीज गीतमा विकृति बढेको गुनासो गरिन्छ।

राजाराम पौडेल

## तीज गीत निकाल्न तँछाडमछाड

तीज आउन झन्डै एक महिना बाँकी रहँदा बुटवलमा तीजका गीतहरू घन्किन थालिसकेका छन्। बुटवलका कलाकारहरू तँछाडमछाड गर्दै तीज गीत सार्वजनिक गरिरहेका छन्। बुटवलमा रहेका ५ वटा मिडिया सेन्टरले यो वर्ष ५० वटा तीज गीत तयार पारिसकेका छन्। कलाकार शिलु भट्टराई 'उर्मिला' ले यो वर्ष १० वटा तीज गीतमा स्वर दिएकी छिन्। उनले आफ्नै लगानीमा 'चम्के तरुनी' गीत निकालेकी छिन्। कलाकार प्रचण्ड जीसी, बैकुण्ठ महत, डिल्लीनारायण पाण्डे आदिले पनि तीज गीत सार्वजनिक गरेका छन्। पेसाले शिक्षक कल्पना कुसुमले ४ वर्षयता तीज गीत सार्वजनिक गर्दै आएकी छिन्। उनले यो वर्ष संगीनी बोलको गीत बजारमा ल्याएकी छिन्। यतिबेला बुटवलमा शिक्षकदेखि पत्रकारसम्मले तीज गीत निकाल्ने लहर चलेको छ। सञ्चारकर्मी निरु गौतमले 'जमुनाको तिर' शीर्षकको तीज गीत तयार पारेकी छिन्। त्यस्तै, सञ्चारकर्मी सञ्जय सौगातले कुटुमा कुटु, वीरेन्द्र कुँवरले मालीगाइ, पार्वती न्यौपानेले भदौरे झरी बोलका गीत सार्वजनिक गरेका छन्। यो वर्षको तीजमा धेरै गीत मौलिक भएको र कतिपय पुरानो भाका समातेर गाइएको राष्ट्रिय लोक दोहोरी गीत प्रतिष्ठान लुम्बिनीका अध्यक्ष डिल्ली नारायण पाण्डेले बताए।

अमृता अनमोल



## पूर्वमा तीजको लहर...

हिन्दू नेपाली नारीहरूको महान् पर्व तीजको आगमनसँगै पूर्वेली लोकगायिकाहरू तीजको गीत रेकर्डिङ तथा म्युजिक भिडियो छायांकनमा जुटेका छन्। विशेषगरी पूर्वमा चर्चा कमाएका गायिकाहरू अञ्जु गौतम, यमुना पराजुली, चन्दा खड्का एवं गंगा गौतमलाई तीजले छपक्कै छोएको छ। उनीहरू यतिबेला पूर्वका विभिन्न स्थानमा तीज गीतको म्युजिक भिडियो छायांकन सकेर तीजको प्रतीक्षामा छन्। विगत एक दशकदेखि इटहरीमा लोकगीत-संगीतमा क्रियाशील गायिका अञ्जु गौतमले यो वर्षको तीजमा 'स्वयंवरको रातो साडी लगाउ छपक्कै' गीत तथा भिडियो तयार पारेकी छिन्। गायिका यमुना पराजुली पनि तीज गीत रेकर्डिङमा जुटेकी छिन्। उनले यो वर्षको तीजमा कलियुगकी देवीलाई सजाएझैं भा'की छु गीत रेकर्ड गराइसकेकी छिन्। विगत केही वर्षयता तीजका गीत सार्वजनिक गर्दै आएकी चन्दा खड्काले यो वर्षको तीजमा घिनघिन मादल घन्काउँदै गीत बजारमा ल्याउने तयारीमा छिन्। लोकदोहोरी गायिका गंगा गौतम राजकुमार बगरको शब्द तथा संगीतमा बरिलै गीत बजारमा ल्याउने तयारीमा छिन्। यस पटकको तीज गीतमा आफूले महिलाहरूले भोग्नुपर्ने पीडा-बेदना प्रस्ट्याउन खोजेको गौतम बताउँछिन्।

नरेन्द्र बस्नेत


म्युजिक अपडेट

### पारसको धरोहर

सञ्चारकर्मी पारस नेपालले गाएका गीतहरूको एल्बम धरोहर काठमाडौंमा सार्वजनिक भएको छ। एल्बममा समावेश पाँचवटा गीतमा माधवप्रसाद घिमिरे, क्षेत्रप्रताप अधिकारी, अमन मास्के, दिनेश अधिकारी तथा फूलमान बलका शब्द एवं जुगल डंगोलको एकल संगीत छ। उक्त एल्बमको 'कस्तो हुन्थ्यो...' गीतको म्युजिक भिडियोलाई डब्बु क्षेत्रीले निर्देशन गरेका हुन्।

### मेरो गजल तिम्रो लागि

गजलकार संजिता देउजाले रचना गरेका गजलको पहिलो एल्बम मेरो गजल तिम्रो लागि को विमोचन सम्पन्न भएको छ। एल्बमका आठवटा गजलमा सत्यराज आचार्य, स्वरूपराज आचार्य तथा दीपक थापाको स्वर सुन्न सकिन्छ।



मनको ढोका : गायक रामभक्त जोजिजूले 'मनको ढोका...' शीर्षकको गीतको म्युजिक भिडियो प्रिमियर गरेका छन्। रक्ष गुरुङको शब्द तथा संगीतको उक्त म्युजिक भिडियोमा गायक जोजिजू आफैंले नै अभिनेत्री वर्षा राउतसँग अभिनय गरेका छन्। निकेश खड्का उक्त भिडियोका निर्देशक हुन्।

### जगतमर्दनको नयाँ

८३ वर्षीय गायक जगतमर्दन थापाको चौथो एल्बम 'म पतझड तिमी मधुमास' को लोकार्पण काठमाडौंमा सम्पन्न भएको छ। गायक थापा तथा भारतीय गायिका उषा मङ्गेशकरको युगल गीत 'म पतझड तिमी मधुमास' समावेश भएकाले एल्बमको शीर्षक पनि यही गीतबाट जुराइएको हो। उक्त गीतलाई शिखर सन्तोषले संगीतबद्ध गरेका हुन्। समारोहमा म पतझड.. गीतको म्युजिक भिडियो प्रिमियर समेत गरिएको थियो, जसलाई दिनेश डिसीले निर्देशन गरेका छन् भने उक्त भिडियोमा डिसीसहित सञ्चिता लुईंटेल तथा विशाल पहाडीको छ।

### आमा बरिलै

गायिका धनकुमारी थापा सरु, शान्तिश्री परियार तथा गायक नरेश खातीको स्वरको तीज गीत 'आमा बरिलै' को प्रिमियर काठमाडौंमा सम्पन्न भएको छ। प्रकाश भट्टद्वारा निर्देशित उक्त भिडियोमा किरण केसी, दिपाशा बिसी, शर्मिला शर्मा, नरेश खाति तथा गायिका थापा स्वयंले अभिनय गरेका छन्।

## फिल्मी डायरी

### रोजी र रामकहानीको भिडन्त

प्रदीप खड्काको चलचित्र रोजी र पूजा शर्माको रामकहानी भदौ २२ गते एकसाथ प्रदर्शनमा आउँदैछन् । निर्देशक सुदर्शन थापाले तीन महिनाअघि नै रामकहानी प्रदर्शन गर्ने पक्का गरेका थिए, सोही मितिमा निर्देशक निरक पौडेलले चलचित्र रोजी प्रदर्शन गर्ने भएपछि सिनेवृत्तमा ठूलै तरंग आएको छ । ९ वर्षअघि सुदर्शनको मेरो एउटा साथी छ र निरकको कुसुमे रुमाल एकसाथ प्रदर्शनमा आएका थिए ।

### प्रसादको इन्डक्ल्याप

नोभेम्बर रेन, क्लासिक तथा पर्व जस्ता चलचित्रका निर्देशक दिनेश राउतको चलचित्र प्रसादको इन्डक्ल्याप सम्पन्न भएको छ । विपिन कार्की तथा नम्रता श्रेष्ठद्वारा अभिनीत उक्त चलचित्रको छायांकन एक महिना चलेको थियो । नि:सन्तान परिवारको कथामा आधारित यो चलचित्र मंसिर २१ गते प्रदर्शनमा आउने बताइएको छ ।

### बकम्फुसे राजा

सञ्चारकर्मी प्रकाश सुवेदीले आफ्नो ५० औं जन्मदिनको अवसर चलचित्र बकम्फुसे राजा निर्माण गर्ने घोषणा गरेका छन् । यही चलचित्रबाट सुवेदीले चलचित्र निर्देशनमा हात हाल्न लागेका हुन् । सुवेदी फिल्म्सको ब्यानरमा तयार हुने यो हास्यप्रधान चलचित्रमा गणेश सुवेदीको लगानी रहनेछ । सुनिल श्रेष्ठले स्क्रिप्ट लेखेको चलचित्र बकम्फुसे राजाका प्रमुख कलाकारको घोषणा भने गरिएको छैन ।

### देश दौडाहामा ब्ल्याक

प्रदीप श्रेष्ठद्वारा निर्देशित चलचित्र ब्ल्याक टिम आफ्नो प्रमोशनका लागि देश दौडाहामा निस्किएको छ । केही दिनअघि काठमाडौं छोडेको यो चलचित्रको निर्माण टिमले पूर्व धरान, विर्तामोड, नारायणगढ, हेटौंडा, बटवल हुँदै पोखरा पुगेर प्रमोसन कार्यक्रम सम्पन्न गर्नेछ । प्रमोशन टोलीमा चलचित्रका मुख्य पात्र आकाश श्रेष्ठ, आँचल शर्मा तथा निर्देशक, निर्माता आदि छन् ।



नगर दोमन : झण्डै साढे दुई दशकअघि प्रदर्शित चलचित्र 'ज्वाला' को 'नगर दोमन...' मा सरोज खनाल र कृष्टि केसीले नृत्य गरेका थिए । यसै साता छायांकन गरिएको चलचित्र 'ब्रेकअप' को सोही गीतको रिमेक भर्सनमा अभिनेता खनालले नै नृत्य गर्ने संयोग जुरेको छ ।

### थाइल्यान्डमा चीं मुसी चीं

सस्पेन्स थ्रिलर चलचित्र चीं मुसी चींले विदेशबाट प्रदर्शनको थालनी गरेको छ । अघिल्लो साता चलचित्रको पहिलो विदेश प्रदर्शन थाइल्यान्डको राजधानी बैंककमा सम्पन्न भएको थियो । बैंककको मेजर सिनेप्लेक्समा प्रदर्शित उक्त चलचित्र हेर्न उल्लेख्य दर्शक उपस्थित थिए । दिनेश श्रेष्ठ निर्देशित चीं मुसी चींमा अलिशा शर्मा तथा सुनिल क्षेत्रीको मुख्य भूमिका छ ।

### ए मेरो हजुर-३ को डेट

अनमोल केसीको प्रमुख भूमिका रहने चलचित्र ए मेरो हजुर-३ को प्रदर्शन मिति छायांकनमा जानुअगावै घोषणा गरिएको छ । निर्देशक झरना थापाले उक्त चलचित्र चैत २९ गते प्रदर्शनमा आउने कुरा बताएकी छिन् । यो चलचित्रको छायांकन असोज ५ गते प्रारम्भ हुँदैछ । जसमा निर्देशक थापाकी छोरी सुहाना थापाले डेब्यु गर्दैछिन् ।

### प्रेम चरी प्रारम्भ

विचल किराँतीले निर्देशन गर्ने चलचित्र प्रेमचरीको मुहूर्त काठमाडौंस्थित मैतीदेवी मन्दिरमा सम्पन्न भएको छ । चन्द्र भट्टराईद्वारा लिखित कथामा आधारित यो चलचित्रलाई एस.बी.आर. फिल्म्स तथा आई स्टार इन्टरनेसनल फिल्म्सको ब्यानरमा निर्माता सञ्जयश्री एवं मोनिका ठाकुरले संयुक्त रूपमा निर्माण गर्नेछन् ।

### लुटका निर्माता छुटे

नक्कली नोट छापेको आरोपमा पक्राउ परेका निर्माता माधव वाग्लेलाई उच्च अदालत, पाटनले धरौटीमा रिहा गर्ने आदेश दिएको छ । जिल्ला अदालत काठमाडौंले नक्कली नोटको कारोबार गरेको भन्दै गत जेठमा वाग्लेलाई पूर्पक्षका लागि थुनामा पठाएको थियो । निर्माता वाग्ले २५ लाख रुपैयाँ धरौटी बुझाएर रिहा भएका हुन् ।

### ओम्याक्समा आगलागी

हेटौंडास्थित ओम्याक्स हलमा आगलागी भएको छ । लुट, संरक्षण आदि चलचित्रका निर्माता तथा एफडी कम्पनीका अध्यक्ष नरेन्द्र महर्जनको उक्त हलमा भएको आगलागीबाट मानविय क्षति भने नभएको बताइएको छ । आगलागी हुँदा उक्त हलमा आर्यन सिग्देल तथा साम्राज्ञी राज्यलक्ष्मी शाह अभिनीत चलचत्रि कायरा प्रदर्शन भैरहेको थियो । जिल्ला प्रहरी कार्यालय, मकवानपुरका अनुसार विद्युत् सर्ट भएर उक्त आगलागी भएको हो ।

### मिस्टर भर्जिनको यात्रा

प्रदर्शन मिति नजिकिँदै जाँदा चलचित्र मिस्टर भर्जिनले आफ्नो प्रचार-प्रसारलाई तीव्र बनाएको छ । भदौ १ गते प्रदर्शन मिति तय गरिएको यो चलचित्रको निर्माण टिम अहिले मोफसल टुरमा छ । आइतबार पोखरामा सांगीतिक कन्सर्ट गर्दै चलचित्रको यो यात्रा आरम्भ भएको थियो । अब यो टिम बुटवल, नारायणगढ, हेटौंडा, धरान, विर्तामोड, दमक आदि सहर पुगेर काठमाडौं फर्कनेछ । टुरमा गौरव पहारी, कमलमणि नेपाल, मरिश्का पोखरेल, रवीन्द्र झा आदि कलाकार सहभागी छन् ।

## सानो पर्दा

### कवितालाई बुगी वुगी

फ्रेन्चाइजमा आधारित डान्सिङ रियालिटी शो 'बुगी वुगी'को पहिलो सिजनको उपाधि कविता नेपालीले जितेकी छिन् । सर्लाहीकी १८ वर्षीया कविता नेपालकै पहिलो डान्सिङ सुपरस्टार घोषित भएकी हुन् । बुगीवुगीको फाइनल चरणमा अन्तिम दुई प्रतिस्पर्धीलाई पछि पार्दै कविताले २५ लाख रुपैयाँ नगद हात पारिन् । प्रतियोगितामा तनहुँकी प्रतिभा पुन मगरले दोस्रो स्थान हासिल गर्दै नगद ६ लाख रुपैयाँ प्राप्त गरिन् भने सरोज मोक्तानले तेस्रो स्थान हासिल गर्दै ४ लाख रुपैयाँ जिते । बुगी वुगीको अनलाइन अडिसनमार्फत झन्डै ३ हजार प्रतिस्पर्धीले सहभागिता जनाएका थिए । तीमध्ये १ सय ५० जना प्रतिस्पर्धीलाई दोस्रो चरणको अडिसनका लागि काठमाडौं ल्याइएको थियो । उनीहरूमध्येबाट १८ जना प्रतियोगीलाई भिडियो राउन्ड, कला प्रदर्शन राउन्ड आदिमा सहभागी गराएर उत्कृष्ट तीनको घोषणा गरिएको थियो । उक्त रियालिटी शोमा अभिनेता दिलीप रायमाझी, अभिनेत्री प्रियंका कार्की तथा नृत्य निर्देशक कविराज गहतराज निर्णायक थिए ।




### रोकिए हास्य श्रृंखला

नेपाल टेलिभिजनबाट प्रसारण भैरहेका चारवटा लोकप्रिय हास्य श्रृंखलाको प्रसारण साउनको पहिलो सातादेखि रोकिएको छ । जिरे खुर्सानी, मेरी बास्सै, भद्रगोल तथा ब्रेकफेलको प्रसारण अनिश्चित कालका लागि रोकिएको बताइन्छ । यी चारवटै श्रृंखला मिडिया हबले उत्पादन गर्दै आएको थियो । नेपाल टेलिभिजन तथा मिडिया हबबीचको पुरानो सम्झौता असार मसान्तदेखि नै समाप्त भएको तथा नयाँ सम्झौता हुन नसकेकाले ती श्रृंखलाको प्रसारण रोकिएको बताइएको छ । जिरे खुर्सानीका निर्देशक नीरज नेपालका अनुसार नेपाल टेलिभिजनले अर्को सूचना नआउन्जेलसम्मका लागि श्रृंखलाको प्रसारण रोकिएको जनाएको साप्ताहिकलाई बताएका छन् । ती श्रृंखला प्रसारण हुने समयमा अहिले विभिन्न वृत्तचित्र प्रसारण भैरहेका छन् । यसबीच नेपाल टेलिभिजनले उक्त समयमा प्रसारण हुने नयाँ कार्यक्रमका लागि टेण्डर आह्वान गरेको छ । मिडिया हबले भने ती श्रृंखलालाई उपलब्ध गराइएको समयको मूल्य अत्यधिक भएपछि श्रृंखलालाई नियमित गर्न समस्या भएको बताएको छ । तीतो सत्यको प्रसारण रोकिएसँगै दीपकराज गिरी तथा दीपाश्री निरौलाको जोडी चलचित्र निर्माणमा सक्रिय भएकै भद्रगोलको टोली पनि हालसालै चलचित्र निर्माणमा होमिएको छ ।

## पोस्टर/ट्रेलर

### रेनीको ट्रेलर

भदौ ८ गते प्रदर्शनमा आउने चलचित्र रेनीको ट्रेलर सार्वजनिक भएको छ । उक्त ट्रेलरमा दीपक ढकाल तथा सनम मल्लबीचको प्रेम, रोमान्स, द्वन्द्व एवं विछोड देखाइएको छ ।

### रोजीको गीत

चलचित्र रोजीको फूल हैन शीर्षकको गीत सार्वजनिक भएको छ, जसमा प्रताप दास तथा प्रविशा अधिकारीको स्वर सुन्न सकिन्छ भने त्यसमा प्रदीप खड्का एवं मिरुना मगरले अभिनय गरेका छन् ।



### नाईं नभन्नू ल-५ को गीत

चलचित्र नाईं नभन्नू ल-५ को दोस्रो गीत सार्वजनिक भएको छ । बालापनको उमेर बोलको उक्त गीतमा बाल कलाकारद्वय अनुभव रेग्मी तथा सेड्रिना शर्माले अभियन गरेका छन् ।

### रामकहानीको ट्रेलर

निर्देशक सुदर्शन थापाको चलचित्र रामकहानीको ट्रेलर सार्वजनिक भएको छ । भदौ २२ गते प्रदर्शनमा आउने उक्त ट्रेलरमा अभिनेता आकाश श्रेष्ठ, अभिनेत्री पूजा शर्मा आदि प्रमुख कलाकार अटाएका छन् ।

बलिउड







# अब चलचित्र निर्देशन

ऐश्वर्या राय बच्चन छोरी आराध्याको जन्मपछि चलचित्रमा कमै मात्र देखिएकी छिन् । दर्जनौं चलचित्रमा काम गरिसकेकी ऐश्वर्याका प्रशंसकहरूले उनको नयाँ चलचित्र कहिले हेर्न पाइन्छ भनिरहेका बेला ऐश्वर्यासम्बन्धी एउटा नयाँ खबर सार्वजनिक भएको छ । भारतीय मिडियाहरूको दाबीलाई मान्ने हो भने ऐश्वर्या अब चाँडै चलचित्र निर्देशनमा हात हाल्दैछिन्, जसको काम अघि बढिरहेको छ । यद्यपि उनले कहिलेदेखि चलचित्रको काम सुरु गर्ने हुन्, स्पष्ट छैन, तर उनका श्रीमान् अभिषेक बच्चनले चलचित्र निर्देशनमा ऐश्वर्याको उत्साह बढाइरहेका छन् । केही समयअघि ऐश्वर्याले आफू चलचित्र निर्देशनमा लाग्ने संकेत गर्दै भनेकी थिइन्, 'चलचित्र निर्देशन अभिनय भन्दा धेरै जोखिमपूर्ण काम हो, एउटा चलचित्रको जिम्मा लिनुपूर्व सम्पूर्ण जोखिम उठाउन सक्छु कि सक्दिन भन्ने विषयमा आफु ढुक्क हुनुपर्छ । यद्यपि म यो जोखिम उठाउन तयार छु ।'

# सुहाना म्यागजिनकी कभर गर्ल

बलिउडमा नातागोता एकदमै चल्छ भन्ने कुरा नौलो रहेन । बलिउडमा पकड जमाएका केही अभिनेता-अभिनेत्रीलाई हेर्ने हो भने उनीहरूमध्ये अधिकांश चलचित्रकै छत्रछायाँमा हुर्किएकाहरू नै पाइन्छन् । अभिनेता शाहरूख खानकी छोरी सुहाना चलचित्रमा आउने भारतीय मिडियाहरूले दाबी गरिरहेका बेला केही समयअघि करण जौहरले उनलाई आफ्नो चलचित्रमा लिने चर्चा चलेको थियो । अहिलेसम्म कुनै पनि चलचित्रमा नदेखिएकी ब्युटिफुल सुहाना पहिलो पटक म्यागजिनको आवरणमा अटाएकी छिन् । उनले आफ्नो पहिलो स्टनिङ एन्ड बोल्ड फोटोसुट भोग म्यागजिनका लागि गराएकी हुन्, जसले यतिवेला राम्रै चर्चा बटुलेको छ । आफ्नी छोरीको कभर तस्बिर भएको म्यागजिन शाहरूख खानले नै सार्वजनिक गरेका हुन् । शाहरूखले ट्विटरमा सुहानाको उक्त कभर सेयर गर्दै भनेका छन्, 'फेरि एकपटक छोरीलाई आफ्नो हातले उचालिरहेको छु धन्यवाद भोग ।'



# मन फर्कियो भूपू मायामा

'एक सुन्दर और सुशील लड्की, जिसका नाम है– कैटरिना कैफ !' जब सलमान खानले आफ्नो फेसवुकमा कैटरिना कैफको तस्बिरसहित यी शब्द पोस्ट गरे त्यसमा, '४ हजार ६ सय २० वटा कमेन्ट प्राप्त भए, जसमा धेरैले भनेका छन् सलमानले कैटरिनालाई फेरी आफ्नो क्याम्पमा लिएका छन्, यो त्यसकै संकेत हो ।' यो कुरा यथार्थ हो कि होइन त्यो सलमान वा कैटरिनालाई नै थाहा होला । यद्यपि सलमानको यो पोस्टले पछिल्लो समय बलिउडका यी दुई पूर्व प्रेमिप्रमिका फेरि नजिकिँदै गएको अनुमान गर्न गाह्रो पर्दैन । प्रियका चोपडाले सलमानको निर्माणाधीन चलचित्र भारत छोडेपछि कैटरिनालाई स्वागत गर्दै सलमानले मायाको उक्त रङ फेसबुकमार्फत छरेका हुन् । केही समयअघि सलमान-कैटरिना अभिनित रेस-३ ले राम्रो व्यापार गरेको थियो । पछिल्ला वर्षमा सलमान र कैटरिनाका सम्बन्धमा बलिउडमा थुप्रै टीका-टिप्पणी हुने गरेको छ । धेरैले उनीहरू थप नजिकिँदै गएको बताउन थालेका छन् । एउटा नेपाली गीत छ– पीपल छायाँमा फेरि मन फर्कियो भूपू मायामा कहीं सलमानको मन भूपू मायामा फर्किएको त होइन ?

## बलिउड अपडेट


- अभिनेता सञ्जय दत्तले पानीपतको तेस्रो लडाइँमा आधारित चलचित्र पानीपतमा काम गर्ने भएका छन्, जसमा उनी अफगानिस्तानका शासक अहमद शाह अब्दालीको भूमिकामा देखिनेछन् ।
- सलमान खानको चलचित्र भारत छोडेर अमेरिका हान्निएकी अभिनेत्री प्रियंका चोपडाले अमेरिकी टेलिभिजन शृङ्खला क्वान्टिकोमा पनि काम नगर्ने घोषणा गरेकी छिन् ।
- अभिनेता अक्षयकुमारले एक मिडियालाई अन्तर्वार्ता दिँदै आफ्ना प्रशंसकहरूको चाहनाअनुसार मात्र चलचित्र साइन गर्ने कुरा खुलासा गरेका छन् ।
- निर्देशक सञ्जयलीला भन्सालीले हालै चलचित्र पद्मावतमा दिपिका पादुकोणलाई नलिएर ऐश्वर्या रायलाई लिन चाहेको खुलासा गरेका छन् ।
- पूर्व मिस इन्डिया झटलेका मल्होत्राले सञ्जयलिला भन्सालीको नयाँ चलचित्रमा काम गर्ने भएकी छिन्, यद्यपि उक्त चलचित्रको शीर्षक अझै सार्वजनिक गरिएको छैन ।

## विदेशी सेलिब्रेटीको नेपाल डेस्टिनेसन

# फर्केर आउने वाचा अधुरै



रामजी ज्ञवाली







सुन्दरताका हिसाबले नेपाललाई कसैले पछि पार्न सक्दैन भन्ने कुरामा अब दुईमत रहेन । बर्सेनि बढिरहेका पर्यटक तथा विश्वविख्यात सेलिब्रेटीको नेपाल आगमनले पनि यो कुरालाई पुष्टि गर्छ । पर्यटकीय दृष्टिले नेपाल वास्तवमै गज्जबको छ ! यही आकर्षणका कारण पनि अभिनय, गीत-संगित तथा विश्वको रंगीन दुनियाँमा ख्यातिप्राप्त सेलीब्रेटीहरूले बेलाबखत नेपालको भ्रमण गर्दै आएका छन् ।

बलिउड स्टार सलमान खान दोस्रो पटक नेपाल आउने कुरा अझै सेलाएको छैन । उनी द दबंग टुरअन्तर्गत काठमाडौं आउने कार्यक्रम पटक-पटक सरेको छ । सलमान यसअघि चलचित्र बुलन्दीको छायांकनका लागि नेपाल आएका थिए । सलमानले त्यतिबेला काठमाडौं नजिकका पर्यटकीय स्थलको भ्रमणसमेत गरे । यद्यपि सलमान अभिनीत उक्त चलचित्र विभिन्न कारणले प्रदर्शनमा आउन सकेन । सलमान नेपालप्रति भावनात्मक रूपमा भने निकै नजिक छन् । त्यतिबेला उनले भनेका थिए, ‘नेपाल निकै सुन्दर छ, फेरि आउनेछु ।’ सलमानले भूकम्पका बेला आर्थिक तथा भौतिक सहयोगसमेत गरेका थिए ।

शाहरूख खान २०७१ मा नेपाल आए । कान्साई न्यारोलेक पेन्ट्सले आयोजना गरेको कार्यक्रमका लागि नेपाल आएका थिए, त्यतिबेला शाहरूखलाई भेट्न सयौं प्रशंसक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए । शाहरूख पर्याप्त समय मिलाएर नेपाल आउने वाचा गरी भोलिपल्टै मुम्बई फर्किए ।

बलिउडमा ‘मिस्टर पर्फेक्सनिस्ट’ उपमा पाएका आमिर खान चलचित्रका लागि जति चर्चित छन्, उनले उति नै ख्याति कमाएका छन् सामाजिक अभियन्ताका रूपमा । आमिर केही वर्षअघि राष्ट्रसंघीय बालकोष युनिसेफको बालबालिकाको पोषणसम्बन्धी कार्यक्रमका लागि नेपाल आएका थिए । नेपाल सरकार तथा युनिसेफ काठमाण्डु कार्यालयको संयुक्त पहलमा तीनदिने भ्रमणमा आएका आमिर काठमाडौंपछि लुम्बिनी गएका थिए । आमिरले पनि त्यतिबेला आफूलाई नेपाल एकदमै मन परेको भन्दै परिवारलाई लिएर पुनः आउने कुरा बताएका थिए । खानले लुम्बिनीलाई विश्वभरिकै भ्रमण गर्न लायक उत्कृष्ट गन्तव्य भन्दै प्रशंसा गरेका थिए ।

लियोनार्दो डिक्याप्रियो सर्वाधिक रुचाइएका हलिउड कलाकार हुन् । चलचित्र एवार्डमा संसारकै सबैभन्दा प्रतिष्ठित मानिने ओस्कार एवार्डसमेत जितिसकेका लियोनार्दोले २०१० मा नेपाल भ्रमण गरेका थिए । त्यतिबेला उनी बर्दिया राष्ट्रिय निकुन्जको भ्रमण गरी फर्किएका थिए । त्यसबेला डिक्याप्रियो बाघ संरक्षणको विश्वव्यापी अभियानका लागि नेपाल आएका थिए ।

गायिका सेलेना गोमेजले नेपालको भ्रमणपछि पुनः आउने सोच बनेको कुरा बताएकी थिइन् । जस्टिन बिबरसँग प्रेमसम्बन्धमा रहेका बेला उनी २०१४ मा युनिसेफको गुडविल एम्बेस्डरका रूपमा नेपाल आएकी थिइन् । उनले त्यतिबेला पश्चिम तराईको भ्रमण गरिन् ।

हलिउड कलाकार रिचार्ड ग्रे पटक-पटक नेपाल आएका छन् । ६८ वर्षीय रिचार्डले पहिलो पटक १९७८ मा नेपालको भ्रमण गरेका थिए । धार्मिक प्रयोजनका लागि समय-समयमा नेपाल आउने ग्रे मिडियालाई भने आफ्नो भ्रमणको सुइँको दिँदैनन् ।

क्यानेडियन गायक ब्रायन एडम्स २०११ मा नेपाल आएका थिए । नेपालमा अहिलेसम्म भएका सांगीतिक कार्यक्रममध्ये सबैभन्दा बढी रुचाइएको सांगीतिक कार्यक्रम ब्रायन एडम्सकै मानिन्छ । उक्त कन्सर्ट २०११ को फेब्रुअरीमा भएको थियो, जहाँ २० हजार दर्शक झुमेका थिए ।

अमेरिकी कलाकार, निर्देशक तथा संगीतकार स्टिभन सिगलले कैयन् पटक नेपाल भ्रमण गरेका छन् । उनी तिब्बतमा भिक्षुका रूपमा समेत बसेका छन् । हिमालय पाण्डा संरक्षण समितिको सस्थापकमध्येका एक स्टिभन चलचित्र क्षेत्रमा कहलिएको नाम हो ।

भूकम्प गएको दुई महिनापछि हलिउड सेलिब्रेटी ज्याकी च्यान राहत वितरणमा सहयोग गर्न नेपाल आए । उनले भूकम्पपीडितहरूलाई ज्याकी च्यान फाउन्डेसनमार्फत विभिन्न सामग्री वितरण गरेका थिए । भूकम्प प्रभावित क्षेत्रमा पुगेर आफैंले राहत सामग्री वितरण गरेपछि सारा विश्वका मिडियाको ध्यान ज्याकीतर्फ तानिएको थियो ।

१६ पटक ग्रामी एवार्ड जित्ने गोर्डन माथ्युलाई धेरैले स्टिङ्गका रूपमा चिन्छन् । उनी प्रख्यात गायक तथा संगीतकार हुन् । म्याथ्युले २००५ तथा २००८ मा नेपाल आएर ऱ्याफ्टिङ, ट्रेकिङ एवं दृश्यावलोकन गरेका छन् । उनले ठमेलको ज्याज बारमा लोकल ब्यान्डसँग गीतसमेत गाएका थिए ।

झन्डै तीन दशकदेखि गायनमा सक्रिय रिकी मार्टिनले गाएका गीत धेरैको मन-मुटुमा बस्न सफल छन् । युवापुस्ताका लोकप्रिय गायक रिकीले दुई पटक नेपाल आएर भ्याकेसन मनाएका छन् । १९९९ र २००० मा नेपाल आएका रिकीले त्यतिबेला ७ दिनको ट्रेकिङसमेत गरेका थिए ।

बलिउडका अभिनेता अक्षय कुमार पनि नेपाल आएका छन् । काठमाडौंको बौद्धस्थित होटल हायातमा बसेका अक्षयले बौद्ध स्तूपका तस्बिर इन्स्टाग्राममा राख्दै बौद्ध स्तूपलाई संसारकै सबैभन्दा सुन्दर प्रार्थनास्थल बताएका थिए ।

हलिउडका फाइट मास्टर सेरिल राफेइलीसमेत नेपाल आएका छन् । उनी एक चलचत्रिको द्वन्द्व निर्देशनका लागि नेपाल आएका थिए ।

बलिउडकी अभिनेत्री सन्नी लियोनी पटक-पटक नेपाल आएकी छिन् । जिंक भोड्काले आयोजना गरेको पार्टीमा सहभागी हुन उनी पछिल्लो पटक नेपाल आएकी थिइन् । सन्नी दुई वर्षअघि पनि नेपालमा आएकी थिइन् ।

अभिनेत्री सोनाक्षी सिन्हा २०१६ मा नेपाल आएकी थिइन् । काठमाडौंको टुँडिखेलमा सञ्चालित ‘अमरपन्छी’ कार्यक्रममा सहभागी हुन उनी सँगै चर्चित अभिनेत्री मलाइका अरोरासमेत नेपाल आएकी थिइन् ।

चर्चित अभिनेत्री माधुरी दीक्षित केही वर्षअघि चलचित्र आरजुको छायांकनका लागि नेपाल आएकी थिइन् । त्यतिबेला उनले नेपालको सुन्दरताबाट मोहित भएको बताएकी थिइन् । यद्यपि उनको केही भनाइ त्यतिबेला विवादमा समेत तानियो ।

भारतका अर्का चर्चित अभिनेता हुन्– सैफ अली खान । सैफ चलचित्र आरजुको छायांकनका लागि नेपाल आएका थिए । नेपालको छोटो बसाइमा पनि उनले काठमाडौं वरपरका केही स्थानको भ्रमण गरेका थिए ।

दरबारमार्गस्थित मेरीगोल्ड ज्वेलरी उद्घाटन गर्न भारतकी चर्चित अभिनेत्री करिश्मा कपुर गत वैशाखको अन्तिममा नेपाल आइन् । उनको यो दोस्रो नेपाल भ्रमण थियो । यसअघि उनी १५ वर्षअघि पनि घुमघामका सिलसिलामा नेपाल आएको बताइन्छ । हाल आफ्ना छोराछोरी हुर्काएर जीवन बिताइरहेकी करिश्माले साप्ताहिकसँगको अन्तरवार्तामा भनेकी छिन्- ‘वास्तवमा मलाई नेपालमा लामो समय बस्न मन थियो । यद्यपि व्यक्तिगत कारणले यसपटक त्यो सम्भव भएन, तर भ्रमण छोटो भए पनि असाध्यै मीठो भयो । सबैको माया पाएर असाध्यै खुसी लाग्यो ।’ करिश्माले अर्को पटक काठमाडौं र नेपालका रमणिय स्थानको ढुक्कसँग भ्रमण गर्ने गरी आउने समेत बताएक थिइन् ।



भारतीय चलचित्रका सदाबहार अभिनेता देव आनन्दले तीन दर्जन चलचित्रको निर्माण गरे । देव आनन्दको राजा महेन्द्रसँग राम्रो सम्बन्ध भएकाले उनी बेला-बेलामा नेपाल आइरहन्थे । आनन्दले अभिनय गरेका हरे राम हरे कृष्णा, जोनी मेरा नाम र इश्क इश्क ईश्क चलचित्रको छायांकन नेपालमा गरिएको थियो, जतिबेला उनी लामो समय नेपाल बसेका थिए । नेपालमा ७० को दशकमा चलेको हिप्पी संस्कृतिको सेरोफेरोमा निर्माण गरिएको चलचित्र हरे राम हरे कृष्णले नेपाली संस्कृति तथा रहनसहनलाई बाहिरी विश्वमा चिनाउन मद्दत गरेको थियो । नेपालसँग आत्मीय सम्बन्ध रहेको बताउँदै आएका देव आनन्दले दरबार हत्याकाण्डसम्बन्धी चलचित्र निर्माण गर्ने घोषणासमेत गरेका थिए, यद्यपि उनको रहर पूरा हुन सकेन । उनको सात वर्षअघि बेलायतमा हृदयाघातका कारण निधन भयो ।

बलिउड अभिनेत्री जुही चावला हालसालै नेपाल भ्रमणमा थिइन् । जुही नेपाल बसाइका क्रममा काठमाडौं वरपरका केही आकर्षक ठाउँ घुमिन् । उनले बौद्धनाथमा तस्बिर खिचाउँदै त्यहाँको सुन्दरताको प्रशंसा गरिन् । जुहीले ललितपुरस्थित पाटन दरबार स्क्वायर तथा धुलिखेलस्थित द्वारिकाज वेलनेस होटल पुगेर सुन्दर तस्बिर खिचेर ट्विटरमा राखिन् । उनले नेपाल निकै सुन्दर र हरियाली आकर्षक रहेकाले असाध्यै मन परेको बताईन ।

भारतका महानायक अमिताभ वच्चन धेरै वर्षअघि नेपाल आएका थिए । समय-समयमा नेपालप्रति चासो राख्दै आएका अमिताभले ३३ वर्षअघि नेपालको भ्रमण गरेका थिए । त्यतिबेला उनी चलचित्र महानको छायांकनमा व्यस्त थिए । उक्त चलचित्रको छायांकन भक्तपुरलगायत काठमाडौंका केही स्थानमा गरिएको थियो । त्यसअघि सन् १९९१ मा अमिताभ चलचित्र खुदागवाहको छायांकनका बेला पनि नेपालमा आएका थिए । उक्त चलचित्रमा अभिनय गर्न श्रीदेवीसमेत नेपाल आएकी थिइन् । उक्त चलचित्रको छायांकन जोमसोममा भएको थियो ।

भारतका चर्चित गायक सोनु निगम लभ ईन नेपाल चलचित्रको छायांकनका बेला नेपाल आएका थिए । सोनुले उक्त चलचित्रमा झरना बज्राचार्यसँग अभिनय गरेका छन् । त्यसअघि उनले पोखराको एक कार्यक्रममा प्रस्तुति समेत दिएका थिए । सोनुले नेपालमा हुने एक कार्यक्रमका लागि पुन आउने बताए पनि विविध कारणले उक्त कार्यक्रम रोकिएको थियो । नेपाल आएका बेला उनले पोखरा र काठमाडौंका केही स्थानको भ्रमण भने गरेका थिए ।

अभिनेता विनोद खन्नाले विभिन्न समयमा नेपाल भ्रमण गरे । केही कार्यक्रमको सिलसिलामा नेपाल आएका खन्ना भारतमा सांसदसमेत थिए । ७० वर्षको उमेरमा १४ वैशाख २०७४ मा स्वर्गारोहण भएका खन्नाले नेपाल प्रकृतिले दिएको सुन्दर उपहार हो भन्दै प्रशंसा गरेका थिए ।

यसैगरी गोविन्दा, शत्रुघ्न सिन्हा, सुभाष घई, मनोज बाजपेयी आदि कलाकार पनि बेला-बेलामा नेपाल भ्रमण गरिसकेका छन् ।

## विकेन्ड महोत्सव





# तीज साडी महोत्सव

नेपाली नारीहरूको महान चाड तीज नजिकिँदैछ । यो अवसरमा विभिन्न कार्यक्रम आयोजित भैरहेका छन् । आज शुक्रबारदेखि सोमबारसम्म एम्बेसी हाउस, विशालनगरमा पुरानो फ्रेन्च साडी महोत्सव हुँदैछ । महोत्सवमा भारतीय, पाकिस्तानी, ढाकाका साडीहरु खरिद गर्न सकिनेछ भने हातले बुनिएको साडी पनि महोत्सवको आकर्षण हुनेछ । साडी बाहेक हातैले तयार पारिएका नेपाली लेहेंगा, जयपुरी कुर्ता सुटका साथै प्रदर्शनीमा परम्परागत गरगहना समेत उपलब्ध हुनेछन् । लखनउबाट आएका सेफले बनाएको बिरयानी तथा कबाब फुड स्टलको प्रमुख आकर्षण रहने यो महोत्सवमा घरमा बनाइएको अचार समेत खरिद गर्न सकिनेछ ।

**आयोजक :** गेट्माइ फेब्रिक डट्कम **समय :** ११ बजदेखि ७ बजेसम्म **स्थान :** नक्साल, भाटभटेनी

## विकेन्ड हाइकिङ




# खोपासी- बल्थली सर्किट

भोलि शनिबार फुर्सदमा हुनुहुन्छ ? यदि त्यसो हो भने हाइकिङ गएर आफ्नो समयको सदुपयोग गर्न सक्नुहुन्छ । खोपासी, रोशी खोला, लड्केश्वर मन्दिर, बल्थली, ख्याकु हुँदै पुनः खोपासी आएर टुंगिने यो हाइकिङको आयोजना हाइक फर नेपालले गर्न लागेको हो । तपाई पहिलो पटक हाइकिङ जाँदै हुनुहुन्छ भने ९ सय ५० रूपैयाँ तिर्नुपर्नेछ, जस बापत एउटा टिसर्ट तथा यातायात सुबिधा उपलब्ध हुनेछ । यदि पुरानै सदस्य हो भने ४ सय ५० रूपैयाँ शुल्क बुझाए पुग्छ । हाइकिङमा सहभागी हुनेहरूलाई भृकुटीमण्डप गेटबाट गाडीले लाने तथा हाइकिङपछि त्यही ठाउँमा छोड्ने व्यवस्था छ ।

**आयोजक :** हाइक फर नेपाल **भेट्ने स्थान :** भृकुटीमण्डप गेट
**सुरु हुने समय :** बिहान ६:४० बजे
**दूरी :** १६ किलोमिटर **अवधि :** ६ देखि ८ घण्टा

## विकेन्ड इभेन्ट

# ग्ल्याम म्युजिकल फ्राइडे

आज शुक्रबार ठमेलस्थित रिफ रेस्टुराँ एन्ड लाउन्ज बारमा 'ग्ल्याम म्युजिकल नाइट' सञ्चालन हुने भएको छ जसमा क्षमतावान् महिला कलाकारहरु प्रस्तुत हुँदैछन् । 'ग्ल्याम म्युजिकल नाइट' को यो तेस्रो संस्करण हो । उक्त अवसरमा प्रेक्षा सहित अन्य युवा कलाकार एउटै मञ्चमा देखा पर्नेछन् भने फ्यान्टास्टिक ब्यान्डले प्रस्तुति दिनेछ ।

**आयोजक :** रिफ रेस्टुराँ एन्ड लाउन्ज बार, ठमेल **समय :** ७ बजे **प्रवेश :** निःशुल्क

## विकेन्ड लाइभ



# लोडसेडिङ ब्यान्डको लाइभ

१२ वर्षअघि स्थापना भएको लोडसेडिङ ब्यान्डले भोलि कीर्तिपुरको सासा द नेवा रेस्टुराँमा प्रस्तुति दिँदैछ । यो ब्यान्डले नेपाली पप तथा आधुनिक गीत बढी सुनाउँछ । विगतमा यो ब्यान्डले पोखरा, धरान, लमजुङ, चितवनका साथै भारतमा समेत कार्यक्रम गरिसकेको छ । केही वर्ष पहिले नेपालमा बत्ती गैरहन्थ्यो । त्यस क्रममा तीन जना युवा निखिल सिकर्मी, पारस सुबेदी तथा युस्के केसी बत्ती बिना नै बजाउन मिल्ने बाजा बजाउन थाले । त्यसपछि संगीतमा रूचि भएका यी युवा लोडसेडिङ ब्यान्डका नाममा सक्रिय भए ।

**कलाकार :** निखिल सिकर्मी, पारस सुबेदी तथा युस्के केसी **आयोजक :** सासा द नेवा रेस्टुराँ, कीर्तिपुर **समय :** ३ देखि साढे ६ बजेसम्म **प्रवेश :** निःशुल्क

## विकेन्ड डेस्टिनेसन

# पोखराका दोहोरी साँझ

कास्कीमा सञ्चालनमा रहेका दोहोरी साँझको संख्या २२ छ, जसमा निरमाया दोहोरी साँझ, मान्द्रो दोहोरी साँझ, पोखरा दौतरी दोहोरी साँझ, गाउँ शहर दोहोरी साँझ, न्यु रुपाहिल दोहोरी साँझ, बिन्ध्यवासिनी दोहोरी साँझ, शिखर दोहोरी साँझ, सान्नानी दोहोरी साँझ, फेवा दोहोरी साँझ, रिमझिम दोहोरी साँझ, दर्पणछायाँ दोहोरी साँझ, वर-पीपल दोहोरी साँझ, सात ताल दोहोरी साँझ, विसौनी दोहोरी साँझ, चौतारी दोहोरी साँझ, सुनगाभा दोहोरी साँझ, नौमती दोहोरी साँझ, सेन्टर पोइन्ट रोधी घर प्रमुख छन् । यसैगरी पोखरा रोधी घर, भञ्ज्याङ दोहोरी साँझ, साइनो दोहोरी साँझ, रिदम दोहोरी साँझ पनि सञ्चालनमा छन् । पोखराको बगरदेखि, महेन्द्रपुल, चिप्लेढुङ्गा, पृथ्विचोक, अम्मरसिँहचोक, विरौटा, तालचोक आदि ठाउँ दोहोरी साँझका पायक गन्तव्य हुन् । पोखरामा दोहोरी साँझ ७.३० बजेदेखि राती ११ बजेसम्म सञ्चालन हुन्छन् ।



एल्बम बिक्री शून्यमा पुगेर पीडित भएका कलाकारहरूले विकल्पका रूपमा दाहोरीसाँझमा काम गरी गुजारा चलाउँदै आएका छन् । यस क्रममा दोहोरी साँझ सञ्चालन गर्ने कलाकारको संख्यामा समेत व्यापक वृद्धि भएको छ । कास्कीमा सञ्चालित दोहोरी साँझमा झण्डै एक हजार जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । कास्कीमा सञ्चालित दोहोरी साँझमा मात्र १५ करोड रुपैयाँभन्दा बढीको लगानी रहेको लोक दोहोरी रेस्टुराँ व्यवसायी संघ पोखराका अध्यक्ष जीवन गुरुङले बताए ।

लोकदोहोरीगायक प्रजापति पराजुलीले वि.सं. २०५० फागुन ३ गते आफ्नै घरमा 'दोहोरी रेस्टुरेन्ट दोहोरी साँझ' सञ्चालन गरी पोखरामा दोहोरी साँझको शुरुवात गरेका थिए । उक्त दोहोरी साँझ नेपालकै पहिलो दोहोरी साँझ भएको दावी पराजुलीको छ । हाल यो दोहोरी सञ्चालनमा छैन ।

पोखरामा सञ्चालनमा आएका सुसेली दोहोरी साँझ, माछापुच्छ्रे दोहोरी साँझ, भेटघाट दोहोरी साँझ, सप्तकोशी दोहोरी साँझ, दिपशिखा दोहोरी साँझ, तिरुपती दोहोरी साँझ, सोल्टी दोहोरी साँझ, शर्मा दोहोरी साँझ, पानस दोहोरी साँझ, सरगम दोहोरी साँझ, निरला दोहोरी साँझ, घरको छानो दोहोरी साँझ, गामबेसी दोहोरी साँझ, गाँउले दोहोरी साँझ आदि दोहोरी साँझले भने निरन्तरता पाउन सकेनन् । सञ्चालनमा आएका केही दोहोरी साँझ बन्द हुन क्रमसँगै नयाँ खुल्ने क्रम भने रोकिएको छैन ।

राजाराम पौडेल

## चलचित्र

# कहीं कतै



**निर्देशक** : सविर श्रेष्ठ **कलाकार** : दिलीप रायमाझी, किशोर खतिवडा, उमा बेबी, सिवानी गिरी, सोनम वरफुङ्पा आदि । **संगीत** : सचिन सिंह तथा लक्की सिटौला

उमा फिल्म्सको ब्यानरमा निर्माण भएको चलचित्र कहीं कतै आज शुक्रबारदेखि देशव्यापी प्रदर्शनमा आउँदैछ । ५० भन्दा बढी स्क्रिनमा एकसाथ प्रदर्शन हुने यो चलचित्र सिक्किम तथा काठमाडौंमा खिचिएको हो । चलचित्रका निर्देशक सविरका अनुसार यो चलचित्रले समसामयिक विषय उठान गरेको छ । निर्देशक श्रेष्ठ भन्छन्- कहिकतै फेमेली ड्रामा हो र यो चलचित्रमा हामीले युवापुस्ताको लभ स्टोरी समेत देखाउन खोजेका छौं । ७५ लाख जति लगानी भएको चलचित्र कहींकतैमा शिवानी तथा सोनमको जोडी बाँधिएको छ । यो चलचित्रमा सिवानी इनोसेन्ट युवतीको भूमिकामा प्रस्तुत हुँदैछिन् । केही समय अघि यो चलचित्रको प्रदर्शन सिक्किममा भएको थियो जहाँ दर्शकबाट सुःखद् प्रतिक्रिया मिलेको दाबी गरिएको छ । शिव ढकाल तथा बाबु श्रेष्ठको छायांकनको यो चलचित्रलाई अर्जुन जिसीले सम्पादन गरेका हुन् । चलचित्रकी अभिनेत्री तथा निर्मात्री उमा वेवीले दर्शकले यो चलचित्रबाट फरक किसिमको स्वाद पाउनेमा आफूहरू ढुक्क रहेको बताएकी छिन् ।

# टिन एज



**निर्देशक** : दिनेश पाखिन **कलाकार** : नरेशवीर सिंह, प्रतीक्षा खड्का, एन्जिला खड्गी, कृष्ण सिवाकोटी, सरिता राजभण्डारी, सरोज शाह, निर्मल स्याङतान तथा रेशम फिरिरी आदि । **संगीत** : विकास चौधरी तथा बसन्त सापकोटा

आज प्रदर्शनमा आउने चलचित्र टिएज पूर्ण प्रेम कथामा आधारित छ । युवापुस्ताको फेसनेवल प्रेम, रोमान्स एवं प्रेममा आउने उतारचढावमा केन्द्रित यो चलचित्र हेलेन पाखिनको प्रस्तुतिमा तयार पारिएको हो । यो चलचित्रको निर्माण गत वर्ष नै भएको थियो भने चलचित्रको एउटा गीत र पोस्टर अघिल्लो वर्षने सार्वजनिक गरिएको थियो । खासै प्रमोसन नगरिएको यो चलचित्रको कथा वसन्तजंग रायमाझीले लेखेका हुन् भने स्क्रिप्ट तथा संवाद सुमन उप्रेतीको छ । चलचित्र टिनएजका अधिकांश भाग काठमाडौं तथा आसपासका क्षेत्रमा खिचिएको हो । यो चलचित्र निर्माणमा ५० लाखको हाराहारीमा खर्च गरिएको बताइन्छ ।



# पिरिम पऱ्या छन्

**निर्देशक** : पुरन थापा **कलाकार** : दिलीप रायमाझी, जयकिसन बस्नेत, शुभेच्छा थापा, सुवास मेचे, रमेश बुढाथोकी, सोभित बस्नेत, राजाराम पौडेल, चाँदनी कोइराला, उमा कार्की, लय संग्रौला, पुरन थापा, सुरवीर पण्डित आदि । **संगीत** : विकास चौधरी तथा विनोद भुजेल

आज प्रदर्शनमा आउने पिरिम पऱ्या छन् हास्यविद्याको चलचित्र हो । यो चलचित्रको ट्रेलर केही महिना अघि नै सार्वजनिक भएको थियो । काठमाडौं तथा आसपासका जिल्लामा खिचिएको चलचित्र पिरिम पऱ्या छन् मा ७० लाख जति लगानी भएको बताइन्छ । माता वसुन्धरा मुभिज तथा बन्धु फिल्म्सको यो संयुक्त प्रस्तुतिलाई विमल ढकालले खिचेका हुन् । गाउँले परिवेशको कथामा निर्माण गरिएको यो चलचित्रले सिंगल थिएटरका दर्शकलाई आकर्षित गर्ने अनुमान गरिएको छ । चलचित्रमा केही चिनिएका पात्र तथा विषयवस्तु हाँस्यप्रधान भएकाले निर्माण पक्ष चलचित्र चल्नेमा ढुक्क छ । लय संग्रौला तथा निरज थापाले संयुक्त रूपमा निर्माण गरेको यो चलचित्र देशका ५० भन्दा बढी हलमा प्रदर्शन हुने बताइएको छ ।

## रंगमञ्च



# रंगमञ्चमा नेप-ग्याजम

विगत केही महिनादेखि युटयूबमा चर्चा कमाउँदै आएको नेप-ग्याजम स्ट्यान्डअप कमेडी शोलाई गत शनिबार लाइभ स्ट्यान्ड-अप कमेडी शो सिजन-३ का रूपमा सर्वनाम थिएटरमा प्रस्तुत गरियो । रंगमञ्चमा नाटक मात्र होइन, हास्य कार्यक्रम पनि सञ्चालन गरेर दर्शकलाई भरपूर मनोरञ्जन गर्न सकिन्छ भन्ने कुरा नेप-ग्याजम स्ट्यान्ड अप कमेडी शोले प्रमाणित गरेको छ । सिजन-१ र सिजन-२ को सफलतापछिको यो तेस्रो सिजनमा पाँच जना हास्यकलाकार लेखमणि त्रिताल, डोरेश खतिवडा, रुजा ओझा, सरोज भण्डारी तथा रोशन सुवेदी आदिले प्रस्तुति दिएका थिए ।


# शिल्पीमा मुनामदन

बत्तिसपुतलीस्थित शिल्पी थिएटरमा नाटक मुनामदन प्रस्तुत हुने भएको छ । भदौ १३ गतेदेखि २६ गतेसम्म मञ्चन हुने उक्त नाटकलाई सविन कट्टेल तथा सुदीप कार्कीको निर्देशन गरेका हुन् । विराट आदर्श साहित्य मञ्चद्वारा प्रस्तुत नाटक मुनामदनमा सविन कट्टेल, आरजु खरेल, एञ्जन पौडेल, अनु श्रेष्ठ, विना भट्टराई, लकेश कार्की, सुदिप कार्की आदि कलाकारले अभिनय गर्नेछन् ।

SHILPEE
passion for art

## ग्यालरी

# समता चित्रकला प्रदर्शनी



पोखरामा समता कला प्रदर्शनीमा पानीरंगका सुन्दर तस्विरहरू प्रदर्शन गरिएको छ । पोखरा आर्ट ग्यालरी महेन्द्रपुलमा भएको प्रदर्शनीमा ३७ जना कलाकारका ६३ वटा चित्र राखिएका थिए । पोखरेली युवा सांस्कृतिक परिवारले आयोजना गरेको प्रदर्शनीमा समावेश चित्र २ हजार ५ सयदेखि ७० हजार रुपैयाँसम्मका थिए ।

राजाराम पौडेल







# सुष्मा गुरुङ

बाटुलेचौर, पोखराकी सुष्मा गुरुङ १९ वर्षकी भइन् । ५ फिट २ इन्च अग्ली गुरुङको तौल ४९ केजी छ । सुष्मा लुक्स फेसनले आयोजना गरेको तेस्रो संस्करणको मिस कलेज नेपाल-२०१७ की विजेता हुन् । उनले मिस डिभामा समेत सहभागिता जनाएकी थिइन् । उनी पोखरामा हुने विभिन्न फेसन शोमा देखा


परिसकेकी छिन् । स्कुल छँदा उनलाई एथलेक्टिक्स रुचि थियो । गुरूङ राम्रो नृत्यसमेत गर्छिन् भने फुर्सद उनीमा घर तथा भान्छाको काम सघाउँछिन् ।

-राजाराम पौडेल



दाह्री वार्ता

# दाह्री पालेकै कारण विकास बाबा भनियो



● विकास आचार्य, निर्देशक

**दाह्री पाल्न थाल्नुभएको कति भयो ?**

ठ्याक्कै यति नै वर्ष भयो भनेर भन्न गाह्रो छ । दाह्री पाल्ने र काट्ने क्रम बराबर चलिरहेको हुन्छ ।

**पहिलो पटक दाह्री पाल्दा कति वर्षको हुनुहुन्थ्यो ?**

२०-२१ वर्षको उमेरमा त्यस्तै पाँच महिना जति पालेको थिएँ । त्यतिबेला झ्याप्प बाक्लो, कालो दाह्री देखेर मप्रति आकर्षित हुनेहरू धेरै थिए ।

**त्यसयता हालसम्म कति पटक दाह्री पाल्नुभयो ?**

मैले यति नै पटक दाह्री पालें भनेर कुनै अंक तोकें भने त्यो झुटो बोलेको हुन्छ । नढाँटी भन्नुपर्दा मैले त्यसरी गनेकै छैन, किनभने म प्रायः दाह्री पालिरहेकै हुन्छु ।

**दाह्री पाल्ने रहरचाहिं कसरी जाग्यो ?**

पहिले-पहिले रहरै रहरमा पालियो । रहरले बानी बसायो । आजको मितिसम्म आइपुग्दा दाह्री पाल्ने काम स्वभाविक लाग्न थालेको छ ।

**अहिले झ्याप्प फुल्दा पनि दाह्री पाल्न नछाड्ने कारण के हो ?**

हरेक कुरा ढकमक्क फुलेकै राम्रो होइन र ? फूल फुलेको राम्रो, यौवन फुलेको अझ राम्रो । दाह्री फुलेको त झन् कति हो कति राम्रो ।

**काट्न नभ्याएर अथवा अल्छी लागेर दाह्री पाल्नु भएको त होइन नि ?**

होइन-होइन, नभ्याएर अथवा अल्छी लागेर होइन । दाह्रीमै हिड्ने बानी परेकाले मात्र हो ।

**तपाईंको सेतो दाह्रीप्रति साथीभाइको प्रतिक्रिया ?**

उनीहरूको प्रतिक्रिया सकारात्मक नै छ । कसैले पनि नसुहाएको अथवा भद्दा देखियो भनेका छैनन् ।

**दाह्रीको स्याहारमा कति समय दिनुहुन्छ ?**

खासै दिन्न । दिँदै दिन्न भन्दा पनि फरक पर्दैन । हप्तामा एक पटक घरमै हल्का ट्रिम गर्छु, त्यत्ति हो स्याहार भनेको ।

**दाह्री पालेको सबैभन्दा लामो अवधि कति छ ?**

एकताका झन्डै साढे दुई वर्ष जति पालेको थिएँ । त्यति बेला मलाई धेरैले 'विकास बाबा' भनेर सम्बोधन गरे ।

**त्यसताका बाबाहरूको संगतमा हुनुहुन्थ्यो कि ?**

हो, म त्यति बेला आध्यात्मतर्फ आकर्षित थिएँ । चुनचुन बाबा, पगलानन्द बाबाहरूको संगतले लामो समय दाह्री पालेको थिएँ ।

**अहिले पालिरहेको दाह्री कहिले काट्ने ?**

यो साउन भरी त काट्नै मिलेन । नाइँ नभन्नु ल-५ यही भदौको पहिलो साता प्रदर्शनमा आउँदैछ, त्यसको सफलतासँगै दाह्रीलाई नयाँ स्वरूप दिने कुरा सोच्दैछु ।

प्रस्तुति : कृष्ण भट्टराई



# सुध्रिइन् ज्योति

नेपाली कलाकारहरू छिट्टै चर्चामा आउन अनेकन् गतिविधिमा संलग्न भैरहेका हुन्छन् । त्यस क्रममा विगत केही वर्षयता लोकदोहोरी गायिका ज्योति मगर उत्तेजक व्यवहार देखाएर चर्चामा आइन् । उनी जहाँ-जहाँ पुग्थिन् त्यहाँ-त्यहाँ सबैको नजरमा पर्थिन् । अझ भन्ने हो भने ज्योति मिडियाको नजरबाट कहिल्यै उम्कन सकिनन् । विशेष गरी उनले गाएका गीतमा भड्किला शब्द तथा म्युजिक भिडियोको अभिनयमा लगाइएका छोटा पहिरनका कारण उनी निरन्तर आलोचित भैरहिन् । यद्यपि यस पटकको तीजको अवसरमा तिनै ज्योतिले विकृति र स्याल कुखुरी बोलका दुईवटा तीज गीत बजारमा ल्याएकी छिन् । विगतका वर्षजस्तो यो वर्ष उनका गीत खासै भड्किला छैनन् । उनले सभ्य भएर भिडियोमा अभिनय गरेको जो-कसैले अनुभव गर्न सक्छन् । त्यसैले पनि धेरैले भन्न थालेका छन्- अब ज्योति मगर सुध्रिछिन् ।



# किशोरको गुनासो


रेखा थापाले निर्माण गरेको कसले चोर्‍यो मेरो मनबाट अभिनय क्षेत्रमा आएका किशोर खतिवडाले त्यसपछि लंका, रावण, मन्जरीलगायत ३ झन्डै दर्जन चलचित्रमा काम गरिसकेका छन् । यद्यपि किशोर अभिनीत अधिकांश चलचित्र फ्लप छन् । यी अभिनेताको नयाँ चलचित्र कहीँ-कतै आज साउन २५ गतेदेखि प्रदर्शन हुँदैछ भने असोज १९ गते निर्जला प्रदर्शन हुनेछ । अघिल्लो मंगलबार मात्र उक्त चलचित्रको गीत सार्वजनिक कार्यक्रममा यी अभिनेताले आफ्नो गुनासो सुनाए- खासमा म कलाकारभन्दा पनि निर्देशक बन्न आएको हुँ, केही चलचित्रमा अप्रत्यक्ष रूपमा निर्देशनमा सहयोग समेत गरेको छु, तर भाग्यले कलाकारितामा डोर्‍यायो । उनले विगतमा प्रकाश सायमी निर्देशित चलचित्र रानीखोलामा सहायक निर्देशक भएर काम गरेको पनि बताए । त्यसपछि हतियारमा मुख्य सहायक निर्देशकका रूपमा काम गरेका खतिवडाले अझै पनि आफूमा निर्देशक बन्ने चाहना जीवितै भएको बताएका छन् । उनले अहिले सुत्केरी शीर्षकको चलचित्र निर्देशन गरिरहेको बताएका छन् ।

किशोरको निर्देशन यात्रा कति सफल होला त ?



# चलचित्र नआउँदै चर्चामा

६ वर्षीय बालकलाकार क्रिजन गौतम अभिनीत चलचित्र मेरी मामु प्रदर्शन हुन अब धेरै समय छैन । सन्तोष सेनले निर्माण गरेको उक्त चलचित्रको मुख्य भूमिकामा काम गरेका क्रिजनको डेब्यु चलचित्र प्रदर्शनमा नआउँदै चलचित्र क्षेत्रमा उनको खोजी सुरु भएको छ । मेरी मामुको सेटबाट क्रिजनको क्षमता बाहिरिएसँगै यतिवेला आधा दर्जन निर्माता क्रिजनलाई लिएर चलचित्र बनाउन तम्सिएका छन्, कतिपय चलचित्र त उनले साइन समेत गरिसकेको बताइन्छ । केही वर्षअघि बुटवलमा सम्पन्न अल नेपाल डान्स च्याम्पियनसिपमा उद्घोषण गरेर धेरैलाई आश्चर्यचकित तुल्याएका क्रिजनको उद्घोषण शैली देखेर दर्शक मात्र होइन, भारतको मुम्बईबाट आएका विशेष निर्णायक एवं चर्चित नृत्य प्रशिक्षक टेरेन्स लुइससमेत प्रभावित भएका थिए । लुइसले क्रिजनबाट प्रभावित भएर एक महिने निःशुल्क प्रशिक्षणका लागि उनलाई मुम्बईसमेत पुर्‍याएका थिए । नृत्य र अभिनय दुवैमा राम्रो दख्खल राख्ने क्रिजनसँग काम गर्नेहरू भन्छन्- उनमा बहुप्रतिभा छ । अहिलेसम्म दर्जनौं कार्यक्रममा आकर्षक प्रस्तुति दिइसकेका क्रिजनको चलचित्र यात्रा कत्तिको सुःखद हुने हो भन्ने कुराचाहिँ हलमा चलचित्र लागेपछि नै थाहा हुनेछ ।



# आफैं मेकअप गर्ने अभिनेत्री



हटकेक अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहको अभिनय मात्र होइन, सुन्दरताको प्रशंसा गर्नेहरू पनि प्रशस्तै छन् । ड्रिम्स, ए मेरो हजुर-२, तिमीसँग आदि चलचित्रमा अभिनय गरी दर्शकको मन जितेकी साम्राज्ञी अहिलेकी व्यस्त अभिनेत्रीसमेत हुन् । अब साम्राज्ञीको चलचित्रको कुरा यतै राखेर उनको मेकअपसम्बन्धी रुचिको कुरा गरौं । हरेक कलाकारका लागि चलचित्र होस् वा फोटोसुट मेकअप आर्टिस्ट नभै हुँदैन, तर साम्राज्ञी भने मेकअप आर्टिस्टबिनै काम गर्छिन् । नेपालमा नाम चलेका मेकअप आर्टिस्टको कामले समेत साम्राज्ञीको चित्त बुझाउन सक्दैन । आखिर किन साम्राज्ञी आफ्नो मेकअप आफैं गर्छिन् ? यो कुराको रहस्य साम्राज्ञीले हालै साप्ताहिकसँग खोलेकी छिन् । उनले भनेकी छिन्, 'म प्रायः आफ्नो मेकअप आफैं गर्छु अरूले गरेको मेकअप मलाई चित्त बुझ्दैन ।' कहिलेकाहीं बाध्यतावश अरूले मेकअप गरिदिए पनि आफूलाई चित्त बुझ्ने मेकअपका लागि आफैं तात्नुपर्ने बताउने साम्राज्ञीले चित्त बुझाउने मेकअप आर्टिस्ट कहिले फेला पार्ने हुन् खै ?

# गहिरो प्रेममा पूजा-सुदर्शन !

अभिनेत्री पूजा शर्मा तथा निर्देशक सुदर्शन थापाबीचको प्रेम सम्बन्धका बारेमाधेरैजसो जानकार नै छन्, तर यो जोडीले अहिलेसम्म एक-अर्कालाई मन पराउँछौं भनेर खुलासा गर्न भने सकेका छैनन् । भित्रभित्रै गुपचुप डेटमा रमाइरहेको यो जोडीले आफ्नो सम्बन्धका बारेमा नबोले पनि चलचित्र वृत्तमा भने यो मामिलामा यत्तिकै चियोचर्चा हुन्छ । त्यसैले पनि हिजोआज धेरैले यो विषयलाई त्यति महत्व दिँदैनन् । यद्यपि यही हप्ता अभिनेत्री पूजा शर्माले सुदर्शन थापासँगको आफ्नो सम्बन्ध गहिरो बन्दै गएको संकेत गरेकी छिन् । चलचित्र रामकहानीको ट्रेलर सार्वजनिक कार्यक्रममा सुदर्शन थापालाई इंगित गर्दै पूजाले भनिन्, 'हो, उहाँ एकदमै ट्यालेन्ट हुनुहुन्छ, उहाँले निर्देशन गरेका अधिकांश चलचित्र सफल छन्, अहिले र विगतका केही चलचित्रमा मैले उहाँसँग काम गरेँ र भोलिका दिनमा पनि उहाँसँगै काम गर्नेछु ।' पूजाले भनिन्, 'भविष्यमा पनि उहाँभन्दा बाहिर गएर काम गर्नेछैन ।' पूजाले यी कुरा भन्दा सुदर्शन भने मुस्कुराइरहें । एउटी अभिनेत्रीले जोसँग पनि काम गर्न सक्नुपर्छ तर पूजाले सुदर्शनप्रतिको मोह यसरी प्रकट गर्दा धेरैले भन्ने मौका पाइहाले, 'भनेपछि पूजा-सुदर्शन गहिरो सम्बन्धमा छन् ।'



मेरो रोजाइ

# अभिनेत्री आश्मालाई मन पर्ने पाँच अभिनेता

दर्जनौं म्युजिक भिडियो, थुप्रै फेसन शो तथा विज्ञापनमा अभिनय गरिसकेकी मोडल आश्मा गिरीले यतिबेला अभिनेत्रीका रूपमा चलचित्रमा पदार्पण गरेकी छिन् । छोटो चलचित्र 'रङ टाइम' मा अभिनय गरेकी गिरीले चलचित्र 'ड्रिम गर्ल' मा शीर्ष भूमिका निर्वाह गरेकी छिन् । चलचित्रको टिजर, ट्रेलर तथा गीतमा सुन्दर देखिएकी आश्मालाई मनपर्ने पाँच अभिनेता :

**सौगात मल्ल**

मलाई अभिनेता सौगात मल्ल भर्सटाइल लाग्छन् । उनलाई हरेक प्रकारको भूमिका सुहाउँछ ।

**भुवन केसी**

मैले अभिनेता भुवन केसीका अधिकांश चलचित्र हेरेकी छु । केसीको अनुहारमा जुन चार्म छ, त्यो अरूमा पाउन सकिँदैन ।

**प्रदीप खड्का**

युवा पुस्ताका अभिनेतामध्ये प्रदीप खड्का स्विट लाग्छन् । म उनको हरेक अदाको फ्यान हुँ ।

**अनमोल केसी**

भुवन केसीझैं अनमोलमा पनि एक प्रकारको छुट्टै आकर्षक छ । उनी अभिनय नै गर्न जन्मिएका हुन् झैं लाग्छ ।

**आकाश श्रेष्ठ**

मैले चलचित्रमा अनस्क्रिन रोमान्स गर्न पाएको पहिलो अभिनेता, जो हेन्डसम मात्र छैनन्, अभिनयमा समेत अब्बल छन् ।




# यस्तो पो काइदा

अमेरिका, बेलायत तथा अष्ट्रेलिया जस्ता ठूला देशमा नेपाली चलचित्र प्रदर्शन गर्नु नौलो रहेन । ती देशका रमणीय शहरहरूमा नेपाली चलचित्र छायांकन हुनु पनि ठूलो कुरा भएन । यद्यपि ती देशमा हुने छायांकनमा नेपालबाट धेरै जना कलाकार तथा प्राविधिक सहभागी हुन समस्या सिर्जना हुँदै आएको छ । ती देशले भिसा नदिएकै कारण कतिपय चलचित्रले नेपालबाट कलाकार लगेर छायांकन गराउन सकेका छैनन् । यस्तो परिस्थितिलाई नजिकबाट नियालकेका पुराना चलचित्रकर्मी ईश्वर थापाले एउटा नयाँ जुक्ति निकालेका छन् । अमेरिकामै रहेका थापाले एउटा चलचित्र 'अमेरिकन बाबु मेड इन नेपाल' निर्देशन गर्ने योजना बनाए, जसमा अमेरिकामै बसोबास गरिरहेका कलाकारलाई मात्र अभिनय गराउने निश्चित गरे । फलस्वरुप यतिबेला सम्पूर्ण छायांकन अमेरिकामै गरिएको उक्त चलचित्र प्रदर्शनका लागि तयार छ, जसमा बाबु बोगटी, नन्दिता केसी जस्ता नाम चलेका कलाकारका साथमा इशान ढकाल, प्रवेश उप्रेती, राजेश गुरुङ, क्रिस थापा, स्मृति पोखरेल, जांगु शेर्पा आदि कलाकारले अभिनय गरेका छन् । उनीहरू सबै अमेरिकामै बसोबास गरिरहेका कलाकार हुन् ।

# मिस ग्रान्ड नेपाल



मिस ग्रान्ड नेपाल-२०१८ को फाइनल उरुशा जोशीले जितेकी छिन् । 'तपाईं मिस ग्रान्ड नेपाल-२०१८ को उपाधि विजेताका रूपमा नेपालको संसद्मा उपस्थित भएर वर्तमान अवस्थालाई विचार गरी नेपाल र नेपालीको हकमा बोल्नुपरे कुन विषयमा आवाज उठाउनुहुन्छ ?' भन्ने निर्णायक प्रश्नको उत्कृष्ट उत्तर दिएर उरुशाले मिस ग्रान्ड नेपाल-२०१८ को उपाधि हात पारेकी हुन् । उरुशाले विजेताका रूपमा म्यानमारमा संचालन हुने मिस ग्रान्ड इन्टरनेसनल-२०१८ मा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गरेकी छिन् । उक्त प्रतियोगितामा इक्सा मादेन फस्ट रनर्सअप तथा रिया गैरे सेकेन्ड रनर्सअप घोषित भएका थिए । यो प्रतियोगिता आर.के. इन्टरटेनमेन्ट ग्रुपद्वारा आयोजना गरिएको थियो ।



# भुटानी नेपालीभाषीको प्रतिभा

मेरो डान्स कप यूएस-२०१८ तथा मेरो भ्वाइस कप यूएस-२०१८ को ग्रान्ड फिनाले अमेरिकाको ओहोयास्थित एक्रोन सहरमा एक विशेष सांगीतिक कार्यक्रमबीच सम्पन्न भएको छ । यी दुवै प्रतियोगितामा अमेरिकामा बस्दै आएका नेपाली भाषी भुटानी तथा नेपाली युवा-युवतीहरूले सहभागिता जनाएका थिए । 'मेरो डान्स कप' नृत्य प्रतियोगिताको ग्रान्ड फिनालेमा चार जनाले प्रतिस्पर्धा गरेका थिए, जसमध्ये प्रतियोगिताको उपाधि विशाल राईले जिते । त्यसैगरी यही वर्ष प्रारम्भ भएको 'मेरो भ्वाइस कप' गायन प्रतियोगिताको अन्तिम चरणमा चार जनाले प्रतिस्पर्धा गरेका थिए, जसमा आनन राईले उपाधि हात पारे । यी दुवै प्रतियोगिता अमेरिकामा रहेका नेपालीभाषी भुटानीहरूले आफ्नो भाषा तथा संस्कृति प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरेका हुन् । मेरो डान्स कपको ग्रान्ड फिनालेका निर्णायक दिलीप रायमाझी, केकी अधिकारी, नन्दिता केसी, डीभी गुरुङ थिए भने मेरो भ्वाइस कपतर्फ रामकृष्ण ढकाल, रिमा गुरुङ होडा तथा अर्जुन रसाइलीले निर्णायकको भूमिका निर्वाह गरेका थिए । उक्त प्रतिस्पर्धाका क्रममा महानायक राजेश हमाल, रिमा विश्वकर्मा, गायक सत्य-स्वरूपराज आचार्य, बाबु बोगटी, जगदीश समाल, गायिका इन्दिरा जोशी, भुटनिज गायक प्रताप सुब्बा, मनोज ढकाल तथा किरण गजमेर आदि कलाकारले विशेष प्रस्तुति दिएका थिए ।

हेम गिरी

# फेसन शो सँगै सम्मान







एक दशकदेखि फेशन, इभेन्ट तथा ब्युटी पेजेन्टमा सक्रिय सिजन मिडियाले आफ्नो स्थापनाको १० औं वार्षिक उत्सवको अवसर पारेर फेसन शोसँगै विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरूलाई सम्मानित गरेको छ । उक्त अवसरमा सिजन मिडियाको आयोजनामा सञ्चालित विभिन्न कार्यक्रमका विजेता-उपविजेता तथा एयर होस्टेज तालिम लिइरहेका युवा-युवतीहरू आकर्षक फेसन शोमा प्रस्तुत भए । उक्त फेसन शोमा बालबालिका, युवतीदेखि विवाहिताहरूसम्मको सहभागिता थियो । फेसन शोमा लेहेंगा, गाउन, ड्रेप्ड ड्रेस, फर्मल वेयर सहित विभिन्न क्याजुअल पहिरन प्रस्तुत गरिएका थिए ।

# मिस गुरुङ इन्टरनेसनल



मिस गुरुङ इन्टरनेसनल-२०१८ मा बबिता गुरुङ विजेता घोषित भएकी छिन् । प्रतियोगितामा तलिसा गुरुङ फस्ट रनर्सअप तथा अलिशा गुरुङ सेकेन्ड रनर्सअप चयन गरिए । यो प्रतियोगिता मृगतृष्णा फेसन हाउसको ब्यानरमा सम्पन्न भएको थियो ।

# पहिलो मिस्टर पोखरा

पोखरामा आयोजित प्रदेशस्तरीय एनएफबीएफ फस्ट मिस्टर पोखरा शारीरिक सुगठन प्रतियोगिता-२०७५ को उपाधि पोखराका मनोज केसीले जितेका छन् । केसीले फाइनलमा ६५ केजी तौल समूहमा स्वर्ण पदक जित्दै ओभरअल उपाधिका लागि भिडेका थिए । ओभरअलमा अन्य पाँचवटा तौल समूहका विजेतालाई पछाडि पार्दै उनले उपाधि चुमेका हुन् । उपाधिका लागि अन्तिम प्रतिस्पर्धामा ३६ जना प्रतिस्पर्धी थिए ।


कास्की बडी बिल्डिङ तथा फिटनेस संघले आयोजना गरेको उक्त प्रतियोगितामा ५५ केजी तौल समूहमा निरजंग सुब्बा गुरुङले, ६० केजी तौल समूहमा मौलादिन मियाँले, ६५ केजी तौल समूहमा मनोज केसीले, ७० केजी तौलमा निशान रानाले, ७५ केजी तौल समूहमा सुजन श्रेष्ठले तथा ७५ केजी माथिको प्रतिस्पर्धामा कृष्ण विकले स्वर्ण पदक जितेका थिए । उक्त प्रतियोगितामा गण्डकी प्रदेश तथा प्रदेश नम्बर ५ का विभिन्न जिल्लाका ५७ खेलाडीले सहभागिता जनाएका थिए ।




# पाँचथरबाट प्याराग्लाइडिङको उडान

प्रदेश नम्बर १ मा सुनसरी र उदयपुरबाट प्याराग्लाइडिङ उडान भैरहेको परिप्रेक्ष्यमा पाँचथरबाट समेत उडान सुरु भएको छ । पाँचथरमा पहिलो पटक प्याराग्लाइडिङको सफल परीक्षण उडान गरिएको छ । फिदिम नगरपालिका-३ र ५ को संगम स्थल लब्रेकुटीबाट गरिएको उक्त उडान १७ मिनेट लामो थियो । स्थानीय युवाहरूको अग्रसरतामा भएको प्याराग्लाइडिङ परीक्षणमा भारत सिक्किमका प्याराग्लाइडिङ पाइलट केशव अधिकारी सहभागी थिए ।

यसअघि जिल्लाको लब्रेकुटी र सिलौटी डाँडाबाट पनि उडानको सम्भाव्यता खोजिएको थियो । परीक्षण सफल भएपछि पाइलट अधिकारीले यो क्षेत्रमा प्याराग्लाइडिङ उडानको प्रचुर सम्भावना भएको बताए । उडानका संयोजक एवं फिदिमका व्यवसायी गणेश काफ्लेले अब सरकारबाट अनुमति लिएर प्याराग्लाइडिङ व्यवसायलाई अघि बढाउने जानकारी दिएका छन् ।






नरेन्द्र बस्नेत

पहिलो विश्व

# करोडौं रकम स्वाहा




अकस्मात आइलागेको पैसा हातमा धेरै दिन टिक्दैन भनिन्छ, यसरी आएको पैसाले धेरै कमको घरवार राम्रोसँग बसेको होला । यस्तै भएको छ बेलायतकी कान्छी लोट्टो विजेता क्याली रोजरलाई । क्यालीले लोट्टोमा २७ करोड १८ लाख रुपैयाँ जित्दा उनको उमेर १६ वर्षको थियो । प्रतिघन्टा ५ सय २२ रुपैयाँमा काम गर्ने क्यालीलाई सन् २००३ मा उक्त चिठ्टा जित्दा के गर्ने भन्ने कुरामै दुविधा थियो ।

अकस्मात आएको चिट्ठाको रकमलाई उनले के काममा सदुपयोग गर्ने भन्ने निर्णय नै सकिनन् । त्यसबीच उनले २६ लाख खर्चेर आफ्नो स्तनलाई आकर्षक बनाइन् भने ४ करोड ३५ लाखको लुगाफाटा किनिन् । भनिन्छ- क्यालीले उक्त रकमबाट ७ करोड २५ लाख रुपैयाँ साथीभाइ एवं आफन्तलाई बाँडिन् अनि ३ करोड ६२ लाख रुपैयाँ नशालु पदार्थ कोकिनको खरिद गर्न खर्च गरिन् । उनले २ करोड ६१ लाख




रुपैयाँमा आफ्ना लागि घर पनि किनिन् ।

हालै आईटिभि टेलिभिजनलाई अन्तवार्ता दिँदै उनले उक्त पुरस्कारले आफुलाई डिप्रेसनमा पुऱ्याएको र पैसालाई अनावश्यक रुपमा खर्च गरेर झन्डै जीवन नै बर्बाद भएको कुरा बताएकी छिन् । अन्तवार्तामा उनले केही पाको भएपछि चिठ्टा जितेको भए पुरस्कारको राशिलाई व्यवस्थित गर्न सकिन्थ्यो भने त विष्मात समेत प्रकट गरेकी छिन् ।


# फेरि आयो अनौठो बियर

युरोपियन बियरका हजारौं स्वाद एवं गन्ध छन् । यसैक्रममा पोल्यान्डमा हालै अनौठो स्वाद र गन्धयुक्त बियर आएको छ ।स्वाद र गन्धकै कारण यो बियरप्रति अहिले विश्वभरका बियर पारखीहरूको ध्यान आकर्षित भैरहेको छ । बियरको बढ्दो प्रतिस्पर्धामा आफूलाई पृथक् बनाउन पोल्यान्डको एक बियर कम्पनीले महिलाको योनिको गन्ध र स्वादलाई बियरमा समावेश गर्न सफल भएको दाबी गरिएको छ । कम्पनीका मालिक बोज्टेक स्मानका अनुसार उनले कृत्रिम बास्ना प्रयोग गरेर उक्त बियर उत्पादन गरेका होइनन् । बोज्टेकले पाउलिन र मोनिका नामका दुई महिला मोडलको योनिबाट निस्कने तरल पदार्थ संकलन गरेर त्यसलाई अत्याधुनिक रूपमा प्रशोधन गरेर बियरमा मिसाएको जनाएका छन् । गार्जेग्रोज माजेवस्कि नामक यो बियरको मूल्य ७ सय २५ रुपैयाँप्रति बोतल छ । यो बियर अहिले पोल्यान्डको वार्सामा बिक्रीका लागि राखिएको छ ।




# यस्तो पो ट्रान्सफर्मेसन





तस्बिरमा देखिएका तस्बिर हेरेर तपाईंले के कल्पना गर्नुभयो ? पक्कै पनि यी तस्बिर दुई फरक युवतीको हो जस्तो लाग्यो होला, तर होइन । यो तस्बिर एउटै युवतीको हो । अब तपाईंले यी युवतीले पक्कै पनि प्लास्टिक सर्जरी गरिन् भन्नुहोला । त्यसो पनि होइन । उनले आफैंले मेकअप गरेर आफूमा यस्तो परिवर्तन ल्याएकी हुन् ।

चीनकी क्वि हुवाहुवाले आफैंले मेकअप गरेर ल्याएको यो ट्रान्सफर्मसनको भिडियो फेसबुकको नाइन ग्यांगले अपलोड गरेपछि भाइरल भएको थियो । भिडियोमा उनी ऐना हेर्दै विभिन्न क्रिमदेखि आईस्याडो, लिपस्टिक आदिसम्म प्रयोग गरिरहेकी देखिन्छिन् । मेकअप मार्फत रूप परिवर्तन गरेपछि उनले आफैंले गरेको मेकअप पुछेर पहिलेकै अवस्थामा आएको समेत देखाइएको छ । केही नयाँ गर्नेहरूलाई सामाजिक सञ्जालमा भाइरल हुन कुनै समय लाग्दैन । क्विले मेकअप गरेको उक्त भिडियोमा १७ हजार कमेन्ट आएको छ भने यो २० हजार पटक सेयर भैसकेको छ । यसमा ३५ हजार रियाक्सन आउनुका साथै ३८ लाख पटक हेरिसकिएको छ ।






# राजपरिवारको उचाइ चर्चा

बेलायती राजपरिवारको चर्चा सधैं चलिरहेको हुन्छ । यो साता चाहिँ राजपरिवारका सदस्यहरूको चर्चा उचाइको विषयलाई लिएर भयो । राजकुमार ह्यारीकी नवविवाहित दुलही मेगान मार्केल तथा महारानी एलिजावेथ सँगै हिंडेको तस्बिर प्रकाशित भएपछि राजपरिवारका सदस्यहरूको उचाइको चर्चा चल्यो भने उक्त चर्चा मेगान बेलायती राजपरिवारकी दोस्रो होची महिला हुन् भन्ने कुरामा केन्द्रित थियो । हुन पनि डचेज अफ ससेक्स मेगान ५ फिट ६ इन्चकी छिन् । उनी ४ इन्चको हाई हिल लगाउँछिन् र पनि उनलाई होची नै किन देखिएको होला भन्ने कौतूहलता सबैमा छ ।

महारानी एलिजावेथ द्वितीयको उचाइ ५ फिट ४ इन्च छ । उनी आफ्ना छोरा-नातिहरूका अगाडि धेरै नै होची देखिन्छिन् । बेलायती महिलाहरूको सरदर उचाइ ५ फिट ५ इन्च छ । यो मापदण्डअनुसार डचेज अफ क्याम्ब्रिज केट मिडिलटनको उचाइ ४ इन्च बढी नै छ ।

केट र मेगान होची देखिनुको कारण उनीहरूको श्रीमान्को उचाइ पनि हो । केटका श्रीमान् डुक अफ क्याम्ब्रिज विलियमको उचाइ ६ फिट ३ इन्च छ । उनी बेलायती राजपरिवारमा अहिलेका सर्वाधिक अग्ला सदस्य हुन् भने उनका भाइ ह्यारी ६ फिट १ इन्च अग्ला छन् । ह्यारी र विलियमका हजुरबुवा डुक अफ एडिनबर्ग फिलिपको उचाइ ठ्याक्कै ६ फिट छ । डुक अफ कोनवेल चार्ल्सको उचाइ ५ फिट १० इन्च छ । उनी आफ्ना दुई बुहारीभन्दा हल्का मात्र अग्ला छन् । चार्ल्सकी श्रीमती डच अफ कोनवेल केमिलाको उचाइ ५ फिट ८ इन्च छ ।

# आयो मास्टुरडेटिङ



मास्टुरडेटिङ शब्दलाई धेरैले यौनसँग सम्बन्धित शब्दका रूपमा बुझेका छन् । यद्यपि यो युवा-युवतीहरूमा देखा परेको डेटिङको नयाँ चलन हो । मानिसहरूको झुकाव सामाजिक सञ्जालमा बढ्दै गएपछि धेरै कुरा र व्यवहार पनि भर्चुअल हुन थालेको छ । यस्तो अवस्थामा आफूले आफैंलाई डेटिङमा लाने यो परम्परालाई मास्टुरडेटिङ भनिएको छ ।

अमेरिकी टेलिभिजनमा राति प्रसारण हुने लेट नाइट विथ कोनान ओ ब्रायन शोमा यो शैलीको व्याख्या गरिएको थियो । अहिले पश्चिमी मुलुकमा मास्टुरडेटिङ लोकप्रिय हुन थालेको छ । मास्टुरडेटिङ शब्द यौनिक विषयसँग सम्बन्धित लागे पनि यो आफैंले आफूलाई आनन्द प्रदान गर्ने कला हो । यो कलामा कुनै पनि व्यक्तिले एक्लै आफूलाई मन परेको सिनेमा हेर्न लाने, राम्रो रेस्टुराँमा गएर खाने वा कुनै ठाउँमा पुगेर घुम्ने भन्ने हुन्छ । यो कला एक्लै आफूले आफैंलाई आनन्दित तुल्याउने कला हो ।

आफूले आफैंलाई समय दिनु निकै महत्वपूर्ण काम हो । प्रोजेक्ट लभ डेटिङ साइटका सेलिना तथा भिक्कि भन्छन्- आफैंले आफैंसंग डेटिङ गरेर आफू के हुँ भन्ने कुरा थाहा पाउनु नै अहिले सर्वाधिक महत्वपूर्ण हुँदै गएको छ ।

नाग पञ्चमी विशेष

# किन मनाइन्छ नागपञ्चमी ?



हामी सबैलाई थाहा छ नागपञ्चमी मध्य वर्षामा मनाइन्छ। यसको आफ्नै धार्मिक परम्परा भए पनि यसका पछाडि वैज्ञानिक कारण पनि छ। वर्षायामलाई धेरैजसो कीरा-फट्याङ्ग्राको प्रजनन काल मानिन्छ। सर्प पनि यस्तै कीरा-फट्याङ्ग्रामा पर्छ। वर्षायाममा बालीनालीलगायत मानिस तथा घरपालुवा जनावरलाई समेत यस्ता कीरा-फट्याङ्ग्राले बढी दुख दिन्छन्। त्यही दुख नहोस् भनेर कीरा-फट्याङ्ग्राको प्रतीकका रूपमा त्यसको नकारात्मक प्रभाव कम गर्ने उद्देश्यका साथ हिन्दू समाजले सर्पको पूजा गर्ने परम्परा चलाएको हो। अर्को कारण, वर्षायाममा जमिनमुनि बस्ने सर्पका दुलाहरू पानीले भरिँदा उनीहरू सुरक्षित आश्रय स्थलको खोजीमा सतहमा आउँछन्। यसरी सतहमा आएका सर्पले आफ्नो आहाराका लागि यत्र-तत्र विचरण गर्नुपर्ने हुन्छ। त्यसरी विचरण गर्ने क्रममा कतिपय सर्पले मानिसलगायत घरपालुवा जनावरलाई आक्रमण गर्ने सम्भावना हुन्छ। त्यस्तो अनिष्ट नहोस् भनेर हिन्दूहरूले नागको पूजा गर्ने, उनीहरूलाई आहाराको जोहो गरिदिने दिनका रूपमा नागपञ्चमी मनाउन थालेका हुन्।

नाग पञ्चमीमा सर्प वा नागको चित्र गाईको गोबरले घरको ढोकामा टाँसिन्छ अनि त्यसमा दूध, दही, अक्षता, फूल, दुबो राखी। घरको ढोकामा नागको चित्र टाँस्नुको अर्थ सर्पले घरभित्र प्रवेश नपाओस् भन्ने नै हो। यसरी नाग पूजा गर्दा अष्ट कुलका नागहरू अनन्त अर्थात् शेषनाग, नागहरूका राजा बासुकी, पद्म, महापद्म, तक्षक अर्थात् पाण्डवहरूका नाति जन्मजयद्वारा नाग यज्ञ गरेर मारिएको नाग, कुलीर, कर्कट अर्थात् काठमाडौंको टौदहमा रोकेर राखिएको नाग तथा शंखनागको पूजा गरिन्छ। नागपूजा गर्नुको अर्को मान्यता वर्षायामको चट्याङ घरमा नपरोस् भन्नु पनि हो। ज्योतिषशास्त्रका अनुसार नाग पञ्चमी मनाइने तिथिका स्वामी नाग नै हुन्। नाग भूमिगत रहने हुनाले उक्त दिन खेत-बारी जोत्नु वा खन्नु हुँदैन भन्ने मान्यतासमेत रहँदै आएको छ।

## नागको उत्पत्ति कथा

जीवविज्ञानअनुसार पृथ्वीमा नाग वा सर्पको विकास अन्य जीवजन्तुसरह भएको हो। यद्यपि हिन्दू मान्यताले के भन्छ भने भगवान् ब्रह्माले जगत्मा जीवनको सृष्टिका लागि आफ्नो योग बलले दुई मानसपुत्र सिर्जना गरे। ती थिए- दक्ष प्रजापति र कश्यप। दक्ष प्रजापतिका कन्या अर्थात् छोरी मात्र थिए। दक्षका तिनै छोरीलाई उनीहरूका काका कश्यप ऋषिले पत्नीका रूपमा ग्रहण गरे। कश्यपका ३३ कोटी पत्नी थिए। तीमध्ये एक थिइन्– कद्रु। तिनै कद्रुबाट विभिन्न प्रकारका नाग वा सर्प जन्मिए। ती नाग पृथ्वीमा व्यापक रूपमा फैलिएपछि त्यसलाई समन गर्न कश्यप ऋषिले नै आफ्नी अर्की पत्नी बिनिताबाट गरुडलगायतका चराहरूलाई जन्म दिए अनि ती चराको आहाराका रूपमा तिनै नागलाई अघि सारे। त्यसै कारणले अहिले पनि गरुडलगायतका चरालाई नागको शत्रु मानिन्छ। मानिसले पनि नाग वा सर्पबाट सुरक्षित रहन गरुडको पूजा- आराधना गर्छन्।



## सर्पको मासु खाने परम्परा

चिनियाँ संस्कृतिमा सर्पको मासुलाई विगत २ हजार वर्षदेखि प्रयोग गरिँदै आएको छ। चीनमा विशेष गरेर सर्पको मासुको सुपलाई औषधीका रूपमा प्रयोग गरिन्छ। चीनको हुनान प्रशासनिक क्षेत्रअन्तर्गतको ग्वाङडोङमा सर्पको मासु प्रयोग गरिन्छ। चीनबाहेक दक्षिणपूर्वी एसियाका केही भागमा समेत सर्पको मासु निकै रुचाइन्छ। खासगरी भियतनाममा सर्पको मासु माछा वा कुखुराको मासुभन्दा बढी लोकप्रिय छ।

पश्चिम अफ्रिका तथा नाइजेरियाका केही क्षेत्रमा पनि त्यहाँका आदिवासीहरू सर्पको मासुका विभिन्न परिकार खान्छन्। दक्षिण अमेरिकी परम्परामा सर्पको मासुलाई औषधीका रूपमा प्रयोग गरिन्छ। त्यहाँ औषधीका रूपमा प्रयोग गरिनुअघि सर्पको मासुलाई सुकाएर धूलो बनाइन्छ। उक्त धूलोले विभिन्न किसिमका रोग निर्मूल गर्ने त्यहाँका मानिसहरूको विश्वास छ।

अमेरिकाको ओक्लोहामा राज्यमा सर्पको मासु खाने महोत्सव नै आयोजित हुन्छ। अत्यन्त विषालु र्‍याटल स्नेक प्रचुरमात्रामा पाइने भएकाले ती विषालु सर्पबाट मानिसलाई बचाउन ओक्लोहामामा सर्पको मासु खाने महोत्सव आयोजित गरिएको हो। ओक्लोहामाबाहेक टेक्सासमा पनि सर्पको मासु खाने चलन छ। टेक्सासमा प्रायः गरेर र्‍याटलको मासुलाई कुखुराको छातीको मासुसँग ब्लेन्ड गरेर विभिन्न परिकार तयार पारिन्छ।





### सबैभन्दा ठूलो सर्प

दक्षिण एसिया तथा वेस्ट इन्डिजतिर पाइने अजिंगर संसारकै सबैभन्दा लामो सर्प हो। यो सर्प ३० फिटसम्म लामो हुन्छ भने यसको तौल ३ सय ५० पाउन्डसम्म हुन्छ। कुनै-कुनै एनाकोन्डा प्रजातिको सर्प पनि ३० फिटसम्म लामो फेला परेको छ।

### सबैभन्दा सानो सर्प

वेस्ट इन्डिजको बारबाडोज टापुमा पाइने लेप्टोटाइफ्लोप्स कार्ली प्रजातिको ब्राह्मणी ब्लाइन्ड स्नेक संसारकै सबैभन्दा सानो सर्प हो। चाउचाउ आकारको यो सर्प जम्मा २ दशमलव ५ इन्च लामो हुन्छ। यसलाई मानिसको औंलामा बेर्न सकिन्छ।



### सबैभन्दा वजनदार सर्प

ब्राजिलको अमेजनको जंगलमा पाइने जाइन्ट एनाकोन्डा भनिने ग्रीन एनाकोन्डा संसारकै सबैभन्दा बढी वजनको सर्प हो। यो सर्पको तौल ५ सय ५० पाउन्डसम्म हुन्छ। कुनै-कुनै ग्रीन एनाकोन्डा ३० फिटसम्मको फेला परे पनि यसको औसत लम्बाइ १७ फिट हुन्छ।

### उड्ने सर्प

कोलब्रिड प्रजातिको सर्प उड्न पनि सक्छ। सामान्यतः एउटा रूखबाट अर्को रूखमा ग्लाइड गर्ने यस्ता सर्प दक्षिणपूर्वी एसियाको भियतनाम, कम्बोडिया तथा लाओसका जंगलहरूमा पाइन्छन्। यस्ता सर्पमा गोल्डेन ट्री स्नेक, प्याराडाइज ट्री स्नेक तथा ट्विन बारेड ट्री स्नेक प्रमुख छन्।



### सबैभन्दा सुन्दर सर्प

अमेरिका र ल्याटिन अमेरिकाको जंगलमा पाइने मिल्क स्नेक भनिने सर्प संसारकै सबैभन्दा सुन्दर सर्प मानिन्छ। कालो, रातो, पहेंलो धर्का हुने तथा हरेक दुई धर्काबीच विभिन्न रंगको मिश्रणले छिरबिरे देखिने यो सर्प हेर्दा अत्यन्तै सुन्दर देखिन्छ। यो प्रजातिको कुनै-कुनै सर्पमा रातो, सुन्तला तथा सेतो रंगको मिश्रणले त्यसलाई थप आकर्षक देखाउँछ। कतिपय सर्पविज्ञ यसलाई ओरल स्नेक समेत भन्छन्।

# सर्पको यौन जीवन



अन्य सरीसृपजस्तै सर्पले पनि यौन सम्पर्ककै माध्यमबाट आफ्नो वंश वृद्धि गर्छ। सर्पको यौन क्रियाकलाप रमाइलो पनि हुन्छ। यौन सम्पर्क गर्नुअघि भाले र पोथी सर्प दुवैले एक-अर्कालाई छल्ने, जिस्क्याउने आदि काम गर्छन्। छल्ने, जिस्क्याउने क्रममै उनीहरू एक-अर्काप्रति यौनिक रूपमा आकर्षित हुन्छन्।

यस्तो आकर्षणपछि पोथी सर्पले आफ्नो यौनाङ्ग खुम्च्याउने र फुलाउने प्रकृया प्रारम्भ गर्छ। त्यसपछि अत्यन्तै गोप्य रहने भालेको यौनाङ्ग, जुन हलो आकारको हुन्छ, शरीरबाट बाहिर निस्कन्छ। भालेको यौन अंग देखेपछि पोथी सर्प मदमस्त हुन्छे र भाले संग बटारिन थाल्छे। यसैक्रममा भालेले आफ्नो यौनाङ्गलाई पोथीको यौनाङ्गमा प्रवेश गराउँछ। त्यसपछि दुवै एक-अर्कासँग बटारिएर घण्टौंसम्म एक-अर्कासँग टाउको जुधाएर बस्छन्।

यौन क्रियाकलापपश्चात् पोथी लगभग बेपत्ता हुन्छे। यसरी बेपत्ता भएपछि पोथी गन्धरहित भएर गुप्तवासमा बसेर सन्तानलाई जन्म दिन्छे। पोथी सर्प यसरी बेपत्ता हुनुको पछाडि भाले सर्पले जन्मिएका बच्चा खाइदिनु नै हो।

**सर्पले अण्डा पार्छ कि बच्चा जन्माउँछ ?**

संसारमा अण्डा पार्ने र बच्चा जन्माउने दुवै थरीका सर्प पाइन्छन्। वैज्ञानिक भाषामा ओभिपारोस भनिने वर्गका सर्पले अण्डा पारेर त्यसलाई कोरल्छन्। यी सर्प प्रायः साधारण किसिमका हुन्छन्। यस्ता सर्पमा कोब्रा, माम्बा, एडर्स जातका सर्प प्रमुख छन्। त्यसैगरी वैज्ञानिक भाषामा भिभिपारोस भनिने वर्गका सर्पले भने बच्चा नै जन्माउँछन्। यसरी बच्चा जन्माउने सर्पले पनि बच्चा नै जन्माउने अन्य प्राणीको जस्तो गर्भधारण गर्दैनन्। त्यस्ता सर्पले आफ्नो अण्डालाई आफ्नै शरीरमा कोरल्छन्। शरीरभित्रै कोरलिएका बच्चा नै बाहिर निस्किने हुँदा यो वर्गका सर्पलाई बच्चा जन्माउने सर्प भनिएको हो। यस्ता सर्प अमेरिकामा पाइने र्‍याटल स्नेक तथा बोआ जातिका सर्प हुन्। खासमा सबै सर्पको विकास अण्डामै हुन्छ। कुनै सर्पले अण्डा पारेर त्यसलाई जमिनमा सेक्छन् भने कुनै सर्पले अण्डालाई आफ्नै पेटमा सेक्छन्।


# सर्पसम्बन्धी केही तथ्य

- संसारमा ३ हजारभन्दा बढी प्रजातिका सर्प पाइए पनि अन्टार्कटिका महाद्वीपमा सर्प पाइँदैन।
- सर्पको शरीरमा चिसो रगत हुन्छ। सर्पले आफ्नो वरिपरिको वातावरणअनुसार आफ्नो शरीरको तापक्रममा परिवर्तन ल्याउन सक्छ। त्यसैकारण गर्मीयाममा सर्पको शरीर चिसो हुन्छ भने जाडोयाममा तातो हुन्छ।
- सर्पले आफ्नो आहारा कहिल्यै पनि चपाएर खाँदैन, सिंगै निल्छ। किनभने सर्पको बंगारा हुँदैन।
- सर्पले आफ्नो मुखलाई १ सय ५० गुणासम्म फैलाउन सक्छ भने आफ्नो पेटलाई पनि आवश्यकताअनुसार तन्काउन सक्छ। त्यसैले सर्पले आफ्नो शरीरको आकारभन्दा दोब्बर ठूलो आहारा पनि सजिलै निल्न सक्छ।
- बाओ तथा एनाकोन्डा जातिका सर्प नमर्दासम्म सक्रिय रहन्छन्।
- सामान्य सर्प निरन्तर रुपमा खाइरहनुपर्ने स्वभावका हुन्छन् भने राजगोमन १ महिनासम्म केही नखाई बस्न सक्छ।
- सर्पको कान हुँदैन, त्यसैले त्यसले जमिनमा हुने कम्पनका आधारमा आफ्नो वरिपरि केही वा कोही भएको अनुमान गरेर आफ्नो टाउको उठाएर प्रतिक्रिया जनाउँछ। यसैकारण सर्प ज्यादै चनाखो र शत्रुप्रति अनुदार हुन्छ। सर्पले आफ्नो वरिपरिको गन्ध थाहा पाउन नाकको नभै जिब्रोको सहयोग लिन्छ।
- शरीरको अनुपातमा सर्पको छाला निरन्तर बढिरहेको हुन्छ। त्यसैले सर्पले हरेक वर्ष ३ देखि ६ पटकसम्म काँचुली फेर्छ।
- अफ्रिकामा पाइने ब्ल्याक माम्बा जातिको सर्प सबैभन्दा छरितो सर्प हो। यो सर्प प्रतिघन्टा २० किलोमिटरको गतिमा ओहोरदोहोर गर्न सक्छ।
- संसारमा सबैभन्दा धेरै सर्प पाइने ठाउँ ब्राजिलको एउटा टापु हो जहाँ प्रतिवर्गमिटरमा ५ वटा सर्प पाइन्छ।
- दुईटाउके सर्प लोककथाको कल्पना मात्र होइन। ब्राजिलको जंगलमा पाइने यस्ता दुईटाउके सर्प प्रायःगरी खाना निल्ने विषयमा एक-अर्कासँग झगडा गरिरहन्छन्।




# कसरी बन्छ एन्टी स्नेक भेनम ?

सर्पको टोकाइपछि त्यसको उपचारका लागि प्रयोग हुने खोप एन्टी स्नेक भेनम सर्पकै विषबाट तयार पारिन्छ। एन्टी स्नेक भेनम बनाउनुअघि सर्पको विषलाई घोडाको शरीरमा सारिन्छ। घोडाले सर्पको विषलाई सजिलैसँग आफ्नो शरीरमा एडजस्ट गर्छ। त्यसरी घोडामा सारिएको सर्पको विषले



घोडाको रगतमा एन्टी स्नेक भेनमको प्रारम्भिक चरणको विकास गर्छ। भेनम विकसित भएपछि घोडाबाट एन्टीबडीयुक्त रगत निकालेर विशेष प्रक्रियाद्वारा प्रसोधन गरिन्छ। यसरी प्रसोधन गरिएको रगतबाट औषधी निर्माताहरूले एन्टी स्नेक भेनम तयार गर्छन्। एन्टी स्नेक भेनम धेरैजसो इन्जेक्सनका रूपमा प्रयोग गरिन्छ।

# गैरविषालु सर्प




संसारमा उपलब्ध २ हजार ८ सय गैरविषालु सर्पका प्रजातिमा सबैभन्दा ठूलो सर्प एनाकोन्डा हो जुन अमेजनको जंगलमा पाइन्छ। यो सूचीको दोस्रो स्थानमा दक्षिण एसियामा पाइने अजिंगर छ भने तेस्रो स्थानमा मिल्क स्नेक भनिने सर्प छ। मुसाको मुख्य शत्रु मानिने उत्तर अमेरिकामा पाइने ब्ल्याक र्‍याट स्नेक विषरहित सर्पको सूचीमा चौथो स्थानमा छ भने पाँचौं स्थानमा अमेरिकी उपमहाद्वीपमा पाइने बुल स्नेक छ। यो सूचीको छैटौं स्थानमा रफ ग्रिन स्नेक छ, जुन दक्षिण अमेरिकाको जंगलमा पाइन्छ। सातौं स्थानमा दक्षिण अमेरिकाको जंगलमा पाइने एमरल्ड ट्री बोआ प्रजातिको सर्प छ। यो सर्प अजिंगरजस्तो देखिन्छ भने उड्न पनि सक्छ। यो सूचीको आठौं स्थानमा स्टर्न गार्टर स्नेक छ। उत्तर अमेरिकाको जंगलमा पाइने यो सर्प प्रायः घाँसेमैदानमा पाइन्छ। सूचीको नवौं स्थानमा फोर लाइन स्नेक छ। शरीरमा चारवटा समानान्तर धर्का हुने यो सर्प युरोपको घाँसेमैदानमा पाइन्छ। सूचीको अन्तिम स्थानमा उत्तरपूर्वी अमेरिकाको नदी तथा ताल क्षेत्रमा पाइने नर्दन वाटर स्नेक छ। यो सर्प प्रायः गरेर ताजा पानीमा बस्न रुचाउँछ। रमाइलो कुरा के छ भने विषालु सर्पको तुलनामा गैरविषालु प्रजातिका सर्प अत्यन्तै सुन्दर देखिन्छन्। यी सर्प गैरविषालु भए पनि डरलाग्दो आवाज निकाल्न खप्पिस हुन्छन्। त्यसैले पनि शत्रुहरू उनीहरूसँग डराउँछन्।

# विषालु सर्प

संसारमा उपलब्ध ३ हजार ४ सयभन्दा बढी प्रजातिका सर्पमा ६ सय जति प्रजातिमात्र विषालु हुन्छन्। तीमध्ये सबैभन्दा विषालु सर्प अमेरिकामा पाइने र्‍याटल स्नेक हो। यो सूचीको दोस्रो स्थानमा अस्ट्रेलिया तथा न्युगिनी क्षेत्रमा पाइने डेथ एडर प्रजातिको सर्प छ। तेस्रो स्थानमा मध्यपूर्व तथा मध्यएसियामा पाइने भाइपर वर्गका सर्प छन् भने फिलिपिन्स कोब्रा चौथो विषालु सर्प हो। पाँचौं विषालु सर्प अस्ट्रेलियातिर पाइने टाइगर स्नेक हो भने अफ्रिकी महादेशमा पाइने ब्ल्याक माम्बा यो सूचीको छैटौं स्थानमा छ। सातौं विषालु सर्प अस्ट्रेलियामा पाइने ताइपान प्रजातिको सर्प हो। मलेसियाको जंगलमा पाइने नीलो करेत प्रजातिको सर्प यो सूचीको आठौं स्थानमा छ। यो सूचीको नवौं स्थानमा स्टर्न ब्राउन स्नेक छ। अस्ट्रेलियाको मरुभूमिमा पाइने यो सर्प अहिले लोपोन्मुख छ। दसौं विषालु सर्पमा फियर्स स्नेक अथवा इनल्यान्ड टाइपान हो। हाम्रोतिर पाइने सर्वाधिक विषालु भनिएको राज गोमन विषालु सर्पको यो सूचीमा निकै पछाडि छ।





# सर्पको विषको मूल्य

पृथ्वीमा उपलब्ध सर्पमध्ये सबैभन्दा विषालु नभए पनि राजगोमन सर्पको विष सबैभन्दा महँगो मानिन्छ। १ ग्यालेन राजगोमन सर्पको विषको मूल्य १ लाख ५३ हजार डलर पर्छ। राजगोमनको १ ग्यालेन विष एउटा हात्तीको बथानलाई मार्न पर्याप्त हुन्छ। राजगोमनको विषमा पाइने विशेष प्रकारको प्रोटिनलाई ओहानिन भनिन्छ। यो तत्त्व मर्फिनभन्दा २० गुणा बढी नसालु हुन्छ। त्यसैले औषधी विज्ञानले प्रभावकारी पेनकिलर निर्माण गर्न ओहानिन नै प्रयोग गर्छ।

अपराध

# मिटरब्याजको महाजाल



मिटरब्याजमा सर्वस्व गुमाएका धनगढीका पीडित महिला-पुरुष पत्रकार सम्मेलन गरेर आफ्नो पीडा सुनाउँदै । तस्विर : डीआर पन्त

डीआर पन्त

रातारात धनी हुने सपना बोकेर मिटरब्याजजस्तो आर्थिक अपराधमा संलग्न धनगढीका दर्जनौं परिवार घरवारविहीन मात्र भएका छैनन्, धेरैले आत्महत्याको बाटोसमेत रोजेका छन् ।

फूलबारीकी ३३ वर्षीया आरती थापाले कतारमा कार्यरत पतिलाई फेसबुकको म्यासेज बक्समा आफू मिटरब्याज र ढुकुटीको चक्करमा लागेर बर्बाद भैसकेको, ४९ लाख रुपैयाँ, तीनतले पक्की घर तथा २ कट्ठा जमिन सबै गुमाइसकेको कुरा लेखिन् । उक्त कुरा पत्याउनै गाह्रो मानेका आरतीका पति ३८ वर्षीय धनसिंह थापाले त्यही दिन साँझ आफ्नी श्रीमतीले आत्महत्या गरेको खवर पाए ।

धनगढी भन्सार रोडकी सुलोचनाले पनि आफ्नो सबै सम्पत्ति गुमाएपछि आत्महत्या गरिन् । उनका पति धर्मबहादुर सिंह प्रहरी जागिरवाट पेन्सन पाएपछि कतारको टेलेक्स कम्पनीमा सुरक्षा सहायक पदमा कार्यरत थिए । श्रीमतीले आत्महत्या गरेको खवर पाएपछि घर फर्किएका सिंहको घर- जग्गा, ९ तोला सुन, चाँदी, बाबु-बाजेको जमानाका चाँदीका सिक्काहरू सबै गुमि सकेको थियो । केही पनि बाँकी राखिनन्, सिंहले भने, काठमाडौंमा अध्ययनरत छोराका नाममा बिदेशवाट पठाएको रकम वाहेक २० वर्ष कठिन परिश्रम गरेर जोडे को सबै सम्पत्ति सखाप भयो ।

चटकपुर धनगढीकी देवी मायाले पनि यसरी नै सर्वस्व गुमाएपछि मृत्युको बाटो रोजिन् । यसरी मिटरब्याज तथा ढुकुटी कारोबारमा सर्वस्व गुमाएपछि आत्महत्या गर्ने महिलाहरूको संख्या निकै छ । प्रहरीको तथ्यांकअनुसार यस्ता घटनामा मध्यम वर्गीय महिलाले बढी आत्महत्या गरेका छन् ।

मैले पनि आत्महत्या गर्नुबाहेक अर्को कुनै विकल्प छैन, एउटा सार्वजनिक कार्यक्रममा रुँदै गृहणी सुशीला भण्डारीले भनिन्- भएभरको सबै सम्पत्ति मिटरब्याज तिर्दैमा सकियो । अझै पनि ठूलो रकम तिर्न बाँकी छ । ढुकुटी र मिटरब्याजबाट सम्पत्ति गुमाएकी अर्की महिला लक्ष्मी चौधरीले पनि यसरी नै आफ्नो पिडा पोखिन् । चौधरीले मिटरब्याजमा लिएको ४८ लाख रुपैयाँ तिर्न बाँकी छ । उनले आफ्नो सबै सम्पत्ति गुमाइसकेकी छिन् । मृत्युबाहेक अर्को विकल्प नभएका हामी दर्जनौं महिला छौं,' भण्डारी भन्छिन्- कति त मर्न नसकेर बालबच्चा छोडेर बेपत्ता भएका छन् ।

यी त केही उदाहरण मात्र हुन् । सुदूरपश्चिमको प्रमुख व्यापरिक केन्द्र धनगढी अहिले ढुकटी र मिटरब्याज आतंकवाट त्रसित छ । कतिबेला कसको घरवार उठ्ने हो कसैलाई जानकारी छैन । रातारात धनी बन्ने सपनाले मध्यम वर्गीय परिवारका महिलालाई मृत्युको फन्दामा पुर्‍याउँदै गएको छ ।

मिटरब्याज र ढुकुटीका कारण धनगढीमा अपराधका घटनामा समेत निकै वृद्धि भएको छ । पछिल्ला केही साताभित्र मात्र मिटरब्याज र ढुकुटीका विषयलाई लिएर दर्जनौं कुटपिटका घटना भएका छन् । मिटरब्याजमा संलग्न कारोबारी कल्पना गैरेलाई महिलाहरूको एक समूहले धनगढी चौराहामा मरणासन्न हुने गरी कुटपिट गरेपछि उनको उपचार कोहलपुर मेडिकल कलेजमा गराउनुपर्‍यो । मिटरब्याजकै विषयलाई लिएर धनगढी पशुपति टोलका मुनीर खानले नरेश कुँवरलाई कुटपिट गरेपछि प्रहरीले उनलाई पक्राउ गरेको थियो । जिल्ला अदालतले खानलाई ५ लाख रुपैयाँ धरौटीमा छोड्यो ।

> चटकपुर धनगढीकी देवीमायाले पनि यसरी नै सर्वस्व गुमाएपछि मृत्युको बाटो रोजिन् । यसरी मिटरब्याज तथा ढुकुटी कारोबारमा सर्वस्व गुमाएपछि आत्महत्या गर्ने महिलाहरूको संख्या निकै छ ।

## यस्तो छ मिटरब्याजको कथा ?

३० लाख रुपैयाँ आवश्यक परेको कुनै व्यक्तिलाई सुरुमै ब्याज बापतको २० प्रतिशत रकम (६ लाख) कटौती गरी २४ लाख रुपैयाँ दिइन्छ । ऋण लिने व्यक्तिले हरेक महिना ३० लाख रुपैयाँको १० प्रतिशतका दरले ३ लाख रुपैयाँ ब्याज तिर्नुपर्छ । १ वर्षभित्र तिर्न नसके ब्याज दोब्बर हुन्छ । यसरी ३० लाख रुपैयाँ ऋण लिएको व्यक्तिले वर्षको ३६ लाख रुपैयाँ तथा सुरुमा तिरेको ६ लाख रुपैयाँसहित ४२ लाख रुपैयाँ ब्याज मात्र तिर्नुपर्छ । चर्को ब्याजमा ऋण लिनेहरूले घितो बापत घरजग्गा दृष्टि बन्धक राख्छ वा ऋण दिनेलाई घितो दिनेगरी कागज बनाउँछन् । जस्तोसुकै सफल व्यवसायीले पनि यति चर्को ब्याजमा रकम लिएर मुनाफाको व्यवसाय गर्न सक्दैनन् र बिस्तारै ऋण लिनेको सम्पत्ति मिटरब्याजमा ऋण दिनेको हुन्छ ।

वैदेशिक रोजगारी, सरकारी जागिर तथा व्यवसायमा संलग्न पुरुषका श्रीमतीहरू चर्को ब्याजमा पैसा लगाउने लोभमा यो धन्दामा लाग्ने गरेका छन् । आफूसँग भएको सम्पत्ति मात्र नभै चर्को ब्याजको लोभमा फसेर आफ्ना आफन्तसँग तथा वित्तीय संस्थाहरूबाट समेत ऋण निकालेर मिटरब्याजमा लगाउनेहरू नै अहिले सर्वस्व गुमाउनेमा पनि छन् । 'आफूसँग भएको त दिएँ-दिएँ, आफन्तबाट समेत ऋण मागेर पनि ५८ लाखजति मिटरब्याजमा लगाएँ', बोराडाँडी धनगढीका गणेश रावल भन्छन्- यसरी मिटरब्याजमा धन लगाउन प्रेरित गर्न बिभिन्न महिला तथा पुरुष समूहहरू सक्रिय छन् । अधिकांश महिलालाई यसरी लगानी गर्न प्रेरित गर्न महिला समूह तथा पुरुषलाई प्रेरित गर्न पुरुष समूह क्रियाशील छन् । ब्याज दिनेले पनि सुरु-सुरुमा विश्वास आर्जन गर्न ब्याज दिने र त्यसपछि बिस्तारै बाउन्स चेक दिने अनि बेपत्तै हुने रावलले बताए ।

थकाली समुदायका साना ब्यापारीले आपसमा व्यवसायिक सहयोगका लागि शुरु गरेको ढुकुटी कारोबार बिस्तारै मिटरब्याजको धन्दाका रूपमा परिणत भएको पाइन्छ । सुरुमा काठमाडौं, पोखरा र बुटवलमा स-साना समूहमा ढुकुटी खेल्ने अनि आपतविपत् आइलाग्दा ढुकुटी खाने चलन थियो । त्यही चलन विस्तारै धन्दामा परिणत भएको यसमा संलग्नहरू बताउँछन् । धनगढीमा मिटरब्याज को कारोबार सुरु भएको ४ वर्षभन्दा बढी भएको छैन ।

## कहाँ जान्छ रकम ?

मिटरब्याजको कारोबारमा संलग्न धनगढी क्याम्पस रोडका दिपक खड्का ६ करोड रुपैयाँ सहित फरार भएको डेढ वर्ष भयो । उनी आफूलाई आफ्नै साथीले ज्यान मार्न भारतीय अपराधीलाई सुपारी दिएका कारण सपरिवार भागेको लिखत कागज छोडेर फरार भएका थिए । आफूले लगेको रकम र उनका मिटरब्याज साझेदार मुनिर खानसँग रहेको रकम समेत उल्लेख गरेर फरार भएपनि प्रमाणको अभाव भन्दै प्रहरीले उक्त घटनामा कुनै छानबिन गरेन ।

मिटरब्याज र ढुकुटीबाट संकलन गरेको ८ करोड रुपैयाँभन्दा बढी लिएर धनगढीबाट फरार भएका चौराहाका तरकारी थोक बिक्रेता राजेश गुप्ताको पनि अहिलेसम्म अत्तोपत्तो छैन । उनी फरार भएको पनि डेढ वर्ष भैसकेको छ । गुप्ताले मिटरब्याज र ढुकुटी खेलाएर मात्र रकम संकलन गरेनन्, विभिन्न व्यक्तिका नामको सम्पत्ति बैंकमा राखेर लिएको ऋणसमेत लिएर बेपत्ता भए । धनगढीकै अर्का व्यवसायी विकास अग्रवाल पनि अहिले बेपत्ता नै छन् । अग्रवालले पनि मिटरब्याज, ढुकुटी तथा विभिन्न बित्तीय संस्थाबाट विभिन्न व्यक्तिका नाममा लिएको ऋण रकम ७ करोड रुपैयाँभन्दा बढी छ । अग्रवाल फरार भएको केही दिनमा ६ करोड रुपैयाँ लिएर फरार भएका कन्काइ स्टोरका मालिक लक्ष्मण भट्टराइलाई प्रहरीले पक्राउ त गर्‍यो तर कुनै प्रमाण नभएपछि उनी रिहा गरिए ।

पछिल्लो घटनामा भन्सार रोड, धनगढीकी मनीषा खत्री पनि ६ करोड रुपैयाँभन्दा बढी रकम लिएर फरार भएकी छिन् । खत्री पनि मिटरब्याज र ढुकुटीबाट जम्मा गरेको रकम लिएर फरार भएकी हुन् । यसरी फरार भएका मध्ये केहीको हत्या भएको र सबै रकम यो धन्दामा संलग्न उनीहरूकै साझेदारले लिएको आशंका गरिएको छ ।

प्रकाशमा आएका यी केही घटनाबाहेक मिटरब्याजबाट रकम संकलन गरी फरार हुने तथा अन्यत्रै सम्पत्ति जोड्ने ठूलै गिरोह धनगढीमा सक्रिय छ ।

राजनैतिक संरक्षणमा हुने मिटरब्याज कारोबार गर्ने तीन थरीका गिरोह छन् । पहिलो गिरोह यसमा लगानी गर्न प्रोत्साहित गर्ने हरूको छ । व्यवसायिक रूपमा नजिक रहेका, चिनजान भएका आधारमा र सानो तिनो व्यवसायिक सम्बन्ध भएकाहरूले नै एकअर्कालाई यो धन्दामा लगानी गर्न प्रोत्साहित गर्ने गरेका छन् । अर्को गिरोह वित्तीय संस्थाबाट धितो राखेर ऋण निकाल्नेहरूको छ । विभिन्न व्यवसायिक फर्म दर्ता गरी धितो बन्धकी राखेर वित्तीय संस्थाबाट ऋण निकाल्ने र सुरुमा आकर्षक ब्याज दिई बिश्वास दिलाउने काम उक्त गिरोहले गर्छ ।

बिस्तारै लगानीकर्ताको बिश्वास जितेपछि एकैपटक ठूलो रकम लगानी हुन्छ । तेस्रो गिरोहले लगानी भएको सबै रकम संकलन गर्ने, कमिसन दिनुपर्ने ठाउंमा दिने, राजनैतिक संरक्षणका लागि पहल गर्ने आदि काम गर्छ । यसरी संस्थागत रूपमा भैरहेको ठगीमा परेकाहरूले उजुरी दिए मुख्य व्यक्तिलाई फरार बनाउने र सबै दोष उसैमाथि खन्याएर आफ्नो हिस्सामा आएको रकम लिने गरिएको छ ।


कारोबारमा संलग्न मात्र होइन, आपत्‌विपत् परेका कारण मिटरब्याजमा रकम लिने र सम्पत्ति डुबाउनेहरूको संख्या पनि निकै ठूलो छ । श्रीमान्को जापान जाने भिसा लागेपछि पैसा खोज्ने क्रममा मिटरब्याजमा फसेकी लक्ष्मी विष्टले (धनगढी-१२) ३ कट्ठा १० धुर जग्गा र पक्की घर गुमाइन, मिटरब्याजमा रकम दिने वताएका दिपक खड्का आफैं करोडौं उठाएर फरार भएपछि लक्ष्मीले आफ्नो पैसा पनि फिर्ता पाइनन् भने घर जग्गा पनि अर्केको नाममा दृष्टिबन्धक भयो । धनगढी क्याम्पस रोडमा दीप डेरी चलाएर बसेका दीपक खड्कालाई ज्यान मार्ने धम्की दिएर भगाइएपछि लक्ष्मीजस्ता आधादर्जन पीडितले आफ्नो सर्वस्व गुमाएका छन् । उनीहरू सबैको घर जग्गा मुनिर खानका नाउंमा दृष्टिवन्धक छ । कानुनत: खानसँग सबै प्रमाण छन् तर पीडितले घरजग्गा पनि गुमाए भने आफ्नो लगानी फिर्ता पाएनन् । पीडित विष्टले भनिन्– बैंक, मालपोत कार्यालय तथा मुनिर खानको मिलेमतोमा हाम्रो सम्पत्ति हड्पिइएको छ । लक्ष्मी विष्टजस्ता आपत्‌विपत्मा परेर मिटरब्याजमा पैसा लिनेहरूको संख्या पनि निकै ठूलो छ ।

प्रहरी सक्रियता बढेपछि केही कम भएको मिटरब्याजको कारोबार भित्रभित्रै भने चलिरहेकै छ । प्रहरीले मिटरब्याजमा संलग्न धेरैलाई निगरानीमा राखेका कारण विगतको जस्तो खुला कारोबार नभए पनि मिटरब्याजको कारोबार पूर्णत: रोकिएको भने छैन ।

थुप्रै कानुनी जटिलताका कारण प्रहरीले चाहेर पनि यस्ता आर्थिक अपराधमा कारबाही गर्न सक्ने ठाउँ नभएको प्रहरीले बताउँदै आएको छ । कैलालीका प्रहरी प्रमुख विनोद घिमिरे भन्छन्- जालो ठूलो छ, कानुनी जटिलताले गर्दा प्रहरीले सिधै कारबाही गर्न सकेको छैन । मिटरब्याज कारोबारीले दिएको चेक बाउन्स भएपछि मात्र प्रहरीले कारबाही को प्रक्रिया अघि बढाउन सक्ने उनले बताए । चेक बाउन्स भएको धेरै जसोलाई प्रहरीले कारवाही पनि गरेको छ, जसमा आधा दर्जनजति जेल सजाय काटिरहेका छन् । कानुन छलेर गरिने यस्ता आर्थिक अपराध को प्रमाण नहुने हुँदा प्रहरीलाई कारबाही गर्न कठिन भएको हो ।


KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर
को
स्वर्णपुर
2
बम्पर उपहार
१ किलो सुन
हरेक महिना
१० तोला सुन
हरेक साता
१ किलो चाँदी
* सर्तहरू लागू हुनेछन् ।
जित्नुहोस्
१ किलो
सुन
अनि स्क्र्याच गरी जित्नुहोस् लाखौँका उपहारहरू
Skyworth
ल्यापटप
एल.इ.डी टि.भी.
स्मार्ट फोन
वाटर प्युरिफायर
इमर्जेन्सी लाइट
ब्लुटुथ स्पिकर
पावर बैंक
घडी
रु २०० देखि २५०० सम्मको नगद छूट
गिफ्ट भौचर
ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।
"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"
थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850
उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)
SMS SUB to 38080
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौँका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।
आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् ।

## फेसबुक फन्डा



संकलक : जीवन भट्टराई

# कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश कुमार खपाङ्गी
yogeshkhapangi@gmail.com






खडानन्दले आफ्नो सानो कुकुरलाई उपचारका लागि केनल क्लब पुर्‍याए।
डाक्टर : नाम के हो ?
खडानन्द : खडानन्द शर्मा।
डाक्टर : के भएको छ ?
खडानन्द : पुच्छर सुन्निएको छ लुतोसमेत आएको छ।

---

खडानन्द छोरालाई गाली गर्दै थिए।
खडानन्द : यत्रो भैसक्यो, एउटा काम ढङ्गले गर्न जान्दैन। कुकुर देख्या छस् तैंले ?
छोरा : अँ, देख्या छु
खडानन्द : हो, त्यस्तै छ तेरो अनुहार।
छोरा : अँ, मम्मी पनि हिजो भन्दै हुनुहुन्थ्यो, तेरो अनुहार ठ्याक्कै तपाईंसँग मिल्छ भनेर।

---

खडानन्दकी पत्नी बिरामी थिइन्।
खडानन्द : तिम्लाई कतै केही भैहाल्यो भने त म त पागलै हुन्छु नि !
पत्नी (बिस्तारै) : कतै दोस्रो बिहे त गर्दैनौ नि ?
खडानन्द : पागलको के भरोसा, जे पनि गर्न सक्छ नि।

---

खडानन्द र पत्नी बिहेमा जान लाग्दै।
पत्नी : अनि बूढा, खाममा चाहिँ कति पैसा हाल्ने नि ?
खडानन्द : चुप लाग न, उता गएर खाना कस्तो छ हेरेपछि निर्णय गर्ने हो।

---

खडानन्द अन्तवार्ताका लागि भित्र छिरे।
अन्तर्वार्ता : तपाईंको नाम के हो ?
खडानन्द : चिरञ्जीवीलाल शर्मा।
अन्तर्वार्ता : अनि फर्ममा त खडानन्द लेख्या छ त ?
खडानन्द : फर्ममै लेख्या छ भने किन सोध्नुभा'को त ? भुसको खोपडी छ कि क्या हो तपाईंको ????

---

खडानन्द र हरिबोल।
खडानन्द : 'हग डे' भन्ने पर्व विदेशबाट आयातित नभै, परापूर्वकालदेखि चलिआएको हाम्रै प्राकृतिक एवं सांस्कृतिक पर्व हो।
हरिबोल : के भन्छ, कसरी?
खडानन्द : किनभने यसलाई हामीले अनादिकालदेखि प्रायः हरेक दिन बिहान-बेलुका मनाइदै आएका छौं।

---

खडानन्द र हरिबोलबीच फोनवार्ता।
खडानन्द : हरि, तैंले दुई वर्षअघि मसँग ऋण लिएको कुरा भुलिस् कि क्या हो ?
हरिबोल : हैट, त्यस्तो कुरा नगर न यार खडु, त्यो कुरा मैले भुल्या भए म तँलाई देख्नेबित्तिकै भाग्थें त ?????

---

खडानन्द र हरिबोल।
खडानन्द : हैन हौ, यी विवाहित मानिसहरू आफ्नी पत्नीसँग किन यति साह्रो डराउँछन् हँ ?
हरिबोल : किन ? तँ डराउँदैनस् र ?
खडानन्द : अहँ, म त डराउँदिनँ, आज त सिधै भन्दिएको मैले, जाडोमा बिहान-बिहान म भाँडा माभ्दिनँ, दिउँसो घाम लागेपछि मात्र माझ्छु भनेर।

---

खडानन्द कक्षामा पढाउँदै।
खडानन्द : लु भन त, धेरै सुन्दर केटीलाई अंग्रेजीमा के भनिन्छ ?
बिर्खे : 'आई लभ यू' भनिन्छ सर !

---

खडानन्द भोक्राएर बसिरहेका थिए। हरिबोल आइपुगे।
हरिबोल : के भयो यार ?
खडानन्द : बर्बाद भयो यार, म बाउ बन्नेवाला छु।
हरिबोल : के-को बरबाद ? यो त झन् खुसीको कुरा हो नि।
खडानन्द : हो यार हुन त, तर मेरी पत्नीलाई थाहै छैन, थाहा भयो भने मार्छे नि !

---

१ हजारको चेक साट्न खडानन्द बैंक पुगे अनि क्यासियरलाई चेक दिए।
क्यासियर : हाम्रो बैंकले आफ्नै खाले नयाँ नियम बनाएको छ हजुर, ५ हजारभन्दा कमको चेक साट्दा १० रुपैयाँ सेवाशुल्क लिने गर्‍या छ।
खडानन्द : खै, त्यो चेक मलाई देउ त बाबु !
खडानन्दले १ हजारको चेक फिर्ता लिएर ६ हजारको चेक काटे र क्यासियरलाई दिए। क्यासियरले खातापाता चेक गरेर खडानन्दलाई ६ हजार दिए, खडानन्दले १ हजार गोजिमा हाले अनि हजार क्यासियरलाई नै दिँदै भनें।
खडानन्द : ल बाबु, यो ५ हजार मेरै खातामा जम्मा गर्देऊ त। तिम्रो बैंकको आफ्नै नियम बनाउने यो जुन हाकिम छ, त्यसलाई बीबीएस थर्ड इयरमा मैले नै ट्युसन पढा'को बाबु !

---

खडानन्द एकजना नामुद बाबाकहाँ गए।
खडानन्द : इन्जिनियरिङ गर्‍या छु बाबा, तर कतै जागिर मिलेन, कुनै उपाय छ ?
बाबा : कुन विषयमा हो बालक ?
खडानन्द : कम्प्युटर हो बाबा ?
बाबा : ए, मेरोचाहिँ इलेक्ट्रोनिक इन्जिनियरिङ हो बालक।

---

अंग्रेजी बोर्डिङ स्कुल पढ्ने खडानन्दकी छोरी तरकारी किन्न बजार गइन्।
खडु पुत्री : दाइ, यो बन्दा किलोको कसरी हो ?
सब्जी पसले : सत्ताइस रुपैयाँ किलो नानी।
खडु पुत्री : महँगो भयो।
(घर आएर)
खडु पुत्री : बुबा, सत्ताइस रुपैयाँ भनेको कति हो ?

---

खडानन्द र ठूलो छोरा।
छोरा : बुबा, म डेन्टिस्ट बन्न चाहन्छु
खडानन्द : हे, हे, हे, हे, केचाहिँ हल्लाउँछस् हौ, तैंले डेन्टिस्ट भएर ?
छोरा : दाँत।


## पत्याउनु हुन्छ ?




हामी सामान्य अवस्थामा पनि बिस्तारै हिँड्ने अल्छीलाई कति बिस्तारै हिँडेको चिप्लेकीराजस्तो भन्छौं। त्यही चिप्लेकीराको पनि दौड आयोजित गरिन्छ भन्ने कुरा सुन्दा कतिपयलाई विश्वास नलाग्न सक्छ। पूर्वी इङ्ल्यान्डको नोरफ्लाफ सहरमा गत २१ जुलाईमा त्यही चिप्लेकीराको दौड सम्पन्न भएको छ, जसमा १ सय ५० भन्दा बढी चिप्लेकीरा सहभागी थिए। विजेता चिप्लेकीरालाई सलादको पातले भरिएको चाँदीको सानो ट्यांकर आकारको ट्रफी प्रदान गरिएको थियो। चिप्लेकीराको उक्त दौडको दूरी ३३ सेन्टिमिटर थियो। यस्तो दौड विगत ६० वर्षदेखि आयोजना भैरहेको बताइन्छ।

## तथ्य - सत्य

# सबैभन्दा बढी न्यूनतम पारिश्रमिक



संसारमा आफ्ना कामदारलाई सबैभन्दा बढी न्यूनतम पारिश्रमिक उपलब्ध गराउने मुलुक कुन होला ? यो प्रश्नमा हामी सबैको खुलदुली हुनु स्वभाविक हो। यो विषयमा अर्गनाइजेसन फर इकोनोमिक्सको अपरेसन एन्ड डेभलपमेन्टले जारी गरेको प्रतिवेदनअनुसार युरोपको लग्जेम्बर्ग आफ्ना कामदारलाई सबैभन्दा बढी न्यूनतम पारिश्रमिक उपलब्ध गराउने देश हो। प्रतिवेदनअनुसार लग्जेम्बर्गमा प्रतिसाता ४० घन्टा काम गर्ने कुनै पनि मजदुरको न्यूनतम वार्षिक तलव २५ लाख ३२ हजार नेपाली रुपैयाँ छ।

यो सूचीको दोस्रो स्थानमा नेदरल्यान्ड छ। जहाँ कुनै पनि कामदारले प्रतिसाता ४८ घन्टा काम गरेबापत प्रतिवर्ष न्यूनतम २३ लाख ६० हजार नेपाली रुपैयाँ प्राप्त गर्छन्। यो सूचीको तेस्रो स्थानमा अस्ट्रेलिया छ, जहाँका मजदुरले प्रतिसाता ३८ घण्टा काम गरेबापत प्रतिवर्ष न्यूनतम २३ लाख ३५ हजार नेपाली रुपैयाँ बुझ्छन्। यो सूचीको चौथो स्थानमा बेल्जियम, पाँचौं स्थानमा जर्मनी, छैटौं स्थानमा फ्रान्स, सातौं स्थानमा न्युजिल्यान्ड, आठौं स्थानमा आयरल्यान्ड, नवौं स्थानमा बेलायत तथा दसौं स्थानमा क्यानाडा छन्।

# साहित्यकारहरूको सवारी







> सँगै बसेको मानिसले खाजा खाएको, पानी पिएको देख्दा र उनीसँग कुराकानी गर्दा उपन्यासको पात्र फेलापरे जस्तो लाग्छ । गाउँतिर छोटो यात्रामा पनि मानिसहरू एक-अर्काप्रति हार्दिकता देखाउँछन्, काठमाडौंमा भने बोल्दैनन् । न्यौपानेको बुझाइमा सहरका मानिसहरूको आँखामा कुनै सपना देखेजस्तो, एकोहोरो भाव देखिन्छ ।

नरेन्द्र रौले

मदन पुरस्कार विजेता लेखक युवराज नयाँघरे काठमाडौं छिरेको ३५ वर्ष भयो। त्यति नै भयो, उनले सार्वजनिक सवारी साधन चढ्न थालेको। यस क्रममा उनले थुप्रै निबन्ध लेखे। मदन पुरस्कार प्राप्त एक हातको ताली पुस्तकमा एउटा अध्याय छ- जाबो १८ हजार जसमा गाडी चालक र सहचालकको मनोदशा तथा प्रवृत्तिलाई मिहिन ढंगले केलाइएको छ। उनका अरू पनि निबन्ध छन्, जुन सार्वजनिक सवारी साधनमा यात्राको अनुभवबाट जन्मिएका हुन्। लासमाथि प्याज, वैशाखका पाहुनाहरू केही प्रतिनिधि निबन्ध हुन्।

गाडी किन्ने विचार छैन ? नयाँघरेसँग सोधियो।

लगत्तै छैन। म सार्वजनिक सवारी साधन नै चढ्न रुचाउँछु। हालैको एक भेटमा उनले भने।

सार्वजनिक यातायातमा हिंड्दा नेपाली समाजका विविध पाटासँग साक्षतकार हुने उनको अनुभव छ। कलेजका विद्यार्थीहरूको बोली, भाषा र संवाद बुझ्न कहिलेकाहीं उनी बिहानै ५ बजे उठेर गाडी चढ्छन्। जब उनी सार्वजनिक यातायातमा कसैले पुस्तक पढेको देख्छन्, त्यो दृश्य सबैभन्दा सुन्दर लाग्छ। यी सबै दृश्य नियाल्न पाइने भएकाले नयाँघरे निजी गाडी किन्ने सोचमा छैनन्। बाइक पनि किनिन्न। ट्रायल दिने आँट नै छैन। नयाँघरे भन्छन्– झुन्डिएर यात्रा गर्नुपरे पनि त्यही बस-ट्याम्पु ठीक छ।

अर्का लेखक अमर न्यौपाने पनि सार्वजनिक सवारी साधन नै प्रयोग गर्छन्। उनले ०५८ देखि ०६८ सम्म १० वर्ष बाइक चलाएपछि बेचिदिए। अर्को किन्छु भन्ने उद्देश्यले वाइन बेचेका न्यौपाने त्यसपछि पूरै लेखनमा समर्पित भए। पुस्तकको रोयल्टी अन्तै लगानी गरेकाले उनी तत्काल सवारीसाधन किन्ने सोचमा छैनन्। किने भने बाइक नै किन्छु। उनले भने– सवारीसाधन किन्न भन्दा त्यसलाई धान्न गाह्रो हुन्छ। आफ्नो सवारी साधन नहुँदा यात्रा गर्न धेरै सास्ती झेल्नुपरेको न्यौपानेको अनुभव छ। भनेको समयमा गाडी पाइँदैन। पाइए पनि सिट पाइँदैन। ट्राफिक जामले गर्दा भनेको समयमा गन्तव्यमा पुग्न सकिँदैन। बाटाहरू सारै साँघुरा छन्। धूलो-धूवाँ तथा भीडभाड पनि उस्तै हुन्छ। यस्तोमा गाडीमा यात्रा गर्दा उनलाई बसमा होइन, गाडामा हिंडेको जस्तो लाग्छ।

सार्वजनिक सवारीमा यात्रा गर्दा न्यौपाने मानिसहरूलाई मज्जाले पढ्छन्। मानिसहरूको भाव, भंगीमा गहिरोसँग नियाल्छन्। उनलाई गाडीमा गाउँ जानुपर्दा वा अलि टाढा, लामो यात्रा गर्दा रमाइलो लाग्छ। सँगै बसेको मानिसले खाजा खाएको, पानी पिएको देख्दा र उनीसँग कुराकानी गर्दा उपन्यासको पात्र फेलापरे जस्तो लाग्छ। गाउँतिर छोटो यात्रामा पनि मानिसहरू एक-अर्काप्रति हार्दिकता देखाउँछन्, काठमाडौंमा भने बोल्दैनन्। न्यौपानेको बुझाइमा सहरका मानिसहरूको आँखामा कुनै सपना देखेजस्तो, एकोहोरो भाव देखिन्छ। काठमाडौंमा मानिसहरूको आँखामा आफ्नो सपनासम्म पुग्छु कि पुग्दिन भन्ने चिन्ता हुन्छ। न्यौपाने भन्छन्– विद्यार्थीहरूको आँखामा विदेशको सपना हुन्छ। मोबाइलमा खेलिरहेका, इयरफोन लगाएका दृश्यले उनलाई तान्छ। सहरमा धेरै मास्क लगाउने हुनाले अनुहार पनि हेर्न पाइँदैन। त्यो देख्दा भने सहरमा बुर्का युग सुरु हुँन बाँकी भएजस्तो लाग्छ।

> पुस्तकको रोयल्टी अन्तै लगानी गरेकाले उनी तत्काल सवारीसाधन किन्ने सोचमा छैनन् । किने भने बाइक नै किन्छु । उनले भने- गाडी किन्न भन्दा त्यसलाई धान्न गाह्रो हुन्छ । आफ्नो सवारी साधन नहुँदा यात्रा गर्न धेरै सास्ती झेल्नुपरेको न्यौपानेको अनुभव छ । भनेको समयमा गाडी पाइँदैन । पाइए पनि सिट पाइँदैन ।

साहित्यकार उषा शेरचनले आफ्नो निजी गाडी चलाएको २२ वर्ष भयो। सुरुमा उनी निशान गाडी चलाउँथिन्, त्यसपछि हुन्डाईको एक्सेन्ट चलाइन्। यतिबेला भने टोयोटा कोरोला र सुजुकीको ब्रेजा हाँक्छिन्। निजी गाँडी हाक्दा उनले बाटोघाटो र गाडीका बारेमा थुप्रै अनुभव बटुलिन्। टोयोटा चिल्ला बाटोका लागी बनाइएको हो भने ब्रेजा काठमाडौंको बाटोका लागि सुहाउँदो छ। यसले माइलेज पनि बढी दिने उषाको अनुभव छ। अहिले सहरमा मोटरको संख्या बढे पनि पार्किङको सुविधा भने बढेको छैन। शेरचन भन्छिन्- यी गाडी मेरा श्रीमान् र छोराको पैसाले किनेको हो। साहित्यबाट आर्जन गरिएको पैसाले गाडी किन्न नसकिने शेरचन बताउँछिन्। उनको पुस्ताका थुप्रै समकालीन साहित्यकार गाडी चढ्छन् जुन लेखेर होइन, अन्य क्षेत्र (व्यापार) को कमाइले सम्भव भएको शेरचनको तर्क छ।

कवि दिनेश अधिकारी हुन्डाईको सेन्ट्रो गाडीमा हुइँकिन्छन्। उनलाई यो सुविधा साहित्यले दिएको होइन, सरकारी जागिरले दिएको अधिकारीले बताए। साहित्यमा लागेर नेपाली लेखकहरू गाडी चढ्न दिन कहिले आउला ? यो प्रश्नको जवाफमा उनले निर्धक्क भने– प्रतिलिपि अधिकार ऐनको पूर्ण पालना र कार्यान्वयन हुने हो भने कविताको कुरा छोडौं, मलाई गीतले नै गाडी चढाउँछ। प्रकाशक र चलचित्र निमार्ताहरूमा सर्जकहरूको पसिना सित्तैंमा खानु हुँदैन भन्ने भावनाको विकास आवश्यक भएको अधिकारी बताउँछन्।

लेखक अर्चना थापाले निजी गाडी चलाउन थालेको २५ वर्ष भयो। पहिले उनको पारिवारिक व्यापार थियो। यसबीच उनले चारवटा गाडी फेरिन्। हिजोआज उनी सुजुकीको भिटारा चढ्छिन्। नेपाली बजारमा यो महँगो गाडी मानिन्छ। थापा अहिले आफ्नो ससुराले प्रयोग गर्ने गाडी प्रयोग गरिरहेकी छिन्। थापाले आफ्नो टाटा इन्डिका गाडी बेचेर भिटारा चढ्न थालेकी हुन्। नेपालमा किताब लेखेर, किताब बेचेर गाडी किन्न सार्है गाह्रो अवस्था भएको थापा बताउँछिन्। त्यस्तो स्थिति सिर्जना हुनु राम्रो हुन्थ्यो भन्ने थापालाई लाग्छ। साहित्यकार राजेन्द्र थापा पहिले हुन्डाईको स्यान्ट्रो हुँदै आइटेन चढ्थे। अहिले कियाको पिकान्टो चढ्छन्। लोन लिएर गाडी किनेको हुँ। थापाले भने– मैले साहित्यकारको हैसियत गाडी चढेको होइन।

लेखक सरस्वती प्रतीक्षा स्कुटरमा हुइँकिन थालेको १० वर्ष भयो। अब गाडी चढ्ने सोख भएको उनी बताउँछिन्। पार्किङ भएको घर खोज्दैछु। आवश्यकता भैसक्यो। प्रतीक्षा भन्छिन्– सार्वजनिक सवारी साधन खासै चढिँदैन, हतार छ भने ट्याक्सी चढ्छु। साहित्यकार तीर्थ श्रेष्ठ, राजेन्द्र सलभ, विधान आचार्य, किशोर पहाडी, अशेष मल्ल पनि निजी सवारी हाँक्ने साहित्यकार हुन्।

## निजी सवारीको अनुभव

सुबिन भट्टराई



मैले अहिले चढ्ने गाडी मारुती-सुजुकीको अल्टो हो। गाडी चढ्नुभन्दा अघि म बाइक कुदाउँथें। गाडी चढ्नुका फाइदा पनि छन्, बेफाइदा पनि छन्। बाइकका पनि फाइदा र बेफाइदा दुवै छन्। जस्तो– बाइक चढ्दा धूलो, धूवाँ र दुर्घटनाको जोखिममा परिन्छ भने गाडीमा यस्ता जोखिम कम हुन्छ, तर जतिबेला पनि एसी खोल्दा नाक पोल्ने भएकाले गर्मी मौसममा चाहिँ गाडी पनि सास्ती हुन्छ। गाडी चढ्दा काठमाडौंजस्तो ठाउँमा पार्किङको समस्याले पनि पिरोल्छ। यसले गर्दा भित्री सहरी क्षेत्रतिर जादा हत्तपत्त गाडी लान मन लाग्दैन। बाइकमा पार्किङको त्यति ठूलो समस्या हुँदैन। बाइकले गाडीको तुलनामा जाम पनि कम खेप्छ।

बाइक चढ्नुअघि म सार्वजनिक यातायातमै ओहोरदोहोर गर्थें। त्यसका पनि फाइदा-बेफाइदा दुवै थिए। सिट नपाएर झुन्डिएर यात्रा गर्दाका अनुभव पनि छन्। कहिलेकाहीं घण्टौं कुर्दा पनि गाडी नआएको अनुभव पनि छ। बीस मिनेटको बाटोलाई डेढ घण्टा लगाएर यात्रा गरेको अनुभव पनि छन्, तर सार्वजनिक यातायातको एउटा फाइदालाई चाहिं म नराम्रोसँग मिस गर्छु। धेरै मानिस चढ्ने भएकाले त्यहाँ धेरै कथा भेटिन्थे। धेरै मानिसका कुरा सुन्ने मौका पाइन्थ्यो। कतिपय कथा मैले सार्वजनिक यातायात मै भेटेको हुँ। सिर्जना गर्ने मानिसलाई भीडभाडको छुट्टै महत्व हुन्छ। अहिले पनि कहिलेकाहीं सार्वजनिक यातायात चढ्छु। त्यो एक दिनकै सास्तीले म अनुभव गर्न सक्छु, सार्वजनिक यातायात चढ्ने यात्रुको पीडा। वास्तवमा अलिकति व्यवस्थित भैदिने हो भने निजी सवारीभन्दा सार्वजनिक यातायात निकै सुलभ र रमाइलो हुन्छ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

साउन २७ गते
विश्व युवा दिवस

साउन ३१ गते
नाग पञ्चमी

## मेष

नाम तथा दाम आर्जन गर्न सकिनेछ। अरूको आशा गरी बसे पछि परिनेछ। विशेष कार्ययोजनाको जग बसाउन सकिनेछ। महत्वपूर्ण निर्णय हतारमा नगर्नुहोला। दृढताका साथ गरिएका सबै कार्यमा सफलता पाइनेछ। जिद्दी गर्ने स्वभावले समस्या सिर्जना गर्न सक्छ।

## वृष

जटिल परिस्थितिका बीच प्रारम्भ गरिएको कामले उचित स्थान पाउनेछ। मन पराउने प्रेमी-प्रेमिका दोधारमा छन्। कम बोले राम्रो परिणाम हात लाग्नेछ। पदोन्नतिको अवसरलाई चुनौतीका रूपमा आत्मसात् गर्नाले नयाँ उचाइमा पुगिनेछ। खरानी रंगको पहिरनले आशीर्वाद बर्साउनेछ।

## मिथुन

आलस्यता उत्पन्न भै दैनिक कार्य ओझेलमा पर्न सक्छ। साथीहरूले समस्याको गाँठो फुकाउन सहयोग गर्नेछन्। खानपान तथा मनोरञ्जनमा संयमित रहनु नै बेश हुन्छ। प्रेमी-प्रेमिकासँग अविस्मरणीय क्षण बिताउन पाइनेछ। साताको अन्त्यतिर खर्च वृद्धि भै सापटीको चपेटामा पर्न सकिन्छ।

## कर्कट

उपहारका साथ भेट्न आउनेहरूसँग सचेत रहनुहोला। बेरोजगार युवा-युवतीहरूलाई रोजगारी प्राप्त हुने सम्भावना छ। परिस्थिति पहिचान गरी गरिएको कार्यले उचित स्थान पाउनेछ। साथीहरूमा विश्वास गर्दा आर्थिक संकट बेहोर्नुपर्ला। आर्थिक कारोबारबाट टाढै रहनु उचित हुन्छ।

## सिंह

खर्च भए पनि लामो तथा छोटो दूरीको यात्रा हुने सम्भावना छ। टाढा भएका साथिभाइसँग सम्बन्ध बढ्नेछ। रातो रंगको प्रयोगले सकारात्मक परिणाम दिलाउनेछ। विशिष्ट व्यक्तिहरूसँग परिचित हुने अवसर जुर्नेछ। साताको अन्त्यमा शरीरमा असहजता महसुस हुन सक्छ।

## कन्या

अधुरा चाहना पूरा गर्ने समय आएको छ। आर्थिक क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ। रोकिएका कामको गाँठो फुक्ने सम्भावना छ। कुनै पनि कार्य सम्पन्न गर्न ढिलाइ नगर्नुहोला। साताको अन्त्यमा प्रेमी-प्रेमिकाले नयाँ प्रस्ताव राख्ने सम्भावना छ। सवारी साधन चलाउँदा संयम अपनाउनुहोला।

## तुला

शुभचिन्तकहरूले विभिन्न जिम्मेवारी दिलाउनेछन्। अवरोध खडा गर्नेहरू सक्रिय भए पनि हिम्मतका साथ काममा जुट्नुहोला। प्रतिस्पर्धीहरूलाई उछिन्दै विशेष उपलब्धि हात पार्ने समय छ। अभिभावकहरूसँग वैचारिक द्वन्द्व हुनेछ भने सप्ताहन्तमा लक्ष्य प्राप्त गर्न सकिनेछ।

## वृश्चिक

पराक्रम बढ्नुका साथै काममा अपेक्षा गरेजस्तै सफलता हात पर्नेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। गुरुजनको प्रेरणाले मन दह्रो रहनुका साथै अध्ययनमा हौसला मिल्नेछ। सेवामूलक काम गरेर धन कमाउन सकिनेछ। प्रतिस्पर्धीहरूलाई उछिन्दै विशेष अवसरसमेत हात पार्न सकिएला।

## धनु

अरूको मुख ताक्नाले पछि परिएला। नगद कारोवारमा सावधानी अपनाउनु पर्नेछ। मित्रवर्गले दिएको वचनअनुरूप समयमै आर्थिक सहयोग नगर्दा आर्थिक संकट बेहोर्नुपर्ला। परिस्थिति पहिचान गर्न सके प्रतिष्ठा वृद्धि हुनेछ। परोपकार तथा पुण्य आर्जनको काममा संलग्न भइनेछ।

## मकर

कार्य सम्पादन गर्दा विशेष होसियारी अपनाउनुहोला। कार्यक्षमतामा स-साना त्रुटिले मर्यादामा चोट पुऱ्याउन सक्छन्। खर्चिलो यात्राले मनमा दुविधा उत्पन्न गराउला। विशेष प्रकारका व्यक्तिहरूसँग परिचित हुने अवसर जुट्नेछ। सेतो रंग प्रयोग गरे मेहनत खेर जानेछैन।

## कुम्भ

अनावश्यक विवादबाट टाढै रहनुहोला। आइतबारदेखि विभिन्न अवसरले पछ्याउनुका साथै स्थिति उत्साहपूर्ण रहनेछ। महत्वाकांक्षाले जोखिम निम्त्याउनेछ भने सद्व्यवहारले प्रतिष्ठा दिलाउनेछ। अरूको भर पर्दा गोप्य सूचना बाहिरिन सक्छ। कुरा लगाउनेहरूले सताउनेछन्।

## मीन

कुरा काट्नेहरूले तपाईंका कमजोरी पहिल्याउँदै षड्यन्त्रको घेरामा पार्ने प्रयास गरिरहेका छन्, स्वाभिमानले नै उनीहरूलाई परास्त गर्न सकिनेछ। सुधारोन्मुख मित्रतामा पुनः तुषारोपात लाग्न सक्छ। हेक्का राखी विचार आदान-प्रदान गर्नुहोला। साथीहरूसँग मनोरञ्जन गर्दा खर्च आफैंले बेहोर्नुपर्ला।

**अब हाम्रो पालो**

# नेपालमा नेता बढी भ्रष्टाचारी छन् कि कर्मचारी ?

कर्मचारी, नेतालाई सिकाउने पनि कर्मचारी नै हुन्। भ्रष्टाचार नगर्नेहरूले अन्यथा नलिनुहोला।

**अर्जुन कुमार**

ममी, ममी ? हात्ती बलियो कि हात्तीछाप चप्पल बलियो ? उस्तै-उस्तै हो नानु भन्ने विज्ञापन सुनिन्थ्यो पहिले-पहिले, त्यस्तै हो। दुवै कम छैनन्।

**लाटो केटो**

कोही कम छैनन्। नेताले करोडौं, अर्बौं भ्रष्टाचार गर्छन् भने कर्मचारीले १०-२० रुपैयाँदेखि लाखसम्म भ्रष्टाचार गर्छन्। फरक यति नै हो।

**न्यौपाने शिव**

नेताहरूले राजनैतिक शक्तिको दुरुपयोग गरेको पाइन्छ। उनीहरूका नातेदारमा पनि त्यस्तो समस्या हुन्छ।

**कृष्णबहादुर**

प्रथमतः हामी नेपाली जनता नै त्यस्तै छौं। यी सबै गन्जागोल हाम्रा कमजोरीकै कारण उत्पन्न भएका हुन्। बाँकी तपाईं आफैं विश्लेषण गर्नुहोला।

**राज गोर्खाली**



कर्मचारी पनि नेतै हुन् अनि नेता पनि प्रभुको आदेश पालना गर्ने कर्मचारी त हुन्। त्यसैले कोहीभन्दा कोही कम छैनन्।

**हडकड नेपाली**

नेताभन्दा कर्मचारीले बढी घूस खान्छन्। किनभने सबै सरकारी कार्यालयमा बढी कर्मचारी हुन्छन्। यद्यपि त्यसको केही भाग त नेताहरूलाई पनि जान्छ। कुरो बुझ्नुभो ?

**डल्ली कान्छी**

नेता भन्छन्, कर्मचारी। कर्मचारी भन्छन्, नेता। अब यी दुवै मिलेर देशको कुन गति बनाउने हुन्, छिट्टै थाहा पाउनेछौं हामीले।

**नन्द राई**

यहाँ त घर-घरमा भ्रष्टाचार छ। दूधको प्याकेटको मूल्य ३५ छ भने घरमा छोराछोरीले ४० रुपैयाँ माग्छन्। अब भन्नुस् भ्रष्टाचारमा को कति अगाडि ? सवालै छैन। सब एकसे एक छन्।

**नवीन संकल्प**

दुवैमा यो प्रवृत्ति मौलाउँदो छ। नेताहरू सार्वजनिक हुने हुँदा उनीहरूको कुरा छिट्टै बाहिर आउँछ भने कर्मचारीतन्त्रमा संस्थागत रूपमा भित्रभित्रै कुटु-कुटु काटिरहने मुसाको जस्तो रूप छ।

**ढकराज देवकोटा**

कर्मचारी र नेता दुवै भ्रष्टाचारी हुन्। नेताहरूको तुलनामा कर्मचारीहरू बढी नै भ्रष्टाचारी हुन्छन्।

**मगर समीर**

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।
१. एयरपोर्ट आउँदाको नमिठो अनुभव के छ ?

दुवै उस्तै हुन्।

**शोभन योगी**

मेरो अनुमानमा नेपालमा मिडियाका मानिसहरू बढी भ्रष्टाचारी छन् अनि नेपाली जनता छन्।

**विश्वास राई**

दुवै, भ्रष्टाचारको मात्राचाहिँ फरक हुन सक्छ।

**जगदीश सिंह ऐयर**

हैट्, हँसाउनुहुन्छ। दुवै नि।

**सूदन**

दुवै कोभन्दा को कमको अवस्थामा छन्।

**शान्ति शर्मा**

कर्मचारी बढी होलान्।

**रमन लामा**

न कर्मचारी इमानदार छन्, न नेता।

**सुरज राना**

भनिराख्नुपर्ने कुरै होइन। भ्रष्ट कर्मचारीले गर्दा आज यो हालत भएको हो।

**सागर नेपाली धिताल**

कर्मचारी।

**मेरी लिम्बू**

सबै एउटै ड्याङका मुला हुन्। कोभन्दा को कम छन् र ? एउटालाई मात्र दोष दिन मिल्दैन।

**साजल रोक्का**

संख्यामा कर्मचारी, प्रतिशतमा नेता। यद्यपि नेताहरूमा अरू सयौं अवगुण हुन्छन्।

**दिव्य दृष्टि**

नेताको छाता ओढेर कर्मचारी नि।

**कृष्ण सुधा ढकाल**

दुवैमा भ्रष्टाचार छ।

**शिवबहादुर थामी**

उस्तै-उस्तै हुन्।

**कमल लामा**

कर्मचारी हजारमा नेता करोडमा।

**दिलेन्द्रनाथ श्रेष्ठ**

निजामती कर्मचारी।

**अनिल कुमाल**

नेतालाई सिकाउने कर्मचारी हुन्।

**पौडेल बाबु**

कर्मचारीतन्त्रमा बढी भ्रष्टाचार छ।

**वसन्त बोटे**

**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।



* * * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

म ३० वर्षीय विवाहित पुरुष हुँ । राम्री केटी देख्ने अनि छुनेबित्तिकै मेरो लिंग कडा नभई आफै लिंगबाट पानी निस्कन्छ । यौनसम्पर्क गरौं भने कडा हुँदैन । त्यसैले म तनावमा छु । त्यसरी पानी निस्कँदा कमजोर भएको अनुभव हुन्छ । आफ्नी श्रीमतीसँग यौन सम्पर्क गर्छु भन्दा पनि हुँदैन । श्रीमतीलाई मेरो कारणले सन्तुष्टि नहुने हो कि भन्ने चिन्ता लाग्छ । उनीसँग सोध्दा ठिक छ त भन्छिन् । यद्यपि यसबाट मलाई पनि सन्तुष्टि हुँदैन अनि मलाई एउटा छोरा पनि चाहिन्छ । औषधी खाँदा फेरि बच्चा नहुने हो कि ? के गर्दा ठिक होला बताइदिए मेरो जिन्दगीमा खुसी आउने थियो ।



-गो.

यौन उत्तेजनालाई निरन्तरता दिइएको स्थितिमा चरमसुख प्राप्त हुने हाराहारीमा मूत्रद्वारबाट एक प्रकारको सेतो तरल पदार्थ निस्कन्छ जसलाई वीर्य भनिन्छ । एकपल्ट वीर्यस्खलन हुँदा यस्तै ३ देखि ५ मिलिलिटर (१ चियाचम्चा जति) वीर्य निस्कन्छ । यही वीर्यमै शुक्रकीट हुन्छन् । तपाईंलाई थाहा होला, मूत्रथैलीको मुनि दुईतिर वीर्य थैली हुन्छन्, त्यहींको रस नै वीर्यको मुख्य अंश (४६ देखि ८० प्रतिशत) हो भने त्यसमा पौरुष ग्रन्थिको रस पनि पर्याप्त मात्रामा (१३ देखि ३३ प्रतिशत) हुन्छ । अण्डकोष तथा ईपिडिडाईमिस (अण्डकोषसँगै जोडिएको एक भाग) बाट आउने रसको मात्रा यस्तै ५ प्रतिशत हुन्छ भने मुत्रनलीका अन्य ग्रन्थिबाट आउने रसको मात्रा त्यसभन्दा पनि कम । वीर्यको रंग सामान्यतः सेतो हुने भए पनि हल्का पहेंलो वा खरानी रंगको समेत हुन सक्छ । यो क्रिमजस्तै र केही च्यापच्यापे प्रकृतिको हुन्छ ।

### थाहै नपाई वीर्य स्खलन ?

सामान्यतः आफूलाई थाहै नभै वीर्य स्खलन हुँदैन । वीर्य स्खलन हुने प्रमुख स्थिति यौन उत्तेजना नै हो, तर केही परिस्थितिमा जस्तै कि निदाएको बेला थाहै नपाई वीर्य स्खलन हुन सक्छ । त्यसबाहेक पनि केही औषधीका कारणले वीर्य चुहिन सक्छ, पौरुष ग्रन्थिमा कुनै समस्या छ भने त्यस्तो स्थिति उत्पन्न हुन सक्छ । वीर्य स्खलन संचालनमा मुख्य भूमिका खेल्ने स्नायुमा चोटपटक लागेको छ भने पनि त्यस्तो स्थिति सृजना हुन सक्छ । माथिका यी स्थितिहरूका साथ अन्य लक्षण पनि देखिएको हुनुपर्छ, तर तपाईंले तिनका बारेमा खासै केही जानकारी दिनुभएको छैन ।

**यौन उत्तेजना** : लिंगबाट वीर्य निस्कनुको एउटा प्रमुख कारण यौन उत्तेजना हो । चरमसुखको स्थितिमा नपुगे पनि किशोर तथा नवयुवामा यौन उत्तेजना भए वीर्य लिंगबाट चुहिन सक्छ । तपाईंलाई थाहै होला, यौन उत्तेजना सफा किसिमको थोरै रस अर्थात् pre-ejaculatory fluid लिंगबाट निस्कन्छ, तर यो वीर्य भन्दा फरक हुन्छ । यसका लागि खासै उपचारको आवश्यकता पर्दैन । यसबाहेक तपाईंको संकेत शीघ्र स्खलनतर्फ हो भने पक्कै पनि पहिलेका अङ्कहरूमा यस विषयमा पढिसक्नु नै भयो होला ।

**निदाएका बेला वीर्य स्खलन** : यो पनि स्वाभाविक प्रक्रिया नै हो त्यसैले यसका लागि पनि उपचारको आवश्यकता पर्दैन । उमेर बढ्दै गएपछि अनि नियमित यौनसम्पर्क गर्ने स्थिति भए यो आफै कम भएर जान्छ ।

**औषधीको असरले वीर्य स्खलन** : केही औषधी जस्तै : उदासीपनको उपचारमा प्रयोग हुने औषधी, मनोदशालाई स्थिर बनाउने औषधी तथा केही हार्मोनयुक्त औषधीको असरले पनि वीर्य चुहिन सक्छ । तपाईंले कुनै औषधी प्रयोग गर्नुभएको छ भने यस्ता असरलाई लिएर चनाखो हुनुपर्छ र आवश्यक परे वैकल्पिक औषधी सेवन गर्नुपर्ने हुन सक्छ ।

**पौरुष ग्रन्थीको समस्या** : पौरुष ग्रन्थीको संक्रमण वा शोथ वा स्नायुमा चोट पुग्न गएको स्थितिमा यस्तो समस्या देखा पर्न सक्छ । पौरुष ग्रन्थिमा समस्या हुँदा पिसाब फेर्न गाह्रो हुने, कटी प्रदेश दुख्ने, वीर्य स्खलनमा परिवर्तन आउने वा रगत देखिने हुनसक्छ । तपाईंले यस विषयमा पनि ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

**स्नायुमा चोटपटक** : वीर्य निस्कासन मस्तिष्क, मेरुदण्ड तथा अन्य स्नायुको जटिल अन्तरक्रियाका नतिजाको रूपमा हुन्छ । पाको उमेरका व्यक्तिमा दीर्घरोगले पनि स्नायुमा असर पारेर यस्तो स्थिति ल्याउन सक्छ । युवाहरूमा प्रत्यक्ष चोटपटक त लागेको होइन, विचार गर्नुपर्छ ।

त्यसैगरी पिसाब फेरिसकेपछि पनि केही मात्रामा वीर्य चुहिन सक्छ । यो वास्तवमा खासै चिन्ताको विषय होइन, तर प्रजनन अंगको संक्रमण वा कुनै यौनरोग भएको शंका छ भने चिकित्सकको सल्लाह लिनु बेस हुन्छ । चिकित्सकमध्ये पनि विशेष गरी मूत्ररोग विशेषज्ञसंग सल्लाह लिनु उपयुक्त हुन्छ । औषधी सेवन गरेकै कारणले सन्तान नहुने भन्ने कुरा मनासिब छैन ।

### छोरा सन्तान चाहिएको कुरा


सामान्यतः सन्तान कि त छोरा जन्मिन्छ वा छोरी । देशअनुसार फरक हुने भए पनि यस्तै १ सय ६ छोरी जन्मँदा १ सय जना छोरा जन्मन्छन् । मानवमा वंशाणुगत गुणलाई एक पुस्ताबाट अर्को पुस्तामा सार्न २३ जोडी (४६ वटा) क्रोमोजोम हुन्छन् । कुनै पनि सन्तानले २३ वटा क्रोमोजोम आमाबाट र अर्को २३ वटा क्रोमोजोम पिताबाट प्राप्त गर्छ । यसमध्ये २२ जोडी क्रोमोजोमले शरीरका अन्य गुणहरू निर्धारण गर्छन् भने २३ औं जोडीले सन्तानको लिंग । त्यसैले यसलाई सेक्स क्रोमोजोम भनिन्छ । यसरी जीव वैज्ञानिक प्रक्रियालाई हेर्ने हो भने सन्तान छोरा वा छोरी के हुन्छ भन्ने कुरा हाम्रो वंशाणुमा हुने X वा Y chromosome मा भर पर्छ । महिलामा XX chromosome मात्र हुन्छन् भने पुरुषमा XY chromosome हुन्छन् । गर्भधारणका क्रममा आमाबाट आएको X chromosome र पिताबाट आएका Y chromosomeको मिलन भए छोरा हुन्छ भने आमाबाट आएको X chromosome र पिताबाट आएको X chromosome को मिलन भए छोरी हुन्छ । सामान्य परिस्थितिमा जन्मने सन्तान छोरा हुन्छ कि छोरी भन्न सकिने स्थिति हुँदैन ।

छोरीको तुलनामा छोरालाई बढी महत्व दिने हाम्रो सामाजिक मूल्य-मान्यताका कारण हामीमा छोरा चाहिने सोच आएको हो, तर कुनै पनि समाज राम्रोसँग चल्न पुरुष तथा महिला दुवै चाहिन्छ । छोराले वंशको निरन्तरता दिने मान्यता भए पनि वैज्ञानिक रूपमा छोरा हुनु कि छोरी तपाईंको वंशाणु सन्तान दर सन्तान सार्ने काम दुवै अर्थात् छोरा तथा छोरीले नै गर्छन् ।

**सूचना**

तपाईंहरुको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

## डा. सुमनको सल्लाह



डा. सुमनराज ताम्राकार

# व्रत र यौन



मैथुन र सम्भोगबीच तात्विक भिन्नता छ । सम्भोग कार्य हेराईबाट सुरुवात भै यौनजन्य वार्तालाप, संवेदनशील अंगको स्पर्श हुँदै अन्त्यमा सम्भोगमा विसर्जन हुन्छ । सम्भोगबाट सही अर्थमा सुख प्राप्त हुन्छ । यस दौरान चुम्बन, वैकल्पिक यौन कार्य (मुख मैथुन, गुद्द्वार मैथुन) भए पनि सम्भोगबाट दुवै जनालाई असीम यौन आनन्द प्राप्त हुन्छ । जबकि हतारमा अर्थात् एक जनाले हृदयदेखि नचाहेको अवस्थामा वा दुवै जना मानसिक रूपले तयार नभएको अवस्थामा स्थापित सम्बन्ध केवल भौतिक सुख, केवल एक जना मात्र तृप्त हुने कार्य हो ।

योनि-लिंग मिलन अन्तिम गन्तव्य भए पनि सम्भोग अघि यौनालापका दौरान आपसी छेडखानी, चिमोट्ने कार्य तथा आसन परिवर्तनले यसलाई बढावा दिन्छ । मैथुनमा प्रेम, आकर्षण नहुन पनि सक्छ, आवश्यकता नहुन पनि सक्छ । मैथुन एकपक्षीय कार्य हो । मैथुनमा स्खलन अन्तिम बिन्दु हुन्छ ।

सम्भोगमा महिलाको इच्छाको पनि उचित कदर गरिने हुनाले वास्तवमै सफल सम्भोगपछि भविष्यमा यौन सम्बन्ध राख्न महिलाहरू समेत उत्साहित हुन्छन् । मानसिक समस्या उत्पन्न हुने सम्भावना हुँदैन । व्यवसायिक यौनकर्मीसँग विविध कारणले मैथुन गरिन्छ भने वैवाहिक स्थितिमा भने सम्भोगमा बढी जोड दिइन्छ ।

यौन सम्पर्कका बेला यौन उत्तेजना आउने, स्खलित हुने र चरम सन्तुष्टि प्राप्त गर्ने कार्यमा महिला र पुरुषबीच भिन्नता हुन सक्छ । अतः दुवैको समझदारीमा सम्भोग गर्नुको मज्जा बेग्लै हुन्छ । महिनावारीको मध्यतिर अर्थात् डिम्ब निष्कासन हुने समयताका महिलाहरू यौनसम्पर्कप्रति बढी आकर्षित हुन्छन् । यो तथ्य बुझेर अघि बढेको खण्डमा महिलाले चरम सन्तुष्टि प्राप्त गर्न सक्छन् । सम्भोगमा पुरुष-महिलाले बराबर भोग र आनन्द प्राप्त गर्छन् । यसका लागि महिलासँग कुन आसन वा के गर्दा बढी सन्तुष्टि प्राप्त हुन्छ सोध्नुपर्छ ।

प्रायः महिलाले यौन सम्पर्कलगत्तै पुरुषबाट आत्मीयता खोजे पनि पुरुषचाहिँ अर्कातिर फर्केर सुत्छन् तथा महिलाले चरम सन्तुष्टि प्राप्त गरे-नगरेको कुरा सोध्दैनन् । सम्भोगमा यस्तो मान्यता स्वीकार्य हुँदैन । पुरुष र महिला दुवै शारीरिक एवं भावनात्मक रूपमा एकाकार वा सानिध्य भए पनि मैथुन शब्दले शारीरिक पक्ष र सम्भोगले संवेगात्मक पक्षलाई महत्व दिएको हुन्छ । मैथुन शारीरिक कार्य मात्र हो । त्यो सन्तान उत्पादनका लागि पर्याप्त भए पनि सम्भोगमा दुवै जनाले चरम सुख प्राप्त गर्न दुवै जनाले मानसिक रूपमै सहभागिता जनाउनुपर्छ ।

### व्रतका बेलामा यौनसम्पर्क राख्न हुन्छ कि हुँदैन ?

नेपाली हिन्दू समाजमा विशेषतः महिलाहरू साउन लाग्ने बित्तिकै तथा अन्य महिनाका पर्व वा दिन विशेषमा व्रत वा उपवास बस्छन् । लामो समयको व्रतका बेला कतिपय यौन जोडीले यौन सम्पर्कको अनुभव लिन चाहेका हुन्छन् । व्रतका समयमा महिलाहरू धार्मिक एवं मानसिक तवरमा यौन सम्बन्ध राख्न तयार नहुने हुनाले यौन सम्पर्क नराख्नु नै उपयुक्त मानिन्छ । यौन सम्पर्कका बेला थोरै भए पनि इनर्जी (शक्ति) क्षय हुने हुनाले केही पनि नखाई बस्ने व्रत (जस्तै तीज) का बेला कमजोर महसुस गर्न सक्छन् ।

सफल यौन कार्यमा महिलाको इच्छाको कदर गर्नुपर्ने र व्रतसँग सामाजिक सीमा, मर्यादा एवं नैतिक मूल्य-मान्यतासमेत गाँसिने भएकाले यतिबेला यौन आनन्द भन्दा यौन सम्बन्ध पछि आत्मग्लानि वा पश्चातापको अनुभूति हुन बेर लाग्दैन । धर्मशास्त्र तथा पर्व विशेषको महत्वका कारण पनि विशेषतः पुरुषले आफ्नो मात्र स्वार्थ सिद्ध गर्नतर्फ लाग्नु हुँदैन । वैज्ञानिक हिसाबले व्रतका बेला यौनसम्पर्क राख्न नहुने कुनै कारण छैन, तर केही दिनको विश्रामपछिको यौनसम्बन्ध अझ सन्तुष्टियुक्त हुने र त्यतिबेला व्रत लिइसकेकी महिला पनि मानसिक रूपमा तयार हुने हुँदा व्रतका बेला यौन सम्पर्क नराख्नु नै बुद्धिमानी हुन्छ ।

# क्रिकेटमा नेपालको सम्भावना खुल्दै




नेपाली खेलकुदले वर्षौंदेखि देखेको सपना अन्ततः पूरा भएको छ र त्यो हो, अन्तर्राष्ट्रिय एकदिवसीय क्रिकेट खेल्ने । औपचारिक रूपमा एकदिवसीय टिमको मान्यता प्राप्त भएपछि नेपालले पहिलो पटक गत साता नेदरल्यान्ड्सको भ्रमणसमेत सम्पन्न गरेको छ । त्यस क्रममा दुई खेल भए, नतिजा सबैका अगाडि छ । पहिलो खेलमा नेपाल पराजित भयो भने दोस्रोमा विजयी । यस्तोमा दुई खेलको शृङ्खला १-१ को बराबरीमा टुंगियो । धेरै नेपाली क्रिकेटप्रेमीले दोस्रो खेललाई लामो समयसम्म सम्झने छन् ।

पहिलो खेलमा पनि नेपाल जितको सँघारमा रहेर हार सामना गर्न बाध्य भएको थियो, तर दोस्रो खेलमा भने नेपाल हारको सँघारमा पुगेर जित निकाल्न सफल भयो । एम्स्टर्डममा भएको दोस्रो खेलको अन्तिम बलमा नेदरल्यान्ड्सलाई जितका लागि दुई रन चाहिएकोमा नेपाल त्यसलाई रोक्न सफल भएको थियो । नेपाली क्रिकेट इतिहासकै सर्वाधिक सम्झना गरिने उक्त खेलको अन्तिम ओभरको जिम्मेवारी कप्तान पारस खड्का स्वयंले उठाएका थिए र उनी त्यसमा खरो उत्रिए ।

पछिल्लो समय नेपाली क्रिकेट टिमले यसरी नै अन्तिम ओभरमा जित निकालिरहेको छ । यस्तोमा प्रशंसकहरूले ख्यालख्यालमै सही, प्रश्न पनि गर्न थालेका छन्, आखिर नेपालले जितका लागि किन यति संघर्ष गर्छ र समर्थकलाई किन यति धेरै रोमाञ्चित हुन बाध्य तुल्याउँछ ? खासमा क्रिकेटको मज्जा पनि यही हो ।

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) को नियमअनुसार अबको चार वर्षसम्म नेपालसँग एकदिवसीय टिमको मान्यता हुनेछ । आईसीसीले एकदिवसीय टिमको वरियतामा नेपाली टिमलाई प्रवेश पनि गराइसकेको छ । त्यसैले अब योजनाअनुसार अघि बढ्ने हो भने नेपालले आफ्नो घरेलु मैदानमा खेल्नेछ र सम्भवतः त्यसमा नेदरल्यान्ड्स नै प्रतिद्वन्द्वी हुनेछ । जति बेला एम्स्टर्डममा खेल भैरहेको थियो, सबैले याद गरेको हुनुपर्छ, दर्शकको संख्या निकै कम थियो ।

जति थिए, ती पनि त्यहाँ रहेका नेपालीहरू नै थिए । यही खेल नेपालमा भएको भए, दर्शकको कुनै कमी हुने थिएन । अन्तर्राष्ट्रिय स्तरको एक मात्र खेल मैदान त्रिभुवन विश्वविद्यालयको मैदानमा दर्शकको अपार भिड लाग्ने थियो र दर्शकले खेल हेर्न मरिहत्ते गर्ने थिए । नेपाली क्रिकेटको सबैभन्दा ठूलो विशेषता नै यही हो र यसैले विदेशी टिमलाई समेत लोभ्याउन गरेको छ । भारत, इंग्ल्यान्ड तथा अस्ट्रेलिया जस्ता केही देशलाई छाडेर टेस्ट मान्यता प्राप्त देशमा पनि नेपालको जति दर्शक हुँदैनन् ।

वास्तवमै शृङ्खला कस्तो रह्यो त ? यसको सटिक विश्लेषण अरू कोही होइन, प्रशिक्षक जगत टमाटाले गरेका छन् । उनको विश्लेषण छ, 'नेपाली खेलाडीले क्षेत्ररक्षण र बलिङमा राम्रो प्रदर्शन गरेका छन् । ब्याटिङमा पनि केही सुधार आएको छ । यस्तै शृङ्खला खेल्न पाउने हो भने नेपाली क्रिकेटको स्तर अझ बढ्नेछ । हामीले अझ धेरै मौका पाउने हो भने विश्व क्रिकेटका ठूला टिमविरुद्ध पनि उत्तिकै राम्रो खेल्न सक्छौं भन्ने कुरा यो शृङ्खलाले प्रमाणित गरेको छ ।

पारसले पनि यस्तै-यस्तै प्रतिक्रिया दिएका छन् । उनको भनाइ थियो, 'हाम्रा लागि युरोपको भ्रमण फलदायी रह्यो । हामीले त्यहाँ उत्कृष्ट क्रिकेट खेल्ने प्रयास गर्‍यौं । पहिलो खेलमा हामीले राम्रो सुरुवात त लियौं, तर हाम्रो मध्यक्रमको ब्याटिङ चल्न सकेन, त्यसैले पराजित भयौं । हामीले राम्रो खेलेर पनि पहिलो खेल गुमायौं । दोस्रो खेलमा भने हामीले ऐतिहासिक सफलता आत्मसात् गर्‍यौं ।' नेदरल्यान्ड्स जानुअघि नेपालले इंग्ल्यान्डमा केही अभ्यास खेल खेलेको थियो, सँगै लर्डसमा दुईवटा ट्वान्टी-२० खेल पनि ।

नेदरल्यान्ड्सबाट फर्किएपछि नेपाली क्रिकेट टिमले काठमाडौंमा फेरि एकपटक उस्तै ठूलो स्वागत पाएको छ । त्यसक्रममा कप्तान पारसले भने– यो शृङ्खलासँगै नेपाली क्रिकेटका लागि सम्भावनाका थुप्रै ढोका खुलेका छन् । अबको काम त्यही सम्भावनाबाट फाइदा उठाउनु हो । नेपालले अबको चार वर्षमा राम्रो गर्न सकेन भने एकदिवसीय क्रिकेटको मान्यता खोसिन सक्छ र त्यस्तो भएको उदाहरण प्रशस्तै छन् ।

अहिले तत्काल भने नेपाली क्रिकेटको नजर एसिया कप छनौटतर्फ मोडिएको छ र नेपालको एक मात्र लक्ष्य हुनेछ, एसिया कपमा छनौट हुने । पारसकै भाषामा, 'एसिया कप हाम्रा लागि ठूलो अवसरका रूपमा अगाडि छ । हाम्रो योजना भनेको अब एसिया कपमा छनौट हुने हो र यसका लागि हामी योजना बुनिरहेका छौं ।' एसिया कप छनौट भदौ ११ देखि २२ गतेसम्म मलेसियामा हुँदैछ र त्यसमा सहभागी हुनेछन्, नेपालसँगै यूएई, हङकङ, सिंगापुर, मलेसिया तथा ओमान ।

प्रतियोगिताको विजताले मात्र एसिया कपमा प्रवेश पाउनेछ र त्यससँगै पाउनेछ, भारत, पाकिस्तान र श्रीलंका जस्ता टिमसँग खेल्ने अवसर । एसिया कप भदौ ३० देखि युएईमा हुँदैछ । यस्तोमा अब कल्पना गरौं न, नेपालले भारतविरुद्ध खेल्दा कस्तो हुँदो हो ? एकातर्फ पारस र अन्य खेलाडी हुनेछन् भने अर्कातर्फ विराट कोहली र भारतीय खेलाडी । पाकिस्तान र श्रीलंका मात्र होइन, बंगलादेश र अफगानिस्तान पनि एकदिवसीय क्रिकेटमा उत्तिकै बलिया छन् ।

नेपालले उनीहरूसँग पनि खेल्ने अवसर पाउने छ, तर त्यसका लागि सबैभन्दा पहिले छनौट चरणबाट गुज्रिनुपर्नेछ । एकदिवसीय टिमको मान्यता पाएपछि नेपाली क्रिकेटले देख्न सपना पनि ठूलो भएको छ । अब नेपालले देख्न थालेको छ, टेस्ट क्रिकेट खेल्ने सपना । प्रशिक्षक टमाटाले दाबी गरिसकेका छन्– अबको १० वर्षमा नेपालले टेस्ट क्रिकेट पनि खेल्नेछ र त्यसका लागि हामीले निकै मेहनत गर्नुपर्नेछ, जुन कठिन हुने निश्चित छ ।

**मैदान बाहिर**



## सफलतामा अंगालोमा रोए

जब गेरेन्ट थोमसले ८३ घण्टा १७ मिनेट १३ सेकेन्डमा साइकल रेस टुर डी फ्रान्स जिते, खुसीयालीमा श्रीमती साराह एलेनलाई अँगालोमा भरे । उनले भनेका छन्, 'यसभन्दा पहिले म अन्तिम पटक आफ्नो विवाहको खुसीमा रोएको थिएँ । आज फेरि रोएको छु । म यी दुई दिन कहिल्यै बिर्सनेछैन ।' वेल्सका गेरेन्ट थोमसका निकटतम प्रतिद्वन्द्वी नेदरल्यान्डका टम डुमोलिनभन्दा १ मिनेट ५१ सेकेन्डले पछाडि रहे । यो जितसँगै थोमस यो रेस जित्ने वेल्सका पहिलो तथा ब्रिटेनका तेस्रो साइक्लिस्ट भएका छन् ।

यस पटकको रेसमा २२ टिमले भाग लिएका थिए । प्रत्येक टिममा ८ जना साइक्लिस्ट हुन्छन् । २३ दिनको रेस अवधिमा २ दिन मात्र आराम गर्ने समय पाइन्छ ।

## जुनियर बेकह्यामको मस्ती

इंग्ल्यान्डका पूर्व फुटबल कप्तान डेभिड बेकह्याम तथा मोडल एवं गायिका भिक्टोरिया बेकह्यामका १९ वर्षीय छोरा ब्रुकलिनले विगत दुई वर्षको अवधिमा धेरैभन्दा धेरै युवतीसँग रोमान्स गरेको समाचार सार्वजनिक भएको छ । यद्यपि अमेरिकी संगीतकार, गायिका तथा डान्सर लेक्सी प्यान्टेराले भने आफैंले ब्रुकलिनसँगको सम्बन्ध समाप्त गरेको घोषणा गरेकी छिन् । दुवै जना फरक ठाउँमा रहने भएकाले पनि उनीहरूको सम्बन्ध समाप्त भएको लेक्सीका साथीहरूले बताउने गरेका छन् । २९ वर्षीया लेक्सी अमेरिकाको लस एन्जेलसमा बस्छिन् भने ब्रुकलिन न्युयोर्कमा अध्ययनरत छन् ।



ब्रुकलिन अहिले गायिका एबी माञ्जोनीसँग देखिन थालेका छन् । ब्रुकलिन पहिले सुपरमोडल लेक्सी वुडसँग देखिन्थे । अप्रिलको सुरुवातमा टाटु पार्लरमा ब्रुकलिन र लेक्सी वुडले चुम्बन गरेको तस्बिर चर्चामा आएको थियो । त्यसभन्दा पहिले ब्रुकलिनले हलिउड अभिनेत्री क्लोए मोरेत्जसँगको सम्बन्ध तोडेका थिए ।



## हट फोटोसुटमा केटलिन

बडी बिल्डर पति पीजे ब्राउनसँग सम्बन्ध-विच्छेद भएको एक वर्षपश्चात् रेसलर क्याटलिनले फेरि आफ्नो लयमा फर्कने जमर्को गरेकी छिन् । यसका लागि उनले नयाँ फोटोसुट गराउँदै आफ्ना हट तस्बिर सार्वजनिक गरेकी छिन् । क्याटलिन यही महिना हुने डब्लुडब्लुईको इभेन्ट मेय योङ क्लासिकमा सहभागी हुने भएकी छिन् ।

बितेको एक वर्ष क्याटलिनका लागि निकै दुखद रह्यो । पहिले उनको अन्तरङ तस्बिर तथा भिडियो लिक भएको थियो । श्रीमान्सँग सम्बन्ध विच्छेद भएपछि उनको जीवनले अर्कै मोड लियो । ३१ वर्षीया क्याटलिनको खास नाम सेलेस्ट बोनिन हो र उनी अमेरिकाको फ्लोरिडामा जन्मिएकी थिइन् । १९ वर्षको उमेरमा बडी बिल्डिङ प्रारम्भ गरेकी क्याटलिनले आर्नोल्ड क्लासिकमा राम्रो प्रदर्शन गरे पछि डब्लुडब्लुई तर्फ ध्यान मोडेकी थिइन् । सन् २०१४ मा उनी डब्लुडब्लुई छोडेर फिटनेस मोडलिङमा लागेकी थिइन् । अब ४ वर्षपश्चात् उनी फेरि डब्लुडब्लुईको रिङमा उत्रने प्रयास गर्दैछिन् ।

# पदकको सम्भावना भएका खेल

18th ASIAN GAMES
Jakarta Palembang 2018



### तेक्वान्दो
एसियाली खेलकुदमा नेपालका लागि सबैभन्दा समृद्ध इतिहास भएको खेल हो– तेक्वान्दो । नेपालले तेक्वान्दोमा जति पदक जितेको छ, त्यति अरू कुनै पनि खेलमा जित्न सकेको छैन । नेपालले अहिलेसम्म जितेको एक मात्र रजत पदक पनि तेक्वान्दोबाटै प्राप्त भएको हो । यो त भयो इतिहासको कुरा । इतिहासले वर्तमानलाई प्रेरणा दिने हो, बाँकी काम त वर्तमानमै देखाउनुपर्छ । खासमा नेपाली तेक्वान्दोको स्वर्णिम समय अब इतिहास भैसकेको छ । अहिले नेपाली तेक्वान्दो राम्रो प्रदर्शनका लागि संघर्षरत छ । एसियाली खेलकुदका पछिल्ला दुई संस्करणमा नेपालले तेक्वान्दोमा कुनै पदक जित्न सकेन । तय छ, नेपाली तेक्वान्दोले इन्डोनेसियामा पनि संघर्ष गर्नेछ, तर आशा के पनि छ भने यसपटक यो खेलबाट पदक आउने हो कि ? अहिले नेपाली तेक्वान्दो टोली दक्षिण कोरियामा छ र त्यहाँ प्रशिक्षण चलिरहेको छ । संयोगले नेपाली टिमका दुई प्रशिक्षक छन्, संगीना वैद्य र दीपक विष्ट । दीपक भन्छन्, 'यसपटक हाम्रो तयारी राम्रो छ । हामीले तयारीका लागि चाहिनेजति सबै गरेका छौं । यसपटक हाम्रो एक मात्र उद्देश्य यो खेलबाट नेपालका लागि पदक जित्ने हो । हामीलाई पूरा विश्वास छ, यसमा हामी सफल हुनेछौं ।'

### कराँते
पछिल्लो एसियाली खेलकुदमा नेपालले जितेको एक मात्र पदक कराँतेबाटै प्राप्त भएको थियो । त्यसैले पूरा सम्भावना छ, यसपटक पनि नेपालका लागि पदक भित्र्याउने खेल यही हुनेछ । इन्चेनमा नेपालका लागि विमला तामाङले कातामा कांस्य पदक जितेकी थिइन । यसपटक पनि पदक आशा गरिएको यही काताबाट हो । यसपटक पदकका सबैभन्दा ठूला प्रत्याशी छन्– पर्शुराम बास्तोला । उनी इन्चेनमा पदकको निकै नजिकसम्म पुगेका थिए । अहिले नेपाली कराँते टिम जापानमा छ र खेलाडीहरूलाई विश्वास छ, जापानको अनुभवले प्रतियोगितामा पदक जित्न मद्दत गर्नेछ । टिमले सुरुवाती तयारी भने पोखरामा गरेको थियो । नेपाली टिमका प्रशिक्षक दीपक श्रेष्ठ भन्छन्, 'हाम्रो सम्भावना जीवन्त छ, तर हामीले यसका लागि कडा मेहनत गर्नुपर्ने हुन्छ । जापानको तयारीले यसमा केही सहयोग पुगेको छ ।' श्रेष्ठलाई विश्वास छ– कराँतेमा यसपटक खालि हात फर्कनुपर्ने छैन ।

### जुडो
पछिल्लो समय जुडोका नेपाली खेलाडीले अन्तर्राष्ट्रिय प्रतियोगिताको राम्रो अनुभव बटुलिरहेका छन् । त्यही अनुभव इन्डोनेसियामा पनि काम लाग्नेछ । एउटा तथ्य के निश्चित छ भने नेपालका लागि एसियाली खेलकुदमा पदकको सम्भावना भएको अर्को खेल हो– जुडो । अहिले नेपाली जुडो टिम थाइल्यान्डमा छ । यसअघि टिमले जापानमा प्रशिक्षण लिएको थियो । अब बुढापेस्टमा थप अभ्यास हुनेछ । जुडोमा पदकको सबैभन्दा बढी सम्भावना बोकेकी खेलाडी हुन्– फुपुल्हामु खत्री ।

### बक्सिङ
नेपालका लागि इन्डोनेसियामा पदकको सम्भावना बोकेको अर्को खेल हो– बक्सिङ । तेक्वान्दोले जस्तै बक्सिङले पनि नेपाली खेलकुदमा आफ्नो स्वर्णिम समय बिताइसकेको छ र अहिले राम्रो प्रदर्शनका लागि संघर्षरत छ । आठ वर्षअघि ग्वान्जाउ एसियाली खेलकुदमा प्राप्त एक मात्र कांस्य बक्सिङबाटै प्राप्त भएको थियो तथा खेलाडी थिए– दीपक महर्जन । अहिले उनी नै प्रशिक्षक छन् र दुई महिनायता टिमले थाइल्यान्डमा विशेष प्रशिक्षण लिइरहेको छ ।

### प्याराग्लाइडिङ
साहसिक खेल प्याराग्लाइडिङलाई यसपटकको एसियाली खेलकुदमा नयाँ खेलका रूपमा समावेश गरिएको छ र यो नेपालले पदक जित्ने सबैभन्दा बढी सम्भावना भएको खेल हो । अहिले प्याराग्लाइडिङको नेपाली टिम पोखरामा प्रशिक्षणरत छ । नेपालले यो खेलका तीनवटा विधामा प्रतिस्पर्धा गर्नेछ– व्यक्तिगत एक्युरेसी, टिम एक्युरेसी तथा टिम क्रसकन्ट्रीमा । प्रि-वर्ल्डकपमा नेपालले राम्रो प्रदर्शन गरेको हुनाले नै यो खेलबाट पदकको आशा गरिएको हो ।

## पहिलो पटक समावेश खेल

यसपटकको एसियाली खेलकुदमा कुल ४० खेल समावेश छन् र त्यसमा ४ सय ६५ विधामा प्रतिस्पर्धा हुनेछ । यसपटकको एसियाली खेलकुदमा नयाँ १० खेल समावेश छन् । ती हुन्– पेन्केक सिलात, रोलर स्पोर्टस, बास्केटबल ३ गुणा ३, सम्बो, कुराँस, जिउ-जित्सु, ब्रिज, जेट स्की, रक क्लाम्बिङ तथा प्याराग्लाइडिङ ।

नेपालले पाराग्लाइडिङ, पेन्केक सिलात, स्पोर्टस क्लाइम्बिङ, कुराँस तथा स्केट बोर्डिङमा सहभागिता जनाउनेछ । आयोजकका रूपमा इन्डोनेसियासँग तीन खेल रोज्ने अवसर थियो, त्यस क्रममा उसले चयन गरेको एउटा खेल हो– पेनकेक सिलात । यो इन्डोनेसियाको परम्परागत मार्सल आर्ट्स हो ।

सुमात्राबाट सुरु भएको मानिएको यो खेल इन्डोनेसियामा मात्र नभएर मलेसिया, सिंगापुर, थाइल्यान्ड तथा भियतनाममा समेत लोकप्रिय छ ।



सम्बो पनि मार्सल आर्ट्सअन्तर्गत पर्ने खेल हो । तत्कालीन सोभियत संघमा विकास गरिएको यो खेलमा कुस्तीको प्रभाव बढी पाइन्छ । यो खेल मंगोलिया, उज्बेकिस्तान तथा अजरबैजान जस्ता देशमा लोकप्रिय छ । जिउ-जित्सु पनि मार्सल आर्ट्स नै हो र यसको सुरुवात जापानमा भएको हो ।

# एसियाली खेलकुद-२०१८ सहभागी हुने टिम नेपाल

**भारोतोलन**
कमलबहादुर अधिकारी, विकास थापा, तारा पुन तथा सञ्जु चौधरी ।

**बक्सिङ**
तेजबहादुर देउवा, प्रेम चौधरी, भूपेन्द्र थापा, दीपक श्रेष्ठ, विष्णुप्रसाद घले, विमल श्रेष्ठ, संगीता सुनुवार तथा पुनम रावल ।

**आर्चरी**
मीनप्रसाद गौचन, तिलक पुनमगर, रोशन नगरकोटी, असिम शेरचन तथा ज्ञानु अवाले ।

**सुटिङ**
कल्पना परियार, सुस्मिता नेपाल तथा सुरेश चौधरी ।

**एथलेटिक्स**
यामसाजन सुनुवार, गोपीचन्द्र पार्की, कृष्ण बस्नेत, सोमबहादुर कुमाल, सरस्वती भट्टराई तथा विश्वरूपा बुढा ।

**टेबल टेनिस**
स्यान्टु श्रेष्ठ, दीप साउन, अमरलाल मल्ल, नवीता श्रेष्ठ, रविना महर्जन तथा स्वेच्छा नेम्वाङ ।

**कराँते**
सोनाम लामा, विजय लामा, दिवश श्रेष्ठ, पर्शुराम बास्तोला, चन्चला दनुवार, अनु अधिकारी, सुनिता महर्जन तथा रिता कार्की ।

**ब्याडमिन्टन**
रत्नजित तामाङ, दीपेश धामी, नवीन श्रेष्ठ, विकास श्रेष्ठ, नङसलदेवी तामाङ, अमिता गिरी, जेसिका गुरुङ तथा रसिला महर्जन ।

**प्याराग्लाइडिङ**
विमला अधिकारी, विशाल थापा, सुशील गुरुङ, विजय गौतम, युकेश गुरुङ, पार्वती भुजेल, सबिता तामाङ तथा त्रिशा श्रेष्ठ ।

**कपर्दी**
लालमोहोर यादव, नागेश्वर थारु, महेश बोहोरा, विजय चन्द, रञ्जित गमजेर, दुर्गा कुमाल, भूपेन्द्र चन्द, अशोक थापा, सागर चौधरी, अमित कुँवर, महेश मण्डल तथा कुमार लामा ।

**साइक्लिङ**
लक्ष्मी मगर, राजेश मगर र बुद्धि तामाङ ।

**सेपाकटाक्रो**
रूपेश सुनार, रविन भट्टराई, गोविन्द मगर, दीपेशजंग थापा तथा संजित धिमाल ।

**क्लाइम्बिङ स्पोर्ट्स**
प्रनिलमान श्रेष्ठ तथा पेम्वा श्रेष्ठ ।

**पेनकेक सिलात**
विवेककुमार बिक

**भलिबल**
इमबहादुर मगर, हरिबहादुर अधिकारी, इश्वर थापा, दिनेशराज गिरी, राजु शेरचन, धनबहादुर भट्ट क्षेत्री, नरेन्द्र गिरी, मानबहादुर श्रेष्ठ, कुलबहादुर थापा, दीपकराज जोशी, भैरवबहादुर बम तथा विशालबहादुर विक ।

**ट्रायथलन**
वसन्त थारु, दीपेश चौधरी, सोनी गुरुङ तथा रोजा केसी ।

**कुस्ती**
भागवत शाह, सरोज यादव तथा सुरेश चुनारा ।

**फेन्सिङ**
राजनराज खड्का, महेशप्रसाद भट्ट, शेर सिंह ऐर, सञ्जीव लामा, कमल श्रेष्ठ, रविना थापा, अस्मिता बस्नेत तथा मीनादेवी ।

**जुडो**
इन्द्रबहादुर श्रेष्ठ, संजीत डंगोल, श्रीराम मकाजु, रविन श्रेष्ठ, देविका खडका, मनिता श्रेष्ठ प्रधान, फुपुल्हामु खत्री तथा पुनम श्रेष्ठ ।

**कुराँस**
उपेन्द्र थापा तथा भगवती माझी ।

**गल्फ**
टंकबहादुर कार्की, शुकबहादुर राई, अजित बिक तथा पृथ्वी मल्ल ।

**बास्केटबल**
अजय कुशवाह, निश्चल महर्जन, मविन्द्र भण्डारी, मनीष केसी, अनुषा मल्ल, एलिना गुरुङ, भावना लामा तथा श्रेया खड्का ।

**लन टेनिस**
अभिषेक वास्तोला, संरक्षकभूषण बज्राचार्य, मायंका राणा तथा माहिका राणा ।

**स्केटबोर्ड**
निरिश थापा ।

**फुटबल**
किरणकुमार लिम्बू, एलान न्यौपाने, सोजित गुरुङ, अनन्त तामाङ, आदित्य चौधरी, कमल श्रेष्ठ, सुमन अर्याल, दिनेश राजवंशी, रोहित चन्द, हेमन्त गुरुङ, हेमन्त थापामगर, गौरव बुढाथोकी, छिरिङ गुरुङ, अन्जन विष्ट, सुनिल बल, विशाल राई, सुमन लामा, अभिषेक रिजाल, तेज तामाङ तथा विमल घर्तीमगर ।

**तेक्वान्दो**
सागर गुभाजु, वीरबहादुर महरा, ज्ञानेन्द्र हमाल, भुपेन श्रेष्ठ, अनोज पुजारी, अस्मिता खड्का, निमा गुरुङ, ज्ञानी चुनारा, संगीता बस्याल, निशा रावल, कमल श्रेष्ठ, पार्वती गुरुङ, सिना मादेन तथा नीता गुरुङ ।

**पौडी**
शिरीष गुरुङ, सुगम श्रेष्ठ, गौरिका सिंह तथा तिसा शाक्य ।

**उसु**
विजय सिंजाली, युवराज थापा, पदम ठकुल्ला, मंगलप्रसाद थारु, वीरमान लामा, चित्रसिंह ठकुरी, सुस्मिता तामाङ, निमा घर्तीमगर, जुनी राई तथा लुमन्ती श्रेष्ठ ।

**स्क्वास**
अरहन्तकेशर सिंह, अमृत थापा मगर, ज्ञानु चौधरी तथा राजेन्द्र शाक्य ।

समय सन्दर्भ

# पैसा : दु:खको मुहान



अधिकारी रवीन्द्र

पैसा जीवन जिउने साध्य होइन, साधन मात्र हो तथापि सालनाल काट्नदेखि अर्थी उठाउनसम्म पैसाको आवश्यकता पर्छ। गरिबलाई पैसाको अभाव छ, धनीलाई पैसाले पुगेको छैन। ओछ्यानबाट उठेदेखि पुन: ओछ्यानमा आएर नढलुन्जेलसम्म पैसाकै लागि दौडन्छ मान्छे। परेली निदाए पनि पैसा कमाउने योजना बुन्छ मान्छे, तर जिन्दगीचाहिँ मनग्य पैसा भए पनि चल्छ र हुँदै नभए पनि चल्ने रहेछ।

पैसा देखेपछि जस्तै मै हुँ भन्नेको पनि मुखमा पानी आइहाल्छ। एक दिन त्यस्तै चमत्कारिक घटना घट्यो। शनिबारको दिन दिउँसो मध्यघाममा म र गौतम श्रेष्ठ दाइ उहाँको स्कुटरपछाडि बसेर एउटा भोजमा जाँदै थियौँ। लोकन्थलीको ओरालोमा एउटा यस्तो अजीवको नजारा देख्ने सुअवसर प्राप्त भयो कि त्यो कसैले कि त सपनामा देख्छन् कि त फिलिममा।

अगाडिबाट सरर्र पनौतीको मिनिबस जडीबुटीतर्फ हुँईकियो। त्यसको गतिले धूवाँ र धूलोको साथसाथमा हजारका थुप्रै नोट वायुमण्डलभरि उडायो। एकछिन विश्वासै लागेन। गाडी निकै पर पुग्यो। हामी अगाडि रहेका केही बाइक र स्कुटर धर्मरिँदै रोकिए। ती सबै आश्चर्य र संशयले भर्दै पालाकपुलुक एक अर्काको अनुहारमा हेर्न थाले। गौतम दाइले स्कुटर मन्द गतिमा अघि बढाउनुभयो। यसबीच मैले चारैतिर नजर दौडाएँ। क्यामेरा कतै छैन। विश्वस्त भएँ- फिलिमको सुटिङ होइन, प्याङ्क भिडियो पनि होइन र हाम्रो स्कुटर सबैभन्दा अगाडि गएर रोकियो। पिच सडकमा धुलो लागेका हात्तीछाप नोटहरू सर्वत्र छरिएको देख्दा लगभग पागलै भइने रहेछ, विशेष गरी त्यस्तो बेला जतिबेला त्यसको स्वामित्व कसैले जाहेर गरेको हुँदैन। गौतम दाइको कानमा मैले खासखुस गरेँ- 'नक्कली नोट ?' गौतम दाइले हकार्दै भन्नुभयो- 'हरे, के ट्वाँ परेर बसिरा' ? नक्कली न सक्कली जानुस् भन्या टिप्न छिटो।' त्यतिबेलासम्म पैसा टिप्ने सोच कसैको दिमागमा आइसकेको थिएन। सब अकमक्क। म स्कुटरबाट ओर्लिएर पैसाको बाक्लो थाक भएको ठाउँतिर तुफानी वेगमा हुर्रिएँ। सास नफेरी टिप्दा २० सेकेन्डमा मैले ६० हजारजति जम्मा गरेँ हुँला। त्यतिन्जेल पछाडि ट्राफिक जाम भैसकेको थियो र अगाडि घचेडाघचेड गर्दै मानिसहरूको भीड जम्मा भयो। सल्याङबल्याङ हातहरूले तानातान र खोसाखोस गर्दा कति नोट आँखै अगाडि च्यातिए। कोही घोप्टो परेर नालीमा परेको पैसा टिप्दै थिएँ। अब त्यहाँ पैसा टिपेर टिपिसाध्य थिएन। एउटा सेडानबाट ओर्लिएर चस्मा लगाएकी हेर्दै खान्दानी लाग्ने मोटी महिला अगाडिका मानिसहरू पेलपाल गर्दै पैसा टिप्न थालिन्। म वाल्ल परेँ। यसरी शान्त राजमार्ग पैसाको आगमनले १ मिनेटमै कुरुक्षेत्रमा परिणत भयो। म भीडबाट छलिँदै स्कुटरमा आएर बसेँ। हाम्रो स्कुटर अघि बढ्यो।

हाम्रो मन १ सय ८० डिग्रीमा घुमिसकेको थियो अर्थात् हामी अब विवाहमा जानेवाला थिएनौँ। त्यो छोटो अन्तरालमा मैले जे-जे सोच्न भ्याएँ, गौतम दाइले तत्तत् सोच्न भ्याइसक्नुभएछ। मुट्ठीभरी भएको नेपालकै सबैभन्दा ठूलो नोट काठमाडौंको बजारमा आधा दिन लगाएर सक्ने बिचार दुवैको मनमा आइसकेको थियो। त्यो रकमले जे-जे आउँछ त्यो सब किन्नँ चाहन्थ्यौँ हामी। आधा दिनकै लागि भए पनि हामी काठमाडौं सहरले त्यो पैसामा दिन सक्ने सम्पूर्ण मस्ती खरिद गर्न चाहन्थ्यौँ। अनपेक्षित धनलाभका कारण हाम्रो ओठ अनियन्त्रित हाँसो हाँसिरहेको थियो। पछाडि के भैरहेछ हामीलाई पर्वाह थिएन। फूलबुट्टे सोचले दिमाग त्यसै-त्यसै तरङ्गित थियो।

गौतम दाइले भन्नु भयो- 'कस्तो गर्मी, सीधै सातदोबाटो गएर पौडी खेल्ने है ? मैले थपे- 'अनि दरबारमार्ग गएर खाना खाने।' मनोहरा पुल नसकिँदै एउटा पल्सर हाम्रोअघि आएर तेर्सियो। अगाडि हट्टाकट्टा केटो, पछाडि ढाका टोपी लगाएका एक जना चाउरे बुढा थिए। केटोले भन्यो- 'हेर्नुस् दाइ, त्यो हाम्रो पैसा हो। बुवाको ब्यागको फस्नर खुस्केर बाटोभरि झरेको। दिइहाल्नुस् छिटो, अरूलाई पनि रोक्नु छ।' अब त्यहाँ पैसा फिर्ता दिनुको विकल्प थिएन। हिस्स बुढी हरिया दाँत भन्ने उखान सायद यस्तै बेलामा प्रयोग गर्न बनाइएको होला। ती हात्तीका बथान मैले गोजीमा कोच्न पनि भ्याइसकेको थिइनँ। ६० हजारको गह्रुङ्गो मुट्ठी उचालेर पैसा थमाउँदा मेरो अन्तरआत्माले 'उडायो सपना सबै हुरीले' भन्ने गीत गायो। पसिनाले निथ्रुक्कै भिजेको हातमा हजार-हजारको नोटको अपत्यारिलो गन्धमात्र बाँकी थियो। रिक्त मन लिएर अब हामी पुन: पेप्सिकोला पार्टी प्यालेसतर्फ जाँदै थियौं- दुई कान बाजा सुन्न र एक पेट भोक मार्न।

हावामा उडेर आयो, मोटरसाइकलमा गुडेर गयो। यसमा दु:ख मनाउ गर्नुपर्ने कुनै कारण थिएन, तैपनि किन मन यतिविघ्न दु:खी र असन्तुष्ट भयो ? हामी जुन उमङ्गका साथ विवाहमा सरिक हुन हिंडेका थियौं त्यो सबै पैसा सँगै उडेर गयो। किनभने पैसा नै सबै दु:खको मुहान हो। भ्रमात्मक सुखका लागि हामी पैसा कमाउन दगुर्छौं, तर वास्तवमा यसले दु:ख मात्र सिर्जना गरिरहेको हुन्छ। पैसाले बाहिरी सुख देला तर भित्री खुसी दिन सक्दैन, किनभने यसले मानिस किन्न सक्छ तर इमान खरिद गर्न सक्दैन।

facebook.com/AdhiQarie/
ravinems@iom.edu.np




# फेवातालमा १ करोडको झन्डा



पोखराको फेवाताल किनारामा १ सय मिटर अग्लो नेपालको राष्ट्रिय झण्डा राखिने भएको छ। गण्डकी प्रदेश सरकारले पोखरा नगरपालिकासँगको सहकार्यमा फेवातालको किनारमा नेपालको राष्ट्रिय झन्डासहित एक करोडको पार्क निर्माण गर्न लागेको हो। उक्त झन्डाको छायाँ फेवातालमा पर्दा माछापुच्छ्रे हिमालको शिरमाथि हुने गरी मिलाइनेछ। पोखरा आउने पर्यटकका लागि आकर्षक गन्तव्यका रूपमा झन्डा पार्क स्थापित हुने विश्वास यो योजनामा संलग्नहरूको छ।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल**।